# तालीम निर्देशिका

# भूमि, भू-क्षेत्र र स्रोतहरूमा आदिवासीको अधिकार



KIOS Foundation

IWGIA

LAHURNIP

# तालीम निर्देशिका

# भूमि, भू–क्षेत्र र स्रोतहरूमा आदिवासीको अधिकार


**तयारीकर्ता**

नन्द कन्दङ्वा

दिनेश घले

शंकर लिम्बू

भिम राई

टहल थामी

दुर्गामणि राई (याम्फू)



KIOS Foundation

IWGIA

LAHURNIP 1995

**प्रकाशकः**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अमनामनगर, काठमाडौ
**पो.ब.नंः** ११९७९
**फोनंः** +९७७ ०१ ५७०५५१०
**ईमेलः** lahurnip.nepal@gmail.com
**वेबसाइटः** www.lahurnip.org

**प्रकाशन मितिः** जेष्ठ, २०७८

सर्वाधिकार © लाहुर्निप, २०७८

ISBN: 978 -

**लेआउट**
पेजपरफेट
डिल्लीबजार, काठमाडौ
मो. ९८४१२५३२८९
इमेलः pagedigital.print@gmail.com

**तयारकर्ताः** नन्द कन्दङवा, दिनेश घले, शंकर लिम्बू, भिम राई, टहल थामी र दुर्गामणि राई (याम्फू)

**सम्पादक :** मनोज राई (आठपहरिया)

# प्रकाशनको बारेमा

आदिवासीले जल, जमिन, जंगलका साथै भू–सतह मुनि र माथिका साथै पर्यावरण समेतलाई भुमि भनेर बुझ्दछन् । भूमि आदिवासीको सामूहिक पहिचान हो, थातथलो हो, जीवन पद्धति हो, संस्कृति हो, आध्यात्मिक विश्वास हो र जिवीकोपार्जनको स्रोत हो । आदिवासीको भूमिसंग अनोन्याश्रित र आध्यात्मिक सम्बन्ध रहेको हुन्छ । भूमिलाई आदिवासीले आमाको रूपमा लिन्छन् । भूमिमा आदिवासीहरूको सामुहिक अधिकार हुन्छ । भूमिसंगै आदिवासीहरूको स्वायत्तता, स्वशासन र आत्म निर्णयको अधिकार जोडिएको हुन्छ । त्यसकारण, भूमि, अधिकार आदिवासीकालागि नभै नहुने अधिकार हो ।

भुमिसंग जोडिएका आदिवासीका बहु–आयामिक अधिकारको सम्बन्धमा आदिवासी तथा सम्बन्धित सबै सरोकारवालाहरू जानकार हुन आवश्यक छ । त्यसकारण, आदिवासीको भूमि अधिकार अभियानलाई कानून सम्मत तरिकाबाट उठान गर्नको लागि यस तालिम निर्देशिका सहयोगी हुन सक्नेछ ।

यसको साथै राज्य तथा अन्य सरोकारवालाहरूलाई पनि आदिवासीको भूमि अधिकारको बारेमा जानकारी प्राप्त गर्न यस निर्देशिकालाई स्रोतको रूपमा लिन सक्नेछन् ।

यस निर्देशिका तयारी पार्न सहयोग गर्नु हुने नन्द कन्दङवा, दिनेश घले, शंकर लिम्बू, भिम राई, टहल थामी र दुर्गामाणि राई (याम्फू) लाई लाहुर्निप हार्दिक धन्यवाद दिन चाहन्छ । साथै, यस निर्देशिका सम्पादन गर्नु हुने मनोज राई (आठपहरिया) लगायत प्रकाशन गर्न आर्थिक सहयोग गर्ने दातृ निकाय IWGIA तथा KIOS Foundation प्रति लाहुर्निप आभार व्यक्त गर्दछ ।

शान्तिकुमारी राई
अध्यक्ष

# विषय सूची


## खण्डः एक ३

तालीम निर्देशिका कसरी प्रयोग गर्ने ? ५

## खण्डः दुई ९

तालीमका विषय वस्तुहरू ९

## खण्डः तिन १३

निर्देशन र तालीम कार्यक्रम तालिका १३

## खण्डः चार १९

तालीमको लघु शिक्षण योजना १९

## खण्डः पाँच २९

तालीमका विधी तथा तरिकाहरू २९

## खण्डः छ ३३

तालीम सत्रको विस्तृत योजना ३३

## खण्डः सात ५७

तालीम विषयसंग सम्बन्धित पाठ्य तथा अध्ययन सामग्रीहरू ५७

## खण्डः आठ १२५

सन्दर्भ सामग्रीहरू १२५

# तालीम निर्देशिकाको संरचना



# खण्ड: एक
## तालीम निर्देशिका



# यो तालीम निर्देशिका कसरी प्रयोग गर्ने ?

## परिचय

यो तालीम निर्देशिका आदिवासीको भूमि अधिकार सम्बन्धी प्रशिक्षकहरूका लागि तयार गरिएको हो । यस तालीम निर्देशिकाले आदिवासीका भूमिमाथिको अधिकार भनेको के हो ? यसको के कस्तो अवस्था छ ? यो अधिकार कसरी प्राप्त, संरक्षण तथा उपभोग गर्न सकिन्छ ? भन्ने लगायतका विषयमा आदिवासी अधिकारकर्मी, आदिवासी नेशन, समुदायका नेतृत्व, आदिवासी मानवअधिकार प्रतिरक्षक, विद्यार्थी, पत्रकार, वकिल तथा सर्वसाधरणहरूलाई जानकारी दिने हेतुले तयार पारिएको हो ।

यस तालीम निर्देशिकालाई चार भागमा विभाजन गरिएको छः खण्ड (१) प्रशिक्षकले थाहा पाउनुपर्ने कुरा, खण्ड (२) तालीमका विषय वस्तुहरू, तालिका र योजना, खण्ड (३) तालीम सञ्चालन प्रक्रिया, तौरतरिका र सामग्रीहरू र खण्ड (४) सन्दर्भ सामग्रीहरू ।

यस तालीम निर्देशिकाले आदिवासीका भूमि अधिकारबाट विगत र वर्तमानमा प्रक्रिया तथा प्रणालीगत उल्लंघनका बारे जानकारी दिन्छ । यसता समस्याहरूको वर्तमानमा सम्बोधन गर्नको लागि समुदायलाई सहयोग पुऱ्याउने अपेक्षा देखिन्छ ।

त्यसका लागि प्रशिक्षकहरूले यो तालीम निर्देशिका प्रयोग गर्न सक्ने छन् । प्रशिक्षकहरूले यो तालीम निर्देशिका अनुसार तालीम सत्रका साथै निर्देशिकामा दिए अनुसारका तालीम सामग्रीहरू प्रयोग गरी तालीम सञ्चालन गर्न मार्ग निर्देशन गर्नेछ ।

## तालीम निर्देशिकाका उद्देश्यहरू

### यस तालीम निर्देशिकाका निम्न उद्देश्यहरू रहेका छन् :

- आदिवासीको भूमि अवधारणा, महत्व, समस्या र सवाल विषयमा जानकारी दिने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूमा रहेका आदिवासीको भूमि (भूमि, भू-क्षेत्र र स्रोत) अधिकार सम्बन्धी जानकारी दिने ।
- आदिवासीहरूको भूमि अधिकारका समस्याको समधान तथा सवालहरूका सम्बोधनको उपायहरूबारे जानकारी दिने ।
- आदिवासी भूमि अधिकार प्रतिरक्षाको क्षमता विकासमा सहयोग गर्ने ।

## तालीम सञ्चालन गर्दा संस्था तथा प्रशिक्षकले ध्यान दिनुपर्ने कुराहरू

तालीम भनेको मानिसहरूले के गर्न चाहन्छन् र वर्तमानमा उनीहरू के गर्न सक्षम छन् र योग्यता राख्छन् उनीहरूलाई समस्या समधान र सवालको सम्बोधन गर्न चाहिने सूचना, शिक्षा र तरकीव (तौर तरिका) बताउने, प्रशिक्षित गराउने । आवश्यक ज्ञान, शिप र ईच्छालाई आर्जन गने प्रक्रिया भएकोले तालीम संचालन गर्ने प्रशिक्षकले सम्बन्धित विषयको ज्ञान तथा शिप हस्तान्तरण गर्न उपयुक्त विधि र तरिका अपनाउनु पर्ने हुन्छ । यसको लागि निम्न कुरामा ध्यान दिईनु पर्दछः

### सहभागिता

- प्रशिक्षकले प्रशिक्षण गर्ने विषय वस्तु र तरिकाको बारेमा राम्रो ज्ञान राखेमा प्रभावकारी प्रशिक्षण गर्न गराउन सकिन्छ ।
- सहभागीहरू छान्ने विषयमा ध्यान पुऱ्याउनु पर्दछ । विभिन्न स्तरका सहभागीहरू भए त्यसले ज्ञान र शिप लिने प्रक्रियामा समस्या उत्पन्न गराउँछ । स्तर मिल्ले सहभागीहरू भए भने सिकाई, ज्ञान तथा शिप हस्तान्तरण सहज हुन्छ ।
- सहभागी छनौट गर्दा लैगिक हिसावले समान सहभागितालाई ध्यान दिईनु पर्दछ ।
- सहभागीहरू छनौट गर्दा विभिन्न समुदायबाट परे कि परेनन भनेर ध्यान दिईनु पर्दछ । एउटै मात्र समुदायबाट सहभागीहरू हुनु हुदैन भनेर ख्याल राखिनु पर्दछ तर एउटै समुदायमा केन्द्रित गरिने तालीममा भने एउटै समुदायबाट नै सहभागी हुन्छन ।

### तालीम सामग्री


- संस्थाको सहयोगमा प्रशिक्षकले तालीममा चाहिने सम्पूर्ण सामग्रीहरू (प्रोजेक्टर, फि्लप चार्ट, मास्किङ टेप, मेटा कार्ड, बोर्ड मार्कर, परमानेण्ट मार्कर आदि) सहित तालीममा चाहिने खेल तथा अन्य सामग्रीहरूको सूची तयार गरि सोही अनुसार सामग्रीहरूको व्यवस्था गर्नु पर्ने हुन्छ । यसरी तयार गर्दा लक्षित समुदायको आवश्यकता तथा अवस्थालाई ध्यान दिने। यसको लागि समुदायको बारेमा जानकारहरूसंग परामर्श वा सुझाव लिन सकिनेछ ।
- तालीम स्थल तथा तालीम समयको चयन गर्दा समुदाय तथा सहभागी र आयोजक संस्था तथा व्यक्तिलाई अनुकुल हुने गरि र तालीमको उद्देश्य प्राप्त हुने गरि तय गरिनु पर्दछ ।
- प्रशिक्षकले यस तालीम निर्देशिकामा दिईएको विषय वस्तुहरू अनुसार तयारी, योजना र सामग्रीहरू तयार गर्नु पर्ने हुन्छ ।
- प्रशिक्षकले तालीमको उद्देश्य परिपूर्ति गर्न सहभागीहरूलाई खेल, कथा, चित्रात्मक अभिव्यक्ति, श्रव्यदृष्य सामग्री, स्थलगत निरिक्षण आदि जस्ता सामग्रीहरू मार्फत ज्ञान र शिपलाई हस्तान्तरण गरिनु पर्दछ ।
- प्रशिक्षकले सहभागीहरूलाई विषय वस्तुका नोटहरू दिन तयार गर्नु पर्ने हुन्छ ।

## लचिलोपना

यस तालीम निर्देशिकामा तालीम प्रशिक्षकहरूका लागि आवश्यक तौरतरिका तथा तालीम सामग्रीहरू समावेश गरिएका छन् । तथापी यहाँ समावेश गरिएका सामग्रीहरूले मात्र सबै विषयहरू नसमेट्न सक्छन् । प्रशिक्षकहरूले तालीमलाई प्रभावकारी बनाउनका लागि थप आवश्यक तालीम सामग्रीहरूको प्रयोग गर्नका साथै अन्य अध्ययन सामग्रीहरूको समेत अध्ययन गर्न सक्ने छन् । प्रशिक्षकहरूले तालीम सञ्चालन गर्दा तालीमका सहभागीहरूको स्तर, अनुभव, पहिचान, आर्थिक, सामाजिक, भाषिक, साँस्कृतिक अवस्था तथा आवश्यकता अनुसार तालीम सामग्रीहरू थपघट गर्न सक्नेछन् ।

# खण्डः दुई

## तालीमका विषय वस्तुहरू



# तालीमका विषय वस्तुहरू

## क. आदिवासीको भूमि अवधारणा र महत्व

क. १ भूमि, आदिवासी र भूमि

क. २ भूमि सम्बन्धीका अवधारणाहरू र नेपालमा यसको कार्यान्वयन

क. ३ आदिवासीको लागि भूमिको महत्व र भूमि अधिकार

- भूमिको महत्व (अस्तित्व, पहिचान र जीवन)
  व्यक्तिगत र सामुहिक भूमि,
- भूमिसंग सम्वन्धित अधिकारहरू (मान्यता, स्वामित्व र नियन्त्रण), संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण र वातावरण
- सहभागिता, प्रतिनिधित्व, परामर्श र लाभको बाँडफाँड
- स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC)

## ख. भूमि अधिकारको समस्या, सवाल र समाधानको उपाय

ख. १ समस्या र सवालहरूको पहिचान तथा प्राथमिकीकरण

ख. २ समस्या र सवालहरूको समाधानको उपाय (आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरू - अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, महासन्धि, घोषणा पत्रहरू..., राष्ट्रिय कानूनहरू - संविधान, ऐन, नियम तथा निर्देशिकाहरू..), संस्कृति र प्रथाजनित कानूनहरू - प्रचलन, अभ्यास तथा मान्यताहरू, ...र जन/सामुदायिक शक्ति)

ख. ३ आदिवासीका भूमि अधिकार सम्बन्धमा मुख्य अधिकारहरू र तिनलाई सुनिश्चित गर्न सहयोग पुर्‍याउने कानूनी प्रावधानहरू

- अन्तर्राष्ट्रिय कानून (सन्धि, सम्झौता, महासन्धि तथा घोषणा पत्र): अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्तराष्ट्र संघिय घोषणापत्र २००७, सबै प्रकारको जातीय विभेद उन्मुलन गर्ने महासन्धि लगायत (सर्ड जेनेरल रिकमेन्डेशन लगायत अन्य संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिहरूको विषयगत सिफारिसहरू)
- राष्ट्रिय कानूनहरू: संविधानका प्रावधान, जग्गा (नाप जाँच) ऐन, २०१९, भूमि सम्बन्धी ऐन, २०२१, मुलुकी देवानी संहिता २०७४,
- सक्षम अदालतबाट स्थापना भएका नजिर तथा सिद्धान्तहरू

## ग. आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध

ग. १ अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा तालमेलको अभाव (Gaps)

ग. २ राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू (भूमि अधिकार खोस्ने कूननहरूको निर्माण, औपनिवेशिक तथा अतिक्रमणकारी विकास, साँस्कृतिक अतिक्रमण र अस्तित्व नामेट गर्ने कदमहरू)

ग. ३ कानून कार्यान्वयनमा व्यवधान (राज्यको संरचना, कर्मचारी संरचना, प्रवृत्ति आदि)

ग. ४ आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव (पैरवी, जनपैरवी, परिचालन)

## घ. आदिवासीका भूमि अधिकार सम्बन्धमा पैरवी र जनपैरवी

घ. १ पैरवी र जनपैरवी

घ. २ पैरवी तथा जनपैरवीको मार्ग चित्र

घ. ३ आदिवासीका भूमि अधिकारको लागि रणनीति र कार्यनीति

# खण्डः तीन
## निर्देशन र तालीम कार्यक्रम तालिका



# कार्यक्रम तालिकाबारे निर्देशन

## तालीमको कार्यक्रम तालिका निम्न अनुसार गर्न ध्यान दिईनु पर्दछः

१. पहिलो दिनको कार्यक्रममा तालीम उद्घाटन (उद्देश्य, स्वागत तथा परिचय आदि) को लागि थोरै समय छुट्याईनु पर्दछ,

२. तालीमको शुरूमा सहभागीहरूको अपेक्षा संकलन गर्नु पर्दछ जसबाट सहभागीहरूको अपेक्षालाई तालीमको अवधिमा परिपुर्ति गर्न र तालीम प्रशिक्षणको क्रममा अपेक्षालाई जोड्न सकियोस,

३. विषय वस्तुको प्रस्तुति साधारण जनसमुदायले बुझ्ने भाषामा, अंग्रेजी शव्दहरू प्रयोग नगरिकन र सम्भव भएसम्म स्थानीय सहभागीहरूको भाषा तथा शव्दहरू प्रयोग गरिनु पर्दछ,

४. तालीम कार्यक्रम योजना गर्दा विषय वस्तुहरू परस्परमा तार्किकरूपमा जोडिने गरि पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन गर्दै क्रममा मिलाएर राखिनु पर्दछ ।

५. तालीम सञ्चालन गर्दाका समयमा लागू हुने नियमहरू, आचार संहिताहरू र जिम्मेवारी बाँडफाँड गरिनु पर्दछ,

६. हरेक दिनको अन्त्यमा तालीमको सारांस बनाउने काम गरिनु पर्दछ । उक्त काम सहभागी र प्रशिक्षक मिलेर गर्नु पर्दछ,

७. अघिल्लो दिनको सेसनमा भएका विषय वस्तुहरू र आर्जन गरिएका ज्ञान तथा शिपहरू पछिल्लो दिनको सेसनको शुरूमा पुनर्ताजकी गरिनु पर्दछ । पुनर्ताजकीको विधी तथा तरिका फरक फरक गर्दा राम्रो हुन्छ ।

# तालीम कार्यक्रम

## पहिलो दिन

| | |
|---|---|
| विहानको शुरूको १ घण्टाः | तालीमको उद्घाटन, स्वागत, उद्देश्य र मन्तव्य |
| विहानको अर्को १ घण्टाः | सहभागीहरूको परिचय, तालीमको नीति नियम, आचार संहिता, सहभागीको अपेक्षा संकलन, तालीमको उद्देश्यमा स्पष्टता र तालीमका विषय वस्तुहरूको जानकारी । |

| | |
|---|---|
| **पहिलो दिनको विषयः** | **आदिवासीका भूमि अवधारणा र महत्व** |
| विहानको पहिलो सत्र १ घण्टाः | भूमि, आदिवासी र भूमि |
| विहानको दोस्रो सत्र १.५ घण्टाः | भूमि सम्बन्धी अवधारणाहरू र नेपालमा यसको अवस्था |
| १ घण्टा समयः | खाना |
| दिउसोको तेस्रो सत्र २.५ घण्टाः | भूमि अधिकारको श्रोत, आदिवासीका लागि भूमिको महत्व र भूमि अधिकार |

## दोस्रो दिन

| | |
|---|---|
| शुरूमा आधा घण्टाः | अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीवाट पुनरावृत्ति |

| | |
|---|---|
| **दोस्रो दिनको सत्र विषयः** | **भूमि अधिकारका सवाल, समस्या र समाधानको उपाय** |
| विहानको पहिलो सत्र १.५ घण्टा | भूमि सवाल र समस्याको पहिचान |
| विहानको दोस्रो सत्र १.५ घण्टा | आदिवासीहरूको भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण |
| **१ घण्टा समय** | **खाना** |
| दिउसोको तेस्रो सत्र १.५ घण्टा | आदिवासीका भूमि सवाल र समस्याहरूको समाधानको उपाय |
| **२० मिनेट समय** | **चिया समय** |
| दिउसोको चौथो सत्र २ घण्टा | आदिवासीका मुख्य अधिकारहरू र तिनलाई सुनिश्चित गर्न सहयोग पुऱ्याउने अन्य कानूनी प्रावधानहरू |

## तेस्रो दिन

| | |
|---|---|
| ३० मिनेट समय | अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीवाट पुनरावृत्ति |
| **तेस्रो दिन विहानको विषय** | **आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध** |
| पहिलो सत्र ३० मिनेट | अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा तालमेलको अभाव (Gaps) |
| दोस्रो सत्र १ घण्टा | राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू (भूमि अधिकार खोस्ने कूननहरूको निर्माण, औपनिवेशिक तथा अतिक्रमणकारी विकास, साँस्कृतिक अतिक्रमण र अस्तित्व नामेट गर्ने कदमहरू) |
| दोस्रो सत्र १ घण्टा | कानून कार्यान्वयनमा व्यावधान (राज्यको संरचना, कर्मचारी संरचना, प्रवृत्ति आदि) |
| तेस्रो सत्र १ घण्टा | आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव (पैरवी, जनपैरवी, परिचालन, भूमि संस्कृति र थातथलो प्रति उदासिनता) |
| **१ घण्टा समय** | **खाना** |
| चौथो सत्र १ घण्टा | भूमि अधिकार उल्लंघनमा कानूनी उपचार र विधी तथा प्रक्रियाहरू |
| तेस्रो दिन दिउसोको विषय | आदिवासीका भूमि अधिकार सम्बन्धमा पैरवी र जनपैरवी, रणनीति र कार्यनीति |
| चौथो सत्र ३० मिनेट समय | पैरवी र जनपैरवी |
| पाचौ सत्र १ घण्टा | पैरवी तथा जनपैरवीको मार्गचित्र |
| छैटो सत्र १ घण्टा | आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति |
| **२० मिनेट समय** | **चिया समय** |
| सातौ सत्र १ घण्टा | भूमि अधिकारको सवालमा रणनीति र कार्यनीतिको निर्माण |
| ३० मिनेट समय | ३ दिनको तालीमको सारांस |
| ३० मिनेट समय | तालीम समापन कार्यक्रम |

# खण्डः चार

## तालीमको लघु शिक्षण योजना



# तालीमको लघु शिक्षण योजना

| समय | विषय | उद्देश्यहरू | सत्र संचालन विधि | सामग्रीहरू |
|---|---|---|---|---|
| | | पहिलो दिन | | |
| १ घण्टा | उद्घाटन, स्वागत र मन्तव्य | १. तालीमको उद्देश्य जानकारी दिने,<br>२. तालीमको आसातित प्रतिफलबारे जानकारी दिने । | आयोजक संस्थाले निर्धारण गरे अनुसार सञ्चालन तथा व्यवस्थापन हुने, | उद्घाटन के कसरी गर्ने भन्ने निर्धारण भए अनुसारका सामग्रीहरू तयार गर्ने र प्रयोग गर्ने । |
| १ घण्टा | परिचय, अपेक्षा संकलन तथा उद्देश्य र विषय वस्तु प्रस्तुती | १. सहभागीहरूको परिचय गर्ने गराउने ताकी उनीहरू एक अर्कामा खुलेर कुरा गर्ने वातावरण बनाउने<br>२. सहभागीहरूको अपेक्षा संकलन गर्ने र तालीमका विषय वस्तुहरूको जानकारी दिने । | प्रशिक्षकले निर्धारण गरे अनुसार सहभागीहरूको परिचय गर्ने गराउने, र मेटाकार्डमा सहभागी प्रत्येकको उक्त तालीमबाट प्राप्त<br>गर्ने अपेक्षा संकलन गर्ने र अपेक्षाहरू फि्लप चार्टमा टासेर प्रस्तुत गर्ने । | मेटा कार्ड, मार्कर पेन, फि्लप चार्ट, ग्ल्युस्टीक, मास्कीङ टेप |
| बिहान देखि बेलुकी सम्म | आदिवासीका भूमि अवधारणा र महत्व | **पहिलो दिनको उद्देश्य**<br>१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धको अवधारणाबारे जानकारी प्राप्त गरि भन्न सक्ने र अन्यलाई बुझाउन सक्ने हुनेछन् (बनाउने),<br>२. भूमि सम्बन्धी आदिवासी र पश्चिमी अवधारणाको विषयमा जानकारी प्राप्त गरि सो अवधारणाबारे अरूलाई भन्न सक्नेछन् / सक्ने बनाउने, | | |

| | | | | |
|---|---|---|---|---|
| पहिलो सत्रः १ घण्टा | विषय १: भूमि, आदिवासी र भूमि | **पहिलो सत्रको उद्देश्य**<br>१. भूमिबारे विभिन्न बुझाईबारे भन्न र अरूलाई बुझाउन सक्नेछन्<br>२. आदिवासी र भूमिको सम्बन्धबारे विस्तृतरूपमा बताउन सक्नेछन् | अन्तरक्रियात्मक | आदिवासीका भूमिको अवधारणा सम्बन्धमा तयार परिएको लिखित सामग्रीहरू, भूमि अधिकार सम्बन्धको सुचना, शिक्षा तथा सन्चार सामग्री स्लाइड (ह्याण्ड आउटस्) न्युजप्रिन्ट, मार्कर पेन, आदि, ल्यापटप, प्रोजेक्टर । |
| दोस्रो सत्रः १.५ घण्टा | विषय २: भूमि सम्बन्धीका अवधारणाहरू र नेपालमा यसको कार्यान्वयन | **दोस्रो सत्रको उद्देश्य**<br>१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धको अवधारणा र पश्चिमी अवधारणाबारे जानकारी प्राप्त गरि भन्न सक्ने र अन्यलाई बुझाउन सक्ने हुनेछन्,<br>२. नेपालमा यी अवधारणाको कार्यान्वयनबारे बताउन सक्नेछन् । | अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, कन्फ्युजन भएको र नबुझेको विषय उठाउने र पुन छलफल गर्ने । | नेपाल सन्दर्भको भूमि स्वामित्व र नियन्त्रण समय रेखा चित्र, स्लाइड (ह्याण्ड आउटस्) न्यूजप्रिन्ट, मार्कर पेन, आदि, |
| १ घण्टा | खाना समय | | | |
| तेस्रो सत्रः २.५ घण्टा | **विषय ३: भूमि अधिकारको श्रोत, आदिवासीका लागि भूमिको महत्व र भूमि अधिकार**<br>- व्यक्तिगत र सामुहिक भूमि,<br>- भूमिसंग सम्वन्धीत अधिकारहरू<br>- भु-क्षेत्र तथा श्रोतहरू (मान्यता, स्वामित्व र नियन्त्रण), संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण र वातावरण<br>- सहभागीता, प्रतिनिधित्व, परामर्श र लाभको बाँडफाँड<br>- स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) | **तेस्रो सत्रको उद्देश्य**<br>१. सहभागीहरूले व्यक्तिगत भूमि अधिकार र सामुहिक भूमि अधिकारबारे व्याख्या गर्न सक्ने हुनेछन्,<br>२. सहभागीहरूले भूमि अधिकारसंग जोडिएका विषयहरूः संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण, वातावरण, सहभागिति, प्रतिनिधीत्व, परामर्श, लाभको वाँडफाँड, स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी बारे व्याख्या गर्न सक्ने हुनेछन् । | अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, कन्फ्युजन भएको र नबुझेको विषय उठाउने र पुन छलफल गर्ने । | व्यक्तिगत र सामुहिक भूमि अधिकार सम्बन्धका सामग्रीहरू, स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी सम्बन्धका सामग्रीहरू । |

| दोस्रो दिन | | | | |
|---|---|---|---|---|
| ३० मिनेट | अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीवाट पुनरावृत्ति | | | |
| बिहान देखि बेलुकीसम्म | भूमि अधिकारका सवाल, समस्या र समाधानको उपाय | **दोस्रो दिनको उद्देश्य**<br>१. भूमि अधिकार सम्बन्धी सवाल र समस्याको पहिचान गर्ने,<br>२. भूमि अधिकार सम्बन्धी सवाल र समस्याको प्राथमिकीकरण गर्ने<br>३. समस्या समधानको उपाय पत्ता लगाउने | | |
| पहिलो सत्र<br>१.५ घण्टा | विषयः भूमि सवाल र समस्याको पहिचान, | **पहिलो सत्रको उद्देश्य**<br>१. सहभागीहरू भूमि र आदिवासीका भूमि सवाल र समस्याबारे अरूलाई बुझाउन सक्ने हुदै सवाल र समस्या पहिचान गर्न सक्ने हुनेछन् । | सहभागीहरूसंग प्रश्न, भूमि सवाल र समस्या पहिचानमा समूह कार्य, प्रस्तुति तथा अन्तरक्रिया र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, अलि अस्पष्ट भएको र नबुझेको विषय उठाउने र पुन छलफल गर्ने । | भूमि खास गरि आदिवासीका भूमि सवाल र समस्या बुझाउने चित्रात्मक सामग्री, सवाल र समस्या सम्बन्धका अरू सामग्रीहरू |
| दोस्रो सत्र<br>१.५ घण्टा | विषयः आदिवासीका भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण | **दोस्रो सत्रको उद्देश्य**<br>१. सहभागीहरूले भूमि खासगरि आदिवासीका भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण गर्न सक्ने हुनेछन् । | अन्तरक्रियात्मक, र सवाल तथा समस्याहरूको प्राथमिकीकरणको लागि समूहमा अभ्यास, आएका सवाल र समस्याहरूलाई महिला र पुरूषको समूहलाई अलग अलगरूपमा भुई या बोर्डमा प्राथमिकीकरण गर्न लगाएर गर्ने | सवाल र समस्यालाई प्राथमिकीकरण गने विधी तथा तरिकाबारेका सामग्रीहरू ।<br>स्लाइड (ह्याण्ड आउटस्) बाक्लो खालको नक्शा कोर्न मिल्ने कार्वोड पेपर, विभिन्न रंगको मार्कर पेन, आदि, ल्यापटप, प्रोजेक्टर आदि |

| | | | | |
|---|---|---|---|---|
| **१ घण्टा** | **खाना** | | | |
| तेस्रो सत्र<br>१.५ घण्टा | **विषयः भूमि खासगरि आदिवासीका भूमि सवाल र समस्याहरूको समाधानको उपाय**<br>- आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरू (अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, महासन्धि, घोषणा पत्रहरू..., राष्ट्रिय कानूनहरू<br>- संविधान, ऐन, नियम तथा निर्देशिकाहरू..),<br>- प्रथाजनित कानूनहरू (प्रचलन, अभ्यास तथा मान्यताहरू, ..र जन / सामुदायिक बल) | **तेस्रो सत्रको उद्देश्य**<br>१. सहभागीहरूले भूमि सवाल र समस्या समाधानको उपायहरूमा कानूनी र सामुदायिक लडाईबारे बुझ्नेछन्,<br>२. सहभागीहरूले आदिवासीका भूमि अधिकार प्राप्त हुने आधारहरू बुझ्नेछन्,<br>३. सहभागीहरूले विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरूमा भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू बुझेर व्याख्या गर्न सक्ने हुनेछन् । | अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, कन्फ्युजन भएको र नबुझेको विषय उठाउने र पुनः छलफल गर्ने । | भूमि अधिकार सम्बन्धमा देश भित्र र अन्य देशमा भएका लडाईका उदाहरण सामग्रीहरू आदिवासीका भूमि अधिकार दावी गर्ने आधारकारूपमा रहेका अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनका सूचीहरू र ति कानूनमा भएका आदिवासीका भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू व्याख्या भएको सामग्रीहरू । |
| **२० मिनेट** | **चिया ब्रेक** | | | |
| तेस्रो सत्र ... लगातार<br>२.० घण्टा | - आदिवासीका भूमि अधिकार सम्बन्धमा मुख्य अधिकारहरू र तिनलाई सुनिश्चित गर्न बल पुर्याउने अन्य कानूनी प्रावधानहरू<br>- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९,<br>- आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र, जातिय विभेद उन्मुलन गर्ने महासन्धि र जातिय उन्मुलन समितिका सिफारिसहरू लगायत अन्य<br>- राष्ट्रिय कानूनहरूः संविधानका प्रावधान, जग्गा (नाप जाँच) ऐन, २०१९, भुमि सम्बन्धी ऐन, २०२१, मुलुकी देवानी संहिता २०७४ आदि ।<br>अदालतका नजिर तथा सिद्धान्तहरू | | | |

| तेस्रो दिन | | | | |
|---|---|---|---|---|
| ३० मिनेट | अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीबाट पुनरावृत्ति | | | |
| बिहानको विषय | आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध | तेस्रो दिनको उद्देश्य<br>१. आदिवासीका भूमि अधिकार प्राप्तीमा रहेका समस्या तथा अवरोधहरूबारे जानकारी दिने ।<br>२. आदिवासीका भूमि अधिकारको लागि पैरवी र जनपैरवीको महत्व बुझाउने,<br>३. आदिवासीका भूमि अधिकार सुनिश्चितताको लागि रणनीति र कार्यनीतिबारे जानकारी दिने । | | |
| पहिलो सत्र ३० मिनेट | विषयः अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा तालमेलको अभाव (Gaps) | पहिलो सत्रको उद्देश्य<br>१. अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेका आदिवासीका भूमि अधिकारमा सहभागीहरू स्पष्ट हुनेछन्<br>२. अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बीचको समस्याहरू थाहा पाउनेछन् । | अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, कन्फ्युजन भएको र नबुझेको विषय उठाउने र पुन छलफल गर्ने । | आदिवासीका भूमि अधिकार दावी गर्ने आधारकारूपमा रहेका अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनका सूचीहरू र ति कानूनमा भएका आदिवासीको भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू व्याख्या भएको सामग्रीहरू । |
| दोस्रो सत्र समय १ घण्टा | विषयः राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू<br>- भूमि अधिकार खोस्ने कूननहरूको निर्माण,<br>- औपनिवेशिक तथा अतिक्रमणकारी विकास,<br>- साँस्कृतिक अतिक्रमण र अस्तित्व नामेट गर्ने कदमहरू | यस दोस्रो सत्रको उद्देश्य राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू आदिवासीका भूमि अधिकार प्राप्तीमा कसरी अवरोधक भएका छन् भन्ने कुरा सहभागीहरूले बुझ्नेछन । | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | आदिवासीका भूमि अधिकार खोस्ने कानून निर्माणको समय रेखा, विभिन्न कम्पनीहरूले विकासको नाममा आदिवासीका भूमि तथा संस्कृति माथी अतिक्रमणका उदाहरणहरू । |

| | | | | |
|---|---|---|---|---|
| तेस्रो सत्र<br>१ घण्टा | विषयः कानून कार्यान्वयनमा व्यावधान (राज्यको संरचना, कर्मचारी संरचना, प्रवृत्ति आदि) | **दोस्रो सत्रको उद्देश्य**<br>१. अन्तर्राष्ट्रिय कानून र कतिपय राष्ट्रिय कानूनहरू किन कार्यान्वयन भएको छैन भन्ने सहभागीहरूले थाहा पाउनेछन् | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | राज्यको संरचना, कर्मचारी संरचना र निर्णय प्रक्रियाको डाईग्रामीक सामग्रीहरू । |
| चौस्रो सत्र<br>१ घण्टा | विषयः आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव (पैरवी, जनपैरवी, परिचालन, भूमि संस्कृति र थातथलो प्रति उदासिनता) | **तेस्रो सत्रको उद्देश्य**<br>१. सहभागीहरूले जनसमुदायमा सचेतना र संगठितरूपमा गरिने प्रयासबारे बुझ्नेछन् । | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | आदिवासीका भूमि अधिकारलगायत अन्य विषय समेटिएका सुचना, शिक्षा तथा संचार (IEC) सामग्रीहरू |
| १ घण्टा | खाना | | | |
| दिउसोको विषय | विषयः आदिवासीका भूमि अधिकार सम्बन्धमा पैरवी र जनपैरवी, रणनीति र कार्यनीति | **यस विषयको उद्देश्य**<br>१. सहभागीहरूलाई आदिवासीका भूमि अधिकार प्राप्तीको लागि पैरवी, जनपैरवी, रणनीति र कार्यनीतिको महत्वबारे बुझाउने । | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | सफल पैरवी तथा जनपैरवीका उदाहरणहरूका सामग्रीहरू । |
| पाँचौ सत्र<br>१ घण्टा | पैरवी र जनपैरवी | **यस सत्रको उद्देश्य**<br>१. सहभागीहरूले पैरवी र जनपैरवी के कसरी गरिन्छ भन्ने बुझेर प्रयोग गर्न सक्नेछन् । | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | सफल पैरवी तथा जनपैरवीका उदाहरणहरूका सामग्रीहरू । |
| छैटौ सत्र<br>१ घण्टा | पैरवी तथा जनपैरवीको मार्ग चित्र | **यस सत्रको उद्देश्य**<br>१. सहभागीहरूले कुनै सवालमा पैरवी तथा जनपैरवीको पूर्ण/समग्र नक्शा खिच्न सक्नेछन् । | सवाल छनौट र सहभागीहरूद्वारा समूह अभ्यास तथा प्रस्तुति र छलफल । | फ्लीप चार्ट, मार्कर, ग्लुस्टीक, मास्कीङ टेप, |

| | | | | |
|---|---|---|---|---|
| सातौ सत्र<br>१ घण्टा | विषयः भूमि अधिकार उल्लंघनमा कानूनी उपचार र विधी तथा प्रक्रियाहरू | **यस सत्रको उद्देश्य**<br>सहभागिहरूले भूमि अधिकार उल्लंघन भएको अवस्थामा कानूनी उपचारका साथै तिनका विधी र प्रक्रिया थाहा पाउनेछन् | सवाल छनौट र सहभागीहरूद्वारा समूह अभ्यास तथा प्रस्तुति र छलफल । | कानूनी उपचारका विधी र प्रक्रियाहरूको चार्ट |
| आठौ सत्र<br>१ घण्टा | आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति | **यस सत्रको उद्देश्य**<br>१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीतिको महत्व बुझ्नेछन् । | प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । | रणनीति र कार्यनीतिका विभिन्न उदाहरण भएका सामग्रीहरू । |
| २० मिनेट | चिया ब्रेक | | | |
| नवौ सत्र<br>१ घण्टा | पहिचानित भूमि अधिकारको सवालमा रणनीति र कार्यनीतिको निर्माण | **यस सत्रको उद्देश्य**<br>१. सहभागीहरूले आफू संलग्न रहेको आदिवासीका भूमि अधिकारको सवालमा रणनीति र कार्यनीतिको खाका बनाउन सक्नेछन् । | सवाल छनौट र सहभागीहरूद्वारा समूह अभ्यास तथा प्रस्तुति र छलफल । | फ्लीप चार्ट, मार्कर, ग्लुस्टीक, मास्कीङ टेप, |
| ३० मिनेट | ३ दिनको तालीमको सारांश | तालीमका सहभागी र प्रशिक्षकले ३ दिनको तालीमको सार खिच्नेछन् । प्रशिक्षकले ३ दिनको विभिन्न सत्रहरूमा सिकीएका कुराहरूलाई तार्किक क्रममा जोडेर प्रस्तुत गर्नेछन् । | | |
| ३० मिनेट | तालीम समापन कार्यक्रम | आयोजक संस्थाको निर्णय र योजना अनुसार । | | |

# खण्ड: पाँच

## तालीमका विधी तथा तरिकाहरू



# तालीमको विधी तथा तरिकाहरू

## तालीम प्रदान गर्दा निम्न विधी तथा तरिकाहरूलाई ध्यान दिईनु पर्दछ ।

१. विषय वस्तुको प्रस्तुति र सो सम्बन्धमा सहभागीहरूको बुझाई के छ भनेर छलफल गर्नु पर्दछ र छलफल पछि प्रशिक्षकले आफ्नो कुरा प्रस्तुत गर्नु पर्दछ,

२. विषय वस्तुमा प्रशिक्षकको कुरा प्रस्तुत भए पछि सहभागीहरूबाट प्रश्न तथा जिज्ञासाहरू माग्नु पर्दछ र तिनीहरूमा छलफल गरि स्पष्ट बनाईनु पर्दछ,

३. प्रशिक्षकले विषय वस्तुलाई सहभागीहरूबीच स्पष्ट बनाउन सहभागीहरूलाई विषय वस्तुसंग सम्बन्धित खेल, कथा, वास्तविक चित्रात्मक अभिव्यक्ति, स्थलगत निरिक्षण आदि जस्ता सामग्रीहरू प्रयोग गर्नु पर्ने हुन्छ,

४. कतिपय विषयहरूमा सहभागीहरू बीच समूह कार्य गराउने विधी तथा तरिका पनि प्रयोग गर्नु पर्ने हुन्छ,

५. प्रशिक्षकले सहभागीहरूले अनुभव तथा आफूले भोगेका भूमि अधिकार तथा मानव अधिकार हनन्को घटनाहरूलाई आधार बनाएर विषय वस्तुलाई स्पष्ट र जिवन्त व्याख्या तथा विश्लेषण गर्नु पर्ने हुन्छ,

६. सहभागीहरूले सुनेकोबाट थोरै प्रतिशतमा ज्ञान लिने र बुझ्ने भएकोले देखेर (श्रव्यदृष्य, चित्र, वार्तालाभ आदि) धेरै प्रतिशत ज्ञान लिने र बुझ्ने भएकोले विषय वस्तुसंग सम्बन्धित देखेर ज्ञान लिने र बुझ्ने सामग्रीहरू प्रस्तुत गर्नु पर्ने हुन्छ,

७. प्रशिक्षकले सबै सहभागीहरूलाई आफ्ना अनुभव तथा अनुभुतिहरू बताउन र बोल्न प्रोत्साहित गर्ने वातावरण बनाउदै उनीहरूलाई सक्रिय सहभागी बनाउने काम गर्नु पर्ने हुन्छ,

८. प्रशिक्षकले खुलारूपमा विषयवस्तुसंग सम्बन्धित केश प्रशिक्षार्थीहरूबाट लिइ त्यसैमा केन्द्रित भएर शेसन चलाउनु पर्दछ

# खण्ड: छ
## तालीम सत्रको विस्तृत योजना



# पहिलो दिन

# सत्रको शीर्षकः उद्घाटन सत्र

उद्घाटन समयः १ घण्टा

उद्घाटन सत्रको उपज

## यो सत्रको अन्त्यमा सहभागीहरूले निम्न कुरा बताउन सक्ने छन्:

- तालीमको उद्देश्य बारे बताउन सक्ने छन्
- अर्को पटक तालीम सञ्चालन गर्दा तालीमको उद्देश्य बनाउन सक्नेछन्

सुन्य सत्र समयः १ घण्टा

## सहभागीहरूको परिचय

**प्रक्रियाः**

भूमिसंग जोडेर आदिवासीका अधिकारबारे थोरै चर्चा गरेर सहभागीहरू बीच एकअर्कालाई नाम र आफू रहेको स्थानमा कुनै आदिवासीका मानव अधिकार उल्लंघनका घट्ना घटेको हुनसक्छ त्यसमा पीडितलाई उपचार तथा न्याय दिलाउन वा घट्नाको विरूद्धमा कुनै कारबाही बढाउन साथीले मद्दत गरेको रहेछ भने साथीसंग सोधखोज गरी के काम र सवालमा संलग्न हुनु हुन्छ भनि साथीको परिचय गराउने ।

## सहभागीहरूको अपेक्षा संकलन

प्रशिक्षकले सहभागीहरूलाई यो तालीममा आउदा के अपेक्षा लिएर आएका छौ भनेर प्रश्न गरि प्रत्येकलाई मेटा कार्ड दिएर अपेक्षा बढीमा ३ वटा र कम्तिमा एउटा त्यसमा लेख्न लगाउने । ति अपेक्षाहरू भेला गरेर पढेर सुनाउदै फि्लप चार्टमा टाँस्ने र मिल्ने मिल्ने या उस्तै उस्ते अपेक्षाहरूलाई समूह बनाई समूहमा राख्ने । तालीमको क्रममा ति अपेक्षा पुरा भए कि भएनन् भनेर फर्केर हेरिनु पर्ने ।

## तालीमको नियम र आचार संहिता

**प्रक्रिया**

प्रशिक्षकले हरेक तालीम सफल बनाउन के के गरे सफल हुन्छ र के के गरे असफल हुन्छ भन्ने सहभागीहरूलाई प्रश्न गरि तालीम सफल बनाउन सहभागीहरूको बिचार लिएर तालीमको नियम तथा आचार संहिता बनाउने । उक्त आचार संहितालाई फि्लप चार्टमा लेखेर टास्ने ।

यसपछि, प्रत्येक दिनको सहभागीहरूबाट स्वैच्छिकरूपमा व्यवस्थापक, अनुगमन मुल्याङ्कन र मनोरञ्जक छान्ने र चार्टमा हरेक दिनको जिम्मेवारी लेखेर टाँस्ने । व्यवस्थापक, अनुगमन मुल्याङकन र मनोरञ्जकका काम तथा जिम्मे वारी स्पष्ट गर्ने ।

## तालीमको उद्देश्य

- सहभागीहरूलाई तालीमको उद्देश्य जानकारी दिने
- सहभागीहरूलाई तालीमको उद्देश्य, उपज र प्रभाव भनेर प्रयोग गरिने शव्दहरूको फरकलाई बुझाउने,

सत्रको शीर्षक

## पहिलो दिनको तालीमको विषय: आदिवासीका भूमि अवधारणा र महत्व

## यस विषयको उद्देश्य: यस विषय तालीमको अन्त्यमा सहभागीहरूले निम्न कुराहरूको ज्ञान लिने छन:

१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धको अवधारणाबारे जानकारी प्राप्त गरि भन्न सक्ने र अन्यलाई बुझाउन सक्ने हुनेछन् (बनाउने),
२. भूमि सम्बन्धी आदिवासी र पश्चिमी अवधारणाको विषयमा जानकारी प्राप्त गरि सो अवधारणाबारे अरूलाई भन्न सक्नेछन्/सक्ने बनाउने,

सत्र: पहिलो जम्मा समय १ घण्टा

## विषय: भूमि, आदिवासी र भूमि

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले भूमिबारे विभिन्न बुझाईबारे बुझ्ने र अरूलाई बुझाउन सक्नेछन्
२. सहभागीहरूले आदिवासी र भूमिको सम्बन्धबारे विस्तृतरूपमा बताउन सक्नेछन् ।

## विधि: अन्तरक्रियात्मक, चित्रात्मक र सामुहिक कार्य

### सामग्री:

- आदिवासीका भूमिको अवधारणा सम्बन्धमा तयार परिएको लिखित सामग्रीहरू, भूमि अधिकार सम्बन्धको सुचना, शिक्षा तथा सन्चार सामग्रीस्लाइड (ह्याण्ड आउटस्) न्यूजप्रिन्ट, मार्कर पेन, आदि, ल्यापटप, प्रोजेक्टर ।

समया विधि: ३० मिनेट

### क्रियाकालाप: १

- भूमि बारेका बुझाईहरू सहभागीहरूलाई सोध्ने
- भूमिसंग जोडिएको कथा, भनाई, गीत, संस्कार संस्कृतिको बारेमा सुन्ने सुनाउने
- प्रस्तुति, भूमिसंग सम्बन्धित भनाई, कथाहरू, समुदायको भोगाई सुन्ने सुनाउने, उदाहरण, छलफल, प्रश्नोत्तर गर्ने ।

समय: ३० मिनेट

### क्रियाकलाप: २

- प्रत्येकले आफ्नो समुदायसंग सम्बन्धित या जोडिएको, समुदायले परम्परागतरूपमा साँस्कृतिक, चरण, चिहान या अन्त्येष्ठि आदिको लागि प्रयोग गरिआएको भूमि / स्थलको बिवरण तथा नक्शा बनाउने र आफ्नो समुदायले नजिक या टाढा भए पनि परम्परागतरूपमा प्रयोग गरिआएको भूमि या स्थल पनि देखाउने,
- भूमिको सन्दर्भमा आदिवासी र गैर-आदिवासी मानव समूह माथीका क्रियाकलापको आधारमा छुट्याउन लगाउने र छुट्याउने,
- भूमि, आदिवासी र भूमि सम्बन्धमा प्रस्तुति प्रस्तुत गर्ने, र छलफल गर्ने, अनि निचोड निकाल्ने ।

सत्रः दोस्रो | जम्मा समय १ घण्टा ३० मिनेट

## विषयः भूमि सम्बन्धका अवधारणाहरू र नेपालमा यसको अवस्था

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धको अवधारणा र पश्चिमी अवधारणाबारे जानकारी प्राप्त गरि भन्न सक्ने र अन्यलाई बुझाउन सक्ने हुनेछन्,

२. नेपालमा यि अवधारणाको कार्यान्वयनबारे बताउन सक्नेछन् ।

**विधीः** अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, कन्फ्युजन भएको र नबुझेको विषय उठाउने र पुनः छलफल गर्ने ।

**सामग्रीः** नेपाल सन्दर्भको भूमि स्वामित्व र नियन्त्रण समय रेखा चित्र, स्लाइड (ह्याण्ड आउटस्) न्यूजप्रिन्ट, मार्कर पेन, आदि,

समयः ५० मिनेट

### क्रियाकलापः ३

- सहभागीहरूले देखेका र बुझेका कस्ता कस्ता भूमि तथा जग्गाहरू छन् भनि प्रश्न गर्ने र उत्तर खोज्ने,
- ति विभिन्न प्रकारका भूमिहरूमा कस्को स्वामित्व र नियन्त्रण तथा उपभोग हुन्छ र भईरहेको छ भनेर प्रश्न गरी उत्तर खोज्ने,
- सहभागीहरूले थाहा पाएको भूमि तथा जग्गा स्वामित्व, नियन्त्रण तथा उपभोगमा बिगत देखि आजसम्म भएका परिवर्तनको समय रेखा खिच्न कोशिस गर्ने,
- भूमि अवधारणा - विभिन्न अवधारणाबारे प्रस्तुति गर्ने, सहभागीहरूको स-सानो समूहमा छलफल गर्ने, बुझेको, नबुझेको र अस्पष्ट भएको कुरा समूहबाट भन्न लगाउने र फेरी स्पष्ट गरि निश्कर्ष निकाल्ने ।

समय ४० मिनेट

### क्रियाकलापः ४

- सहभागीहरूलाई भूमि सम्बन्धमा विभिन्न अवधारणाहरू मध्ये कुन अवधारणा हाम्रोमा कार्यान्वयन भईरहेको छ र कुन अवधारणा कार्यान्वय भईरहेको छैन भनेर प्रश्न गरि सहभागीहरूको उत्तर खोज्ने,
- भूमि अवधारणा कसरी कार्यान्वयन हुन्छ भन्ने प्रक्रियाबारे प्रश्न गर्ने र स्थानीय स्तरमा आफुले भोगेका र अनुभव गरेका कुराहरूलाई सेयरिङ गर्न लगाउने ।
- भूमि अवधारणा कार्यान्वयन र कार्यान्वयन प्रक्रियाबारे प्रस्तूति गर्ने सहभागीहरूको सा-सानो समूहमा छलफल गर्ने, बुझेको, नबुझेको र अस्पष्ट भएको कुरा समूहबाट भन्न लगाउने र फेरी स्पष्ट गरि निश्कर्ष निकाल्ने ।

सत्रः तेस्रो — जम्मा समय २ घण्टा ३० मिनेट

## विषयः भूमि अधिकारको श्रोत, आदिवासीका लागि भूमिको महत्व र भूमि अधिकार

- भूमि अधिकारको श्रोत
- व्यक्तिगत र सामुहिक भूमि,
- भूमिसंग सम्वन्धीत अधिकारहरू - भु-क्षेत्र तथा श्रोतहरू (मान्यता, स्वामित्व र नियन्त्रण), संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण र वातावरण
- सहभागीता, प्रतिनिधित्व, परामर्श र लाभको बाँडफाँड
- स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC)

## यस सत्रको उद्देश्य

१. सहभागीहरूले भूमि अधिकारको श्रोत, व्यक्तिगत भूमि अधिकार र सामुहिक भूमि अधिकारबारे व्याख्या गर्न सक्ने हुनेछन्,

२. सहभागीहरूले भूमि अधिकारसंग जोडिएका विषयहरूः संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण, वातावरण, सहभागिता, प्रतिनिधीत्व, परामर्श, लाभको वाँडफाँड, स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी बारे व्याख्या गर्न सक्ने हुनेछन् ।

**विधीः** अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझ्केको, कन्फ्युजन भएको र नबुझ्केको विषय उठाउने र पुनः छलफल गर्ने ।

**सामग्रीः** भूमि अधिकारका श्रोत, व्यक्तिगत र सामुहिक भूमि अधिकार सम्बन्धका सामग्रीहरू, स्वतन्त्र अग्रिम जानकरी सहितको मन्जुरी सम्बन्धका सामग्रीहरू ।

समय १ घण्टा

## क्रियाकलाप ५

- भूमि अधिकारको दावी के को आधारमा गर्ने भन्ने प्रश्न गर्ने
- सहभागीहरूलाई उनीहरूको सामुहिक भूमि भन्नाले समुदायले कसरी बुझ्छ भन्ने बारेमा प्रश्न गर्ने
- आदिवासीहरूको व्यक्तिगत भूमिमाथिको अधिकारको सवालमा प्रश्न गर्ने
- पूर्ख्यौली थातथलोमा रहेका भूमिहरूको बारेमा छलफल गराउने
- आएका उत्तरहरूसंग सम्बन्धित रही छलफल चलाउने र आदिवासीको भू-क्षेत्र तथा श्रोतहरू (मान्यता, स्वामित्व र नियन्त्रण), संरक्षण, विकास, व्यवस्थापन, पुस्तान्तरण र वातावरणको अधिकार सम्बन्धमा तयारी सामग्री प्रस्तुत गर्ने ।
- सहभागीहरूको स-सानो समूहमा छलफल गर्ने, बुझ्केको, नबुझ्केको र अस्पष्ट भएको कुरा समूहबाट भन्न लगाउने र फेरी स्पष्ट गरि निश्कर्ष निकाल्ने ।
- अन्तमा केही जिज्ञासा भए प्रश्न गर्न लगाई स्पष्ट पारिदिने ।

समय १ घण्टा

## क्रियाकलाप ६

- भूमि, भू-भाग र श्रोतहरू (प्रथाजनित भूमि) या सामुहिक भूमिको मूख्य विशेषता के के हुन्छ भनेर सहभागीहरूमा प्रश्न राख्ने,
- प्रथाजनित संस्था के हो र किन आवश्यक हुन्छ भनेर सहभागीहरूमा प्रश्न राख्ने, प्रथाजनित संस्था के कसरी काम गर्छ भन्ने सहभागीहरूको अनुभव तथा सिकाईहरू राख्ने समय दिने,
- भूमि, भू-भाग र श्रोतहरू (प्रथाजनित सामुहिक भूमि), प्रथाजनित संस्था र भूमिको स्वामित्व तथा नियन्त्रण, व्यवस्थापन, सहभागीता, प्रतिनिधीत्व, र लाभको बाँडफाँड सम्बन्धमा तयार सामग्री प्रस्तुत गर्ने,
- प्रस्तुत सामग्रीमा सहभागीहरूको स-सानो समूहमा छलफल गर्ने, बुझेको, नबुझेको र अस्पष्ट भएको कुरा समूहबाट भन्न लगाउने र फेरी स्पष्ट गरि निश्कर्ष निकाल्ने ।

समय ३० मिनेट

## क्रियाकलाप ७

- सहभागीहरूको क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायले मानव समुदायलाई असर तथा प्रभाव पार्ने हाईड्रो पावर, ड्याम, हवाई फिल्ड, ठूला राजमार्ग, विद्युत प्रशारण लाईन, विषादी कारखाना तथा स्टोर्स, सिमेण्ट कारखाना आदि जस्ता निर्माण कार्यहरू भएका छन् भनि सोध्ने र उनीहरूको प्रतिक्रिया लिने,
- यदि भएको भए, के कसरी निर्माण भए या भइरहेका छन् ? त्यहाँको मानव समुदाय र उक्त निर्माण कार्यको के कस्तो सम्बन्ध रहेको छ ?
- यि प्रश्नहरूको जबाफमा आएका कुराहरूलाई समेट्दै र स्वतन्त्र अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) को सम्बन्धमा तयार गरिएको सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निश्कर्षमा पुग्ने ।
- अन्तमा पहिलो दिनको सबै सत्रको सारांश खिच्ने र निचोड निकाल्ने ।

# दोस्रो दिन

समय ३० मिनेट

## अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीबाट पुनरावृत्ति

सत्रको शीर्षक                                                    जम्मा समय ६ घण्टा ५० मिनेट

## दोस्रो दिनको तालीमको विषय: भूमि अधिकारका सवाल, समस्या र समाधानको उपाय

### यस विषयको उद्देश्य: यस विषय तालीमको अन्त्यमा सहभागीहरूले निम्न कुराहरूको ज्ञान लिने छन्:

१. भूमि अधिकार सम्बन्धी सवाल र समस्याको पहिचान गर्ने,
२. भूमि अधिकार सम्बन्धी सवाल र समस्याको प्राथमिकीकरण गर्ने,
३. समस्या समधानको उपाय पत्ता लगाउने,

सत्र: पहिलो                                                    समय: १ घण्टा ३० मिनेट

## विषय: भूमि सवाल र समस्याको पहिचान

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले भूमि र आदिवासीका भूमि सवाल र समस्याबारे अरूलाई बुझाउन सक्ने हुदै सवाल र समस्या पहिचान गर्न सक्ने हुनेछन् ।

**विधी:** सहभागीहरूसंग प्रश्न, भूमि सवाल र समस्या पहिचानमा समूह कार्य, प्रस्तुति तथा अन्तरक्रिया र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, अलि अस्पष्ट भएको र नबुझेको विषय उठाउने र पुन: छलफल गर्ने ।

**सामागी:** भूमि खास गरि आदिवासीका भूमि सवाल र समस्या बुझाउने चित्रात्मक सामग्री, सवाल र समस्या सम्बन्धका अरू सामग्रीहरू

समय १ घण्टा ३० मिनेट

## क्रियाकलाप १

- सहभागीहरूले काम गरिरहेको क्षेत्र, गाउँ ठाउँमा भूमि सम्बन्धका के कस्ता समस्या छन् र तिनको समाधान के कसो भनेर आएको छ भनेर प्रश्न गरि सहभागीहरूको प्रतिक्रिया लिने ।
- सहभागीहरूबाट आएको प्रतिक्रियाको आधारमा समस्या र सवाल छुट्याउने ।
- आदिवासीका भूमि र भूमि अधिकारका समस्या सहभागीहरूबाट संकलन गर्ने ।
- समूह कार्यबाट आदिवासीका भूमि र भूमि अधिकारका समस्याहरूलाई एकातिर राखेर अर्कोतिर सवालहरू राख्न लगाउने र प्रस्तुति तथा छलफल गर्ने ।
- अन्तमा भूमिको सवाल र समस्याबारे सामग्री प्रस्तुत गर्ने, सहभागीहरूसंग सामुहिक रूपमा छलफल गर्ने र निचोड निकाल्ने ।

सत्रः दोस्रो समय १ घण्टा ३० मिनेट

## विषयः आदिवासीका भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण

### यस विषयको उद्देश्य

१. सहभागीहरूले भूमि खासगरि आदिवासीका भूमि समस्या र सवालहरूको प्राथमिकीकरण गर्न सक्ने हुनेछन् ।

**विधीः** अन्तरक्रियात्मक र समस्या तथा सवालहरूको प्राथमिकीकरणको लागि समूह अभ्यासबाट आएका सवाल र समस्याहरूलाई छुट्टा छुट्टै मेटा कार्डमा लेख्न लगाउने अनि महिला र पुरूषको समूहलाई अलग अलगरूपमा भुई या बोर्डमा प्राथमिकीकरण गर्न लगाउने । यसरी नै अन्य समूहलाई पनि प्राथमिकीकरण गर्न लगाउने ।

**सामग्रीः** सवाल र समस्यालाई प्राथमिकीकरण गने विधी तथा तरिकाबारेका सामग्रीहरू । स्लाइड (ह्याण्ड आउटस्) बाक्लो खालको नक्शा कोर्न मिल्ने कार्वोड पेपर, विभिन्न रंगको मार्कर पेन, ग्लुस्टीक, मास्कीङ टेप, मेटा कार्ड, ल्यापटप, प्रोजेक्टर आदि ।

समय १ घण्टा

### क्रियाकलाप २

सहभागीहरूलाई आएका समस्याहरूलाई एकै रंगका मेटा कार्डमा एक एक गरि लेख्न लगाउने, सहभागीहरूलाई आएका सवालहरूलाई अर्को रंगका मेटा कार्डमा एक एक गरि लेख्न लगाउने, महिलाको पनि आदिवासीहरूको प्रकार विभाजन अनुसार छुट्टा छुट्टै प्राथमिकीकरण गर्न लगाउने, त्यसरी नै पुरूषहरूको पनि ५ प्रकारको विभाजन अनुसार छुट्टा छुट्टै प्राथमिकीकरण गर्न लगाउने ।

समय ३० मिनेट

### क्रियाकलाप ३

- आदिवासीका भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण सम्बन्धको सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोड निकाल्ने ।

सत्रः तेस्रो समय १ घण्टा

## विषयः भूमि खासगरि आदिवासीका भूमि सवाल र समस्याहरूको समाधानको उपाय

- आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरू (अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, महासन्धि, घोषणा पत्रहरू...,
- राष्ट्रिय कानूनहरू (संविधान, ऐन, नियम तथा निर्देशिकाहरू..)
- प्रथाजनित कानूनहरू (प्रचलन, अभ्यास तथा मान्यताहरू..)
- जन/सामुदायिक बल

## यस विषयको उद्देश्य

१. सहभागीहरूले भूमि सवाल र समस्या समाधानको उपायहरूमा कानूनी र सामुदायिक लडाईबारे बुझ्नेछन्,
२. सहभागीहरूले आदिवासीका भूमि अधिकार प्राप्त हुने आधारहरू बुझ्नेछन्,
३. सहभागीहरूले विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरूमा भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू बुझ्रेर व्याख्या गर्न सक्ने हुनेछन् ।

**विधी:** अन्तरक्रियात्मक र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझ्रेको, कन्फ्युजन भएको र नबुझ्रेको विषय उठाउने र पुनः छलफल गर्ने ।

**सामग्री:** भूमि अधिकार सम्बन्धमा देश भित्र र अन्य देशमा भएका लडाईका उदाहरण सामग्रीहरू आदिवासीका भूमि अधिकार दावी गर्ने आधारका रूपमा रहेका अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनका सूचीहरू र ति कानूनमा भएका आदिवासीका भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू व्याख्या भएको सामग्रीहरू ।

समय ३० मिनेट

## क्रियाकलाप ४

- सहभागीहरूको गाउँ ठाउँमा मानिसहरूले भूमि हक के कसरी प्राप्त गरेका छन् भनि सहभागीहरूलाई प्रश्न गरि उनीहरूको प्रतिक्रिया लिने,
- सहभागीहरूको प्रतिक्रियाको आधारमा भूमि अधिकार प्राप्त गर्ने आधारबारे व्याख्या गने, र
- आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरूमा अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, महासन्धि, घोषणापत्रहरू बारे तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय २० मिनेट

## क्रियाकलाप ५

- आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरूमा राष्ट्रिय कानून, - संविधान, ऐनहरू, नीति नियमहरू र निर्देशिका बारे तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय २० मिनेट

## क्रियाकलाप ६

- आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरूमा प्रथाजनित कानून - प्रचलन, अभ्यास तथा मान्यता बारे तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय २० मिनेट

## क्रियाकलाप ७

आदिवासीहरूले भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधारहरूमा जन बल अर्थात सामुदायिक बल किन महत्वपूर्ण हुन्छ भनि जनबलले ल्याएका परिवर्तनहरू सहभागीहरूलाई भन्न लगाउने र तयारी सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोड निकाल्ने ।

जम्मा समय २ घण्टा

## विषयः आदिवासीका भूमि अधिकार सम्बन्धमा मुख्य अधिकारहरू र तिनलाई सुनिश्चित गर्न बल पुर्याउने अन्य कानूनी प्रावधानहरू

- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९,
- आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र २००७, जातिय विभेद उन्मुलन गर्ने महासन्धि र जातिय उन्मुलन समितिका सिफासिरहरू लगायत अन्य
- राष्ट्रिय कानूनहरूः संविधानका प्रावधान, जग्गा (नाप जाँच) ऐन, २०१९, भूमि सम्वन्धी ऐन २०२१, भूउपयोग सम्बन्धी ऐन २०७६, मुलुकी देवानी संहिता २०७४ आदि ।
- सक्षम अदालतबाट स्थापना भएका नजिर तथा सिद्धान्तहरू

समय १ घण्टा ५० मिनेट

## क्रियाकलाप ८

- आदिवासीका भूमि अधिकार सवाल प्राथमिकीकरण र मुख्य भूमि अधिकार फरक हो कि त्यहि हो भनेर सहभागीहरूलाई निश्चित गर्न लगाउने ।
- ति अधिकारहरूलाई सुनिश्चित गर्न बल पुर्याउने अन्य कानूनहरू विस्तृतरूपमा छलफल गर्ने त्यसको लागि तयारी सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय १० मिनेट

## क्रियाकलाप ९

दोस्रो दिनको सत्रहरूको तयारी साराशं प्रस्तुत गर्ने र दोस्रो दिनको तालीमलाई अन्त्य गर्ने ।

# तेस्रो दिन

समय ३० मिनेट

## अघिल्लो दिनको सत्रहरूमा भएका क्रियाकलापहरूको छोट्करीमा प्रस्तुति तथा सहभागीवाट पुनरावृत्ति

सत्रको शीर्षक | जम्मा समय ३ घण्टा

## तेस्रो दिनको तालीमको विषयः आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध

### तेस्रो दिनको उद्देश्य

१. आदिवासीका भूमि अधिकार प्राप्तीमा रहेका समस्या तथा अवरोधहरूबारे जानकारी दिने ।
२. आदिवासीका भूमि अधिकारको लागि पैरवी र जनपैरवीको महत्व बुझाउने ।
३. आदिवासीका भूमि अधिकार सुनिश्चितताको लागि रणनीति र कार्यनीतिबारे जानकारी दिने ।

सत्रः पहिलो | जम्मा समय ३० मिनेट

## विषयः अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा तालमेलको अभाव (Gaps)

### पहिलो सत्रको उद्देश्य

१. अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेका आदिवासीका भूमि अधिकारमा सहभागीहरू स्पष्ट हुनेछन् ।
२. अन्तर्राट्रिय कानून र राष्ट्रिय कानून बीचको समस्याहरू थाहा पाउनेछन् ।

**विधीः** सहभागीहरूसंग प्रश्न, भूमि सवाल र समस्या पहिचानमा समूह कार्य, प्रस्तुति तथा अन्तरक्रिया र सहभागीहरूलाई ५-६ जनाको समूह विभाजन गरि समूहमा छलफल, बुझेको, अलि अस्पष्ट भएको र नबुझेको विषय उठाउने र पुनः छलफल गर्ने ।

**सामागीः** आदिवासीका भूमि अधिकार दावी गर्ने आधारका रूपमा रहेका अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनका सूचीहरू र ति कानूनमा भएका आदिवासीका भूमि अधिकार सुनिश्चित भएका प्रावधानहरू व्याख्या भएको सामग्रीहरू ।

समय १ घण्टा

### क्रियाकलाप १

- अन्तर्राष्ट्रिय कानून सुनिश्चित गरेका आदिवासीहरूको मुख्य भूमि अधिकारहरू के के रहेछन् त भनेर सहभागीहरूबाट लिने ।
- राष्ट्रिय कानूनहरूले सुनिश्चित गरेका आदिवासीका भूमि अधिकारहरू के के रहेछन् त भनेर सहभागीहरूबाट लिने ।
- समस्या कहाँ रहेछ त भनेर सहभागीहरूलाई नै छुट्याउन र खुट्याउन लगाउने ।
- सहभागीहरूले दिएको आधार बनाएर तयार सामग्रीलाई प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

जम्मा समय १ घण्टा

सत्रः दोस्रो

## विषयः राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू (भूमि अधिकार खोस्ने कूननहरूको निर्माण, औपनिवेशिक तथा अतिक्रमणकारी विकास, साँस्कृतिक अतिक्रमण र अस्तित्व नामेट गर्ने कदमहरू)

### दोस्रो सत्रको उद्देश्य

१. राज्य तथा गैर-राज्य पक्षका क्रियाकलाप जस्तै प्रतिकुल कानून निर्माण, विभिन्न विकास कार्य आदिले के कसरी आदिवासीहरूको भूमि अधिकार खोस्ने, उपनिवेश खडा गर्ने, साँस्कृतिक अतिकमण गरि अस्तित्व नामेट पार्ने कार्यहरू भईरहेको छ भन्ने बारेमा जानकारी दिने ।

**विधीः** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन ।

**सामग्रीहरूः** आदिवासीका भूमि अधिकार खोस्ने कानून निर्माणको समय रेखा, विभिन्न कम्पनीहरूले विकासको नाममा आदिवासीका भूमि तथा संस्कृतिमाथी अतिक्रमणका उदाहरणहरू ।

समय १ घण्टा

### क्रियाकलाप २

- भूमि लडाई र सो लडाईमा कस्ता कस्ता कानून प्रयोग भएको पाउनु भयो भन्ने सहभागीहरूको अनुभव भन्न लगाउने,
- सडक निर्माण, जलविधुत परियोजना, भौतिक संरचना निर्माण, प्राकृतिक स्रोतका दोहन, निकुञ्ज जस्ता विकासका नाममा गरिने भूमि अतिक्रमणले जनजीवन, संस्कृति, आस्था, जीवन यापन आदिमा पारेको असर प्रभावबारे सहभागीहरूलाई भन्न लगाउने,

सत्रः तेस्रो जम्मा समय १ घण्टा

## विषयः कानून कार्यान्वयनमा व्यावधान (राज्यको संरचना, कर्मचारी संरचना, प्रवृत्ति आदि)

### दोस्रो सत्रको उद्देश्य

१. अन्तर्राष्ट्रिय कानून र कतिपय राष्ट्रिय कानूनहरू किन कार्यान्वयन भएको छैन भन्ने सहभागीहरूले थाहा पाउनेछन्

**विधीः** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन ।

**सामग्रीहरूः** राज्यको संरचना, कर्मचारी संरचना र निर्णय प्रक्रियाको डाईग्रामीक सामग्रीहरू ।

समय १ घण्टा

### क्रियाकलाप ३

- सहभागीहरूबाट राज्यको संरचना कस्तो छ के छ ? संरचना कति तहको छ र कस्को के अधिकार तथा दायित्व छ ? कानून कसरी बन्छ ? नीतिहरू कसरी बन्छ ? कानून र नीतिहरू कसरी कार्यान्वयन हुन्छ ? निर्णयहरू के कसरी हुन्छ ? कार्यान्वयन गर्ने संरचनामा को रहन्छ ? कार्यान्वयन गर्ने संरचनामा आदिवासीहरू कति रहेका छन् ? जस्ता प्रश्नहरूको प्रतिक्रिया लिने ।
- सहभागीहरूको प्रतिक्रियाको आधारमा तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय १ घण्टा

### क्रियाकलाप ४

- आदिवासीका भूमि अधिकार सम्बन्धका कानून, नियम तथा नीतिहरू कार्यान्वयनका बाधक के रहेछ भनेर सहभागीहरूलाई खुट्याउन लगाउने र तयार सामग्री प्रस्तुत गरि छलफल गर्ने अनि निचोडमा पुग्ने ।

**सत्रः चौथो** जम्मा समय १ घण्टा

## विषयः आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव (पैरवी, जनपैरवी, परिचालन र भूमि, संस्कृति र थातथलो प्रति उदासिनता)

### तेस्रो सत्रको उद्देश्य

१. सहभागीहरूले समुदायमा अधिकार प्राप्ति, अभ्यास तथा समस्या समाधानकालागि गरिने सचेतना र संगठित प्रयासबारे बुझ्नेछन् ।
२. भूमि, संस्कृति र थातथलो प्रति आदिवासीहरूको उदासिनताले कसरी आदिवासीका भूमि अधिकार प्राप्तीमा अवरोधको काम गरेको छ भन्ने सहभागहिरूले बुझ्नेछन ।

**विधिः** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन ।

**सामग्रीः** आदिवासीका भूमि अधिकार लगायत अन्य विषय समेटिएका सुचना, शिक्षा तथा सन्चार (IEC) सामग्रीहरू

समय १ घण्टा

### क्रियाकलाप ५

- समुदायका सबै सदस्यहरूलाई माथिका सत्रहरूमा छलफल भएको कानून, राज्यको संरचना, विभिन्न तहको राज्यको संरचनाको अधिकार र दायित्व, भूमिमा आदिवासीका अधिकारबारे थाहा छ वा छैन सो बारेमा सहभागीहरूलाई सोधी प्रतिक्रिया लिने ।
- समुदायमा केही मानिसलाई माथिको विषयमा थाहा छ या छैन । धेरैलाई थाहा छैन या थाहा भए पनि संगठित प्रयास भएको छ या छैन जस्ता प्रश्नहरूबाट समुदाय तहको वास्तविक अवस्था थाहा पाउने, र त्यसको आधारमा आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव शिर्षकमा तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।
- बसाईँ सराइ गरेका आदिवासीमा संस्कृति, थातथलो प्रतिको भावनात्मक सम्बन्धमा परेको फरक के के र कसरी देख्नु भएको छ भनेर उक्त विषयमा सहभागीहरूलाई भन्न लगाउने ।

जम्मा समय ४ घण्टा

तेस्रो दिनः दिउँसोको तालीमको

## विषयः आदिवासीका भूमि अधिकार सम्बन्धमा पैरवी र जनपैरवी, रणनीति र कार्यनीति

### यस विषयको उद्देश्य

१. सहभागीहरूलाई आदिवासीका भूमि अधिकार प्राप्तीको लागि पैरवी, जनपैरवी, रणनीति र कार्यनीतिको महत्वबारे बुझाउने ।

सत्रः पाँचौ समय १ घण्टा

## विषयः पैरवी र जनपैरवी

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले पैरवी र जनपैरवी के कसरी गरिन्छ भन्ने बुझेर प्रयोग गर्न सक्नेछन् ।

**विधीः** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन ।

**सामग्रीः** सफल पैरवी तथा जनपैरवीका उदाहरणहरूका सामग्रीहरू ।

समय ३० मिनेट

### क्रियाकलाप ६

- भूमि तथा जग्गा सम्बन्धिका मुद्दाहरू कहि कतै सल्टीएको पाउनु भएको छ ? सल्टीएको भए के कसरी सल्टीएको हो ? कुनै समुदायको सामुहिक भूमि सम्बन्धिको मुद्दा या समस्या सल्टीएको भए के कसरी समाधान भएको हो ? आदि प्रश्नहरूको प्रतिक्रिया सहभागीबाट लिनु पर्ने र ति प्रतिक्रियाको आधारमा पैरवी र जनपैरवी सम्बन्धी तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

समय ३० मिनेट

### क्रियाकलाप ७

- **समूह कार्यः** सहभागीहरूले छनौट गरेको आदिवासीका भूमि अधिकारको समस्या तथा सवालमा पैरवी र जनपैरवी के हो र तिनका विभिन्न चरणहरूबारे सहभागीहरूले समूह कार्य गर्ने, प्रस्तुत गर्ने, छलफल गर्ने ।

सत्रः छैटो समय १ घण्टा

## विषयः पैरवी र जनपैरवीको मार्ग चित्र

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले कुनै सवालमा पैरवी तथा जनपैरवीको पूर्ण/समग्र नक्शा खिच्न सक्नेछन् ।

**विधीः** सवाल छनौट र सहभागीहरूद्वारा समूह अभ्यास तथा प्रस्तुति र छलफल

**सामग्रीः** फ्लीप चार्ट, मार्कर, ग्लुस्टीक, मास्कीङ टेप

समय १ घण्टा

### क्रियाकलाप ८

- सहभागीहरूले समूह कार्यबाट कुनै पनि सवालमा लागू हुने पैरवी र जनपैरवीको मार्ग चित्र बनाउने, प्रस्तुत गर्ने र छलफल गर्ने ।
- पैरवी र जनपैरवीको मार्ग चित्र सम्बन्धमा तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने ।

सत्रः सातौ जम्मा समय १ घण्टा

## विषयः भूमि अधिकार उलंघनमा कानूनी उपचार र विधी तथा प्रक्रियाहरू

### यस सत्रको उद्देश्य

- समुदायका सदस्यहरूलाई आफैले भूमि अधिकार उल्लंघनको विरूद्धमा सम्बन्धित निकायहरू (गा.पा. न.पा., जिल्ला प्रशासन कार्यालय, परियोजनाका गुनासा सुन्ने निकाय वा व्यक्ति, अर्धन्यायिक निकाय आदि) मा अधिकार दाबी गर्ने उपाय र तरिकाको विषयमा जानकारी दिने ।
- भूमिसंग गाँसिएका सामूहिक वा व्यक्तिगत मानव अधिकार उल्लंघनमा मानव अधिकार आयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संघसंस्था जस्ता उजुरी तथा गुनासा सुन्ने संस्थाहरूको उजुरी प्रक्रियाबारे जानकारी दिने ।
- सामुहिकरूपमा अधिकारको कानूनी लडाईबारे जानकारी दिने ।

**विधीः** लेक्चर तथा उजुरी लेख्ने अभ्यास गर्ने गराउने ।

**सामग्रीहरूः** उजूरीका ढाँचा, फुलस्केप पेपर, टिकट लगायत

समय १ घण्टा

**क्रियाकलापः** लेक्चर विधिबाट उजुरी संयन्त्र तथा प्रक्रियाको बारेमा जानकारी दिने र आफ्ना समुदायमा घटेका मानव तथा सामुहिक अधिकार बारे उजुरी लेख्न समूह कार्य गर्न लगाउने ।

सत्रः आठौ समय १ घण्टा

## विषयः आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति तथा रणनीतिक योजना

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति तथा रणनीतिक योजनाको महत्व बुझ्नेछन् ।

**विधीः** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन ।

**सामग्रीः** रणनीति र कार्यनीतिका विभिन्न उदाहरण भएका सामग्रीहरू ।

### यस सत्रको उद्देश्य

१. सहभागीहरूले आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति तथा रणनीतिक योजनाको महत्व बुझ्नेछन् ।

| |
|---|
| **विधी:** प्रस्तुति र अन्तरक्रियात्मक, समूह छलफल र स्पष्ट बनाउने प्रक्रियाको अवलम्बन । |
| **सामग्री:** रणनीति र कार्यनीतिका विभिन्न उदाहरण भएका सामग्रीहरू । |
| समय १ घण्टा<br>**क्रियाकलाप ९**<br>■ सहभागीहरू काम गरिरहेको क्षेत्रमा कुनै पनि सवालमा आवाज उठाईसके पछि सफलतामा पुगेको छ ? सफलतामा पुगेको छ भने कसरी पुग्यो भनेर सहभागीहरूबाट प्रश्नको प्रतिक्रिया लिने । यदि असफलता भए के कारणले असफलता भएको भन्ने लागेको छ ?<br>■ सहभागीहरूको प्रतिक्रियाको आधारमा आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति तथा रणनीतिक योजना सम्बन्धको तयार सामग्री प्रस्तुत गर्ने, छलफल गर्ने र निचोडमा पुग्ने । |
| सत्र: नवौं समय १ घण्टा<br>**विषय: पहिचानित भूमि अधिकारको सवालमा रणनीति र कार्यनीति सहित समग्र योजनाको निर्माण** |
| **यस सत्रको उद्देश्य**<br>१. सहभागीहरूले आफू संलग्न रहेको आदिवासीका भूमि अधिकारको सवालमा रणनीति र कार्यनीति सहितको समग्र योजनाको खाका बनाउन सक्नेछन् । |
| **विधि:** सवाल छनौट र सहभागीहरूद्वारा समूह अभ्यास तथा प्रस्तुति र छलफल । |
| **सामग्री:** फ्लीप चार्ट, मार्कर, ग्लुस्टीक, मास्कीङ टेप, |
| समय १ घण्टा<br>**क्रियाकलाप १०**<br>■ सत्र चौथो देखि छैठौ सत्र सम्मका विषयहरूमा छलफल भई निचोडमा आएका कुराहरूलाई समेटेर पहिचान गरिएको आदिवासीका भूमि अधिकार सवाललाई सफलतामा पुर्याउन रणनीति, कार्यनीति सहित समग्र योजनाको निर्माण गर्न समूह कार्य गर्ने, प्रस्तुत गर्ने, छलफल गर्ने र अन्तिमरूप दिने । |
| ३ दिनको तालीमको सारांस समय ३० मिनेट<br>अन्तमा प्रशिक्षक सहित सहभागीहरूले ३ दिनको तालीमको सारांस खिच्ने र तालीम सत्रको अन्त्य गर्ने । |
| तालीम समापन कार्यक्रम समय ३० मिनेट<br>**आयोजक संस्थाको निर्णय र योजना अनुसार ।** |

# खण्ड: सात

## तालीम विषयसंग सम्बन्धित पाठ्य तथा अध्ययन सामग्रीहरू



# पहिलो दिन

# विषयः आदिवासीका भूमि अवधारणा र महत्व

## पहिलो सत्रः भूमि, आदिवासी र भूमि

### क. भूमि भनेको के हो ? आदिवासी भनेको को हो ? आदिवासी र भूमिको के सम्बन्ध छ ?

भूमि भनेको माटो हो, ढुंगा हो, जंगल हो, नदी, खोला खोल्सी र डाँडा पहाड हो जो सबै जीव जन्तुहरूको आश्रय स्थल र आध्यात्मीक विश्वासको केन्द्रको रूपमा रहेको छ । सारमा भूमि भनेको भू-भाग, भु-क्षेत्र, त्यससंग जोडिएको जग्गा, जमिन, खोलानाला, खानी खनिज र जमिन सतहमाथिको क्षेत्र तथा सम्पूर्ण वातावरणसमेत पर्दछ । त्यसैले भूमि भन्नाले भू-सतह, सतहभित्र र सतहमाथिको क्षेत्रलाई जनाउँछ । आदिवासीहरूले भूमिलाई संस्कृति, जीवन, पुर्ख्यौली थलो, पुर्खाहरूको आत्मा रहने स्थान, सामाजिक आध्यात्मीक विश्वासको केन्द्र, उनीहरूको पुजा आजा गर्ने स्थिर देवताहरू रहेको स्थल, बासस्थान, जीवन निर्वाहको आधार तथा लालन पालन गर्ने आमाको रूपमा बुझ्दछन् । यसको अर्थ भूमि भनेको भौतिक, साँस्कृतिक, सामाजिक तथा आध्यात्मीक जीवनको मूल आधार हो । आदिवासीहरूले भूमिलाई सम्पत्ति, घरवास र कृषि उत्पादन गरिने भूमिकोरूपमा मात्र लिदैनन् । जब कि गैर आदिवासीहरूले भूमिलाई आर्थिक पाटोबाट हेर्छन र घरबास, कृषि उत्पादन गरिने जमिन, सम्पत्ति तथा जीवन निर्वाहको साधनकोरूपमा मात्र लिन्छन् । सारमाः आदिवासीहरूको भूमिसंग दुई प्रकारका सम्बन्ध रहेको हुन्छ । जस अन्तरगत भौतिक (Physical) र अभौतिक (Meta-Physical) सम्बन्ध पर्दछन् भौतिक सम्बन्धमा जिवन निर्वाह, आर्थिक, साँस्कृतिक स्थल आदि जोडिन्छ । अभौतिक सम्बन्धमा पहिचान, आध्यात्मिकता, गुथी, जात्रा, परम्परा र मूल्य मान्यतासंग जोडिएको हुन्छ ।

> **भूमिको सम्बन्धमा**
> - गैर आदिवासी बुझाई
> - आदिवासी बुझाई
>
> **आदिवासीको बिशेषता**
> - आई.एल.ओ. महासन्धि नं. १६९ अनुसार
>
> **सारमा आदिवासी भनेको**
> - प्राचिन समयदेखि खास भौगोलिक क्षेत्रमा निरन्तररूपमा बसिआएका मानव समुदायको सन्तान या सो भौगोलिक क्षेत्रका पहिलो बासिन्दाका सन्तान हुन् ।

आदिवासी भनेको आइ.एल.ओ. महासन्धि नं. १६९ को धारा १ को उपधारा १ मा आदिवासीलाई पहिचान गर्न ३ वटा समय अवस्थालाई आधार मानिएको छ । पहिलो समय अवस्था भनेको जुन मुलुक या भौगोलिक क्षेत्रमा उनीहरू बसोबास गरिरहेका छन त्यो मुलुक या भौगोलिक क्षेत्रलाई अरूले बिजय (Conquest) गर्दाको समयमा या समय पूर्व देखि उक्त मुलुक या भौगोलिक क्षेत्रमा बसोवास गरेका समुदायका सन्तान भनिएको छ या दोस्रो समय अवस्था भनेको जुन मुलुक या भौगोलिक क्षेत्रमा उनीहरू बसोवास गरिरहेका छन त्यो मुलुक या भौगोलिक क्षेत्र औपनिवेशीकरण

(Colonization) भएको बेला या सो बेला भन्दा अघि देखि उक्त मुलुक या भौगोलिक क्षेत्रमा बसोवास गरेका समुदायका सन्तान भनिएको छ या तेस्रो समय अवस्था भनेको वर्तमान राज्यको सिमाना निर्माण (Establishment) हुँदाको समय या सो समय पूर्व देखि उक्त मुलुक या भौगोलिक क्षेत्रमा बसोबास गरेका समुदायका सन्तान भनिएको छ ।

सारमा आदिवासी भनेको प्राचिन समयदेखि खास भौगोलिक क्षेत्रमा निरन्तर बसिआएका मानव समुदायको सन्तान या सो भौगोलिक क्षेत्रका पहिलो बासिन्दाका मानव समूहका सन्तान दरसन्तान हुन् जहाँ तिनीहरूले आफ्ना संस्कृति, संस्कार, जीवन पद्धति, प्रथाजनित कानून र आध्यात्मीक विश्वास प्रणाली विकास गरे अनि पृथक पहिचान बनाए र सो भूमिसंग अत्योन्याश्रीत सम्बन्ध बनाए । यसैले, आदिवासीसंग भूमि र भू-क्षेत्र अन्योन्याश्रीत रूपमा जोडिएको हुन्छ ।

## दोस्रो सत्रः भूमि सम्बन्धि अवधारणाहरू र नेपालमा यसको कार्यान्वयन

### ख. भूमि सम्बन्धी कस्ता कस्ता अवधारणाहरू छन् ? भूमि सम्बन्धीका

२ वटा अवधारणा छन्:

(१) भूमि आदिवासीहरूको हो, र

(२) भूमि राज्यको हो ।

पहिलो अवधारणा अनुसार भूमि आदिवासीहरूको हो जस्को प्राचिन समयदेखि उक्त भू-क्षेत्रसंग अन्योन्याश्रीत सम्बन्ध रहिआएको छ, जस्ले भूमिलाई संस्कृति, जीवन, पुर्ख्यौली थलो, पुर्खाहरूको आत्मा रहने स्थान, सामाजिक आध्यात्मीक विश्वासको केन्द्र, उनीहरूको पुजा आजा गर्ने स्थिर देवताहरू रहेको स्थल सहित बासस्थान र जीवन निर्वाहको आधारको रूपमा लिन्छन्, जहाँ उनीहरूको घर बास, कृषि उत्पादन गर्ने देखि शिकार गर्ने, सबै खाले खाद्य सामग्री जम्मा गर्ने, साँस्कृतिक, सामाजिक र जीवन यापनको लागि एउटा बृहत भू-क्षेत्रमा उनीहरूको बिचरण हुन्छ भूमि तिनीहरूको हो । त्यसैले, भूमि आदिवासीहरूको पहिचान, अस्तित्व र जीवन हो । जीवन जिउने न्यूनतम आधार हो । भूमिसंग उनीहरूको भावनात्मक सम्बन्ध रहेको हुन्छ । यसर्थ यस अवधारणाले भूमिमा तिनै आदिवासीको स्वामित्व र नियन्त्रण रहन्छ र रहनु पर्दछ भन्दछ ।

दोस्रो अवधारणा अनुसार आदिवासीहरूको यस्तो भू–क्षेत्रमाथी प्राचिन समयदेखि आदिवासीहरूको नियन्त्रण र उपभोग भई आएको थियो । समयको विभिन्न कालखण्डमा राज्य शक्तिको बलमा आदिवासीका भूमि

**भूमि सम्बन्धको अवधारणा**

- भूमि आदिवासीहरूको हो,
- भूमि राज्यको हो ।

विभिन्न अन्तर्राष्ट्रिय कानून आए पछि, नवआगन्तुकहरूले विभिन्न मान्यता तथा सिद्धान्तहरू प्रतिपादन गरेर भूमि आदिवासीहरूबाट लिएकोले आदिवासीहरूलाई न्याय गर्न

- भूमि आदिवासी र राज्यको दुदैको हो । भन्ने मान्यता बिस्तारै स्थापित हुदैछ ।

अन्य नव आगन्तुकहरूबाट हडप्न खाली भूमि जस्ले चर्च्यो त्यसैको हुन्छ (Doctrine of Terra nullius) भन्ने सिद्धान्त प्रतिपादन गरे । यसरी नै आदिवासीहरूको भूमि खोस्न सबै भूमि राज्यको (Doctrine of Eminent Domain) हुन्छ भन्ने अर्को सिद्धान्त बनाए । यसलाई राज्यको सर्वोपरि अधिग्रहण अधिकार पनि भनिन्छ । कतिपय देशमा व्यक्तिको सम्पत्ति सार्वजानिक हितको लागि राज्यले लिने व्यवस्था हुन्छ भने कतिपय देशमा आर्थिक फाइदा हेरेर व्यक्तिको जमिन यस अधिकार प्रयोग गर्दै राज्यले धनीमानि कम्पनी वा व्यक्तिलाई दिने गरिन्छ । यसरी नै उपनिवेश भएको देशको भूमि सबै राजाको हुन्छ (Regalian doctrine and crown's lands) भन्ने अवधारणा तथा सिद्धान्तको प्रतिपादन गरेर आदिवासीका भूमि खोसिए र नव आगन्तुकहरूले अतिक्रमण गरे आफ्नो बनाए भने राज्यले आदिवासीहरूको भूमि खोसेर लग्यो र राज्य सरकारलाई तिरो तिरेर भोग चलन गर्ने बनायो । आदिवासी समुदायबाट राज्यले खोसेर लगेको केही जमिन राज्य सरकारलाई तिरो तिरेर व्यक्तिले भोग चलन गर्ने बनायो जसलाई अहिले निजी जग्गा भन्ने गरिन्छ । यि खोसेर लिएका भूमि मध्ये कतिपय संघ संस्थालाई दियो । एउटा ठूलो हिस्सा बिर्ता, जागिर तथा रकमको नाममा ब्राह्मण, क्षेत्री लगायत दरबारका आसेपासेहरूलाई दियो । कतिपय सरकारी कार्यालय राख्न प्रयोग गर्यो भने कतिपय वन उपभोक्तालाई दियो । एउटा ठूलो हिस्सा अहिले पनि ओईलानी पर्ति जमिन, नदी, खोला, राष्ट्रिय बन, निकुन्ज, संरक्षण क्षेत्र आदिको नाममा राज्यले आफ्नो स्वामित्व र नियन्त्रणमा राखिराखेको छ । यसर्थ, अहिले भूमि राज्यको हो भनेर बुझ्ने गरिएको छ र राज्यले त्यहि अनुसारको कानून बनाएको छ । यसैले, सार्वजनिक हितको लागि भनेर राज्यले चाहेको अवस्थामा राज्यले तोकेको क्षतिपूर्ती दिएर या नदिएर व्यक्तिको जमिन सार्वजनिक प्रयोगको लागि अधिग्रहण गर्न/लिन सक्ने कानून बनाएको छ । सार्वजनिक प्रयोगको लागि जमिन अधिग्रहण गर्ने कुरा संविधान सहित जग्गा प्राप्ती ऐन, २०३४ मा उल्लेख गरिएको छ ।

यहि अवधारणा अन्तर्गत आरक्ष र संरक्षणको नाममा पनि विभिन्न ऐनहरू २०१५ सालदेखि नै आएको देखिन्छ, जस्तो जंगली जीवजन्तु संरक्षण ऐन, २०१५, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जलस्रोत ऐन २०४९, बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली २०५३, जलचर संरक्षण ऐन, २०१७, जस्ता ऐन तथा नियमहरूले वन्यजन्तु जलचर यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण, जलस्रोतको नियन्त्रण र व्यवस्थापन गर्न कुनै पनि क्षेत्रलाई आरक्षण, निकुञ्ज तथा संरक्षित क्षेत्र घोषणा गर्न सक्ने प्रवधानहरू राखिएको छ ।

यहि अवधारणा अन्तर्गत नेपाल सरकारले भोग चलनमा रहेको जग्गा, शिक्षण, स्वास्थ्य, उद्योग आदि प्रयोजनको लागि हदबन्दी नलाग्ने बन्यो । सार्वजनिक हितका लागि नेपाल सरकार आफै वा अन्य संघसंस्थालाई भूमि उपलब्ध गराउन सक्ने बन्यो । विकासको नाममा सार्वजनिक हितको लागि सूचना प्रकाशित गरि जग्गा अधिग्रहण गर्न सक्ने संवैधानिक व्यवस्था बन्यो र ऐनहरूमा त्यहि अनुसार व्यवस्था गरिए । यसरी नै भूमि व्यवस्थापन गर्ने नाममा जमीनको हदबन्दी, किसिम, जग्गा दर्ता गर्ने व्यवस्था गर्न विशेष ऐनहरू निर्माण भए । त्यसैगरि, भूमि कर तथा मालपोतको व्यवस्था गर्ने कानूनहरूको निर्माण जस्तो मालपोत ऐन बनाईए । यहि अवधारणाको उपज स्वरूप सरकारी सेवा गरेबापत तथा शासन नजिकका

व्यक्ति तथा विशेष गरी आर्य समुदायका व्यक्तिहरूलाई शासकहरूबाट जग्गा दिने व्यवस्था गरिए जस्तो जागिर विर्ता आदि ।

भूमि राज्यको हो भन्ने अवधारणा आउनु अघि भूमिहरू आदिवासी समुदायले आफ्नो प्रथाजनित कानून अनुसार नियन्त्रण र व्यवस्थापन गरेका थिए । भूमि उनीहरूको सामुदायिक स्वामित्वमा थियो ।

भूमि सम्बन्धी ऐन २०२१ बन्नु अघि हाम्रो देशमा पूर्व नेपालमा विशेष गरी सन्धि, लालमोहर, सनद, सवाल, रूक्का, इस्तिहार, आदेश आदिले नै भूमि सम्बन्धी व्यवस्था हुने गर्द थियो । आदिवासीको सामुदायिक भूमिहरूलाई पनि केहि मात्रामा मान्यता दिइएको थियो जस्तैः किपट, खर्क, चरिचरण, वनजंगल आदि । त्यसपछि आदिवासीहरूको परम्परागत सामुदायिक भूमि क्रमश जागीर, जगेरा, बिर्ता, सेरा आदिमा परिणत गराइदै लगिए । सामुदायिक भूमि (किपटलगायत) को क्षेत्र, अधिकार र अवधारणा संकुचित बनाउँदै लगियो । आदिवासीको सामुदायिक भूमिबाट ऐन ल्याएर वा ऐन बिना नै विभिन्न नाम तथा बहानामा सरकारी, सार्वजनिक तथा व्यक्तिगत स्वामित्वमा लगेर बिस्थापन गर्ने काम भयो ।

त्यसपछि हाल जग्गा (नाप जाँच) ऐन, २०१९ प्रचलनमा आएपछि यसले जग्गाको नापजाँच, दर्ता र किसिम तोक्ने भनी राज्यको सम्पूर्ण जग्गा व्यक्ति, सरकार र सार्वजनिक गरी तीन प्रकारमा विभाजन गरी जग्गा नापजाँच गरियो । जग्गा (नाप जाँच) ऐन २०१९, भूमि सम्बन्धी ऐन, २०२१ र मालपोत ऐन, २०३४ ले जमिनको हद्बन्दी, वर्गिकरण, उपयोग र मालपोत तोक्ने काम गर्यो । भूमि सम्बन्धि ऐन, २०२१ तथो मुलुकी ऐन २०२० ले हालसम्म किपट व्यवस्थाको अस्तित्वलाई कानूनत प्राविधीक हिसावले स्वीकार गरेको अवस्था छ । यद्यपी  २०७४ सालमा जारी गरिएको मुलुकी देवानी संहिता,

| भूमिको अवधारणा | |
|---|---|
| **आदिवासी अवधारणा** | **पश्चिमा अवधारणा** |
| सामूदायिक महत्व, पहिचान र अस्तित्वसंग जोडिएको हुन्छ । | व्यक्तिगत धन सम्पत्ति र फाइदाको रूपमा लिन्छ । |
| पवित्र स्थान | शुद्ध आर्थिक र भौतिक विकासको वस्तु |
| मानवमात्र मुख्य होइन भूमिमा जोडिएका सवैको सह अस्तित्व रहन्छ । | मानव मुख्य तथा मानवको लागि भूमि  एक साधन मात्र हो । |
| प्रकृति सम्मत् तरिकाले व्यवस्थापन तथा सदुपयोग गर्ने | प्रकृतिको नियमलाई ध्यान नदिइ भूमिको प्रयोग गर्दछ । |
| प्रथा–पथाजनित र साँस्कृतिक विषयले प्रशासन सञ्चालन हुन्छ । | राज्यको कानून नीति नियमबाट प्रशासन हुन्छ । |
| आदिवासीको स्थायी सार्वभौमिक अधिकार रहन्छ । | राज्यमार्फत् बाहिरियाले हडप्ने सिद्धान्त प्रिन्सिपल आफ टेरा नलियस (Principle of Terra Nullius)  र एमिनेण्ट डोमेन (Eminent Domain) बाट सञ्चालन हुन्छ । |
| सामुहिक भूमि किन बेच हुन सक्दैन । | व्यक्तिगत जग्गा जमिन किन बेच हुन्छ । |

२०७४ ले किपट व्यवस्थाको विषयमा कुनै कुरा बोलेको छैन । व्यवहारमा किपट जग्गा अहिलेसम्म पनि समुदायले नै हकभोग गरि आएका कैयौं उदाहरणहरू छन् । मुलुकी देवानी संहिता, २०७४ को दफा ३०१ मा सामुदायिक भूमि भन्ने शब्द उल्लेख गरेता पनि कार्यान्वयनको तहमा त्यो नदेखिने बनाउने काम भयो । २०३४ सालमा जग्गा आवाद् गर्ने, तथ्याङ्क राख्ने र मालपोत असुली गर्ने भन्ने विषयगत मालपोत ऐन, २०३४ ल्याएर बाँकी रहेको खर्क, चरन आदि प्रयोगमा रहेका सामुदायिक जग्गाहरू पुनः सरकारी र सार्वजनिक तथा व्यक्तिको नाममा दर्ता गरी स्वामित्व परिवर्तन गर्ने काम भयो र यस्तो सरकारी जग्गहरूमा व्यक्ति तथा समुदायको प्रवेश तथा आवाद्मा रोक लगाउने काम भयो ।

### ग. नेपालमा यि अवधारणाहरूको कार्यान्वयन के कसरी भएको छ ?

नेपालमा हाल भूमि राज्यको हो भन्ने अवधारणा मात्र कार्यान्वयन भईरहेको छ । यहि अवधारणा अनुसार संविधान, ऐन तथा नियमहरू निर्माण भएका छन् । तिनै कानूनहरू हाम्रो देशमा अहिले कार्यान्वयनमा छन् । भूमि सम्बन्धि मुख्य ऐनहरू भूमि ऐन र भू-उपयोग ऐन हुन् । यि दुवै ऐनहरू भूमि राज्यको हो भन्ने अवधारणाबाट निर्देशित छन् ।

नेपाल राज्यले अन्तर्राष्ट्रिय कानूनकोरूपमा रहेको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र आदिवासीहरूको अधिकार सम्बन्धी संयूक्त राष्ट्रसंघीय घोषणा पत्र २००७ लाई स्विकार गरि भूमि आदिवासी र राज्य दुवैको हो भन्ने अवधारणालाई स्वीकार भने गरेको छ तर राष्ट्रिय कानूनमा तिनीहरूलाई अहिलेसम्म समावेश गरिएको छैन । यसलाई राष्ट्रिय कानूनमा समावेश गर्ने दायित्व राज्य तथा राज्य सरकारको हो ।

## तेस्रो सत्र आदिवासीका लागि भूमिको महत्व र भूमि अधिकार

### घ. आदिवासीका लागि भूमि किन महत्वपूर्ण छ ?

आदिवासीलाई भूमिको अधिकार भएन भने अरू कुनै अधिकार नै अभ्यास गर्न सक्दैन (No Rights for Indigenous Peoples without lands' Rights) आदिवासी सम्बन्धित सबै अधिकारहरूको जग भूमि अधिकार हो ।

भूमि आदिवासीको पहिचान हो । आदिवासीका संस्कृति, भाषा, जीवन पद्धति तथा आध्यात्मीक आस्था सबै आदिवासीहरू परम्परागतरूपमा बसिआएको भूमिमा निर्माण भएको र अभिन्न तथा अन्योन्याश्रीतरूपमा गाँसिएको छ । आदिवासीहरूलाई उनीहरूको प्रथाजनित/पुर्ख्यौली भूमिबाट बेदखल गरिए उनीहरूको भाषा, संस्कृति, जीवन पद्धति र आध्यात्मीक आस्थामाथी आक्रमण हुन्छ । त्यसले ढिलो या चाडो उनीहरूको अस्तित्व समाप्त हुन्छ या अन्य मानव समूहमा बिलय हुन्छ र अस्तित्व सिद्धिन्छ ।

## ङ. आदिवासीका भूमि अधिकार भनेको के हो र कसरी बुझ्ने ?

आदिवासीका भूमि अधिकार भनेको भूमिमा सामुहिक अधिकार (Collective Rights) हो यद्यपी आदिवासीका भूमिमा व्यक्तिगत अधिकार (Individual Rights) पनि रहन्छ । यसको अर्थ, भूमि (भूमि, भू-क्षेत्र तथा श्रोतहरू) मा आदिवासीहरूको सामुहिक स्वामित्व, नियन्त्रण र व्यवस्थापन भन्ने हो । भूमि, भू-क्षेत्र तथा श्रोतहरूलाई अर्को अर्थमा आदिवासीहरूको परम्परागत/प्रथाजनित/पुर्ख्यौली भूमि पनि भनिन्छ । आदिवासीहरूले परम्परादेखि बसोवास गरेको भूमिमा उनीहरूको सामुहिक अधिकार रहन्छ । सामुहिक अधिकार अन्तरगत व्यक्तिगत अधिकार पनि रहन्छ । आदिवासीका भूमि अवधारणा व्यापक छ । जस अनुसार भूमि मानवकोमात्र नभई सम्पूर्ण जीव र जगतको अस्तित्वको समग्रता हो । यो मान्यता अनुसार भूमिको आफ्नै जीवन र आत्मा छ यो आध्यात्मिक मान्यताको कुरा हो ।

आदिवासीका सामुहिक भूमि अधिकार भित्र उक्त परम्पारगत/प्रथाजनित/पुर्ख्यौली भूमिको संरक्षण, विकास तथा वातावरण एवम् पर्यावरणको संरक्षण र निरन्तरतालाई पनि समेट्छ ।

**भूमिः ब्यक्तिगत र सामूहिक भूमि**

- पहिचानः उत्पत्ति, भाषा, संस्कृति, जीवन पद्धति, इतिहास, आध्यात्मिक आस्था, पुरतत्व तथा सम्पदा, सामाजिक, रीतिथिति आदिसंग जोडिएका मुल्य र मान्यता
- अस्तित्वः जीविकोपार्जन, पेशा व्यवसाय, शीप कला, ज्ञान, प्रविधि
- भूमिभित्र समेटिने पक्षहरूः पूर्ख्यौली थातथलो, भू-भाग, भू-क्षेत्र, जल, जमिन, जंगल, खानी र खनिज, वातावरण आदि
- सामुहिक अधिकारः साझा भाषा प्रयोग, प्रचलन, विकास तथा तिनलाई जीवन्त बनाई राख्न, साझा संस्कृति प्रयोग, प्रचलन, विकास तथा तिनलाई जीवन्त बनाई राख्न, साझा जीवन पद्धति र विश्वासको लागि भूमि, भू-क्षेत्र, प्राकृतिक श्रोत तथा वातावरणको दिगो प्रयोग, प्रचलन, जीवन्तता प्रदान गर्नु र संरक्षण तथा प्रबर्धन गर्न सामुहिक अधिकार हो । यसर्थ, यि कुराहरूको बचावटको लागि आदिवासीहरूले अभ्यास गर्न पाउनु पर्ने स्वायत्तता, स्वशासन, आत्मनिर्णयको अधिकार, राष्ट्रियताको पहिचान, सामुहिक जीवन पद्धति, आत्मनिर्णीत बिकास आदि सामुहिक अधिकार हुन ।

भूमि पुर्खादेखि नै पुस्तान्तरण हुँदै आएको छ र यसलाई जस्ताको तस्तै पुस्तान्तरण गर्नुपर्दछ । आदिवासीहरू भूमिका संरक्षकहरू हुन् र भूमिमा व्यक्तिगत (Individual) र सामूदायिक/ सामुहिक (Collective) सम्बन्ध रहन्छ । वास्तवमा आदिवासीहरूको विशिष्ट (छुट्टै खालको) र ठूलो साँस्कृतिक, आध्यात्मिक र भौतिक सम्बन्ध पुर्ख्यौली थातथलोसंग रहन्छ । भूमि सामुदायिक पहिचान र समृद्धिसंग जोडिएको छ । अन्तर्राष्ट्रिय कानून, विभिन्न देशका कानून, सन्धि तथा नीतिहरूले आदिवासीका भूमिसंगको आफ्नो सम्बन्ध, भूमिको अवधारणा र अधिकारलाई मान्यता दिएका छन् ।

## च. के सन्धि, सम्झौता तथा सरकारी प्रतिवद्धता पनि भूमि अधिकारको आधार बन्न सक्छ ?

आदिवासीहरूको राज्यसंग सन्धि सम्झौता गर्ने हैसियत कानूनी रूपमा मान्यता प्राप्त छ । सन्धिले आदिवासी र राज्यको बीच कस्तो सम्बन्ध रहने तय गर्दछ । वाईटाङ्गी सन्धि (न्यूजील्याण्डको

माओरी आदिवासी र बृटिश क्राउन बीच १८४० मा भएको) ले माओरी आदिवासीको भूमि, जंगल र अन्य स्वामित्वको अधिकार दिएको छ । क्यानाडाको फर्स्ट नेशन (आदिवासी)संग भएको सन्धिको आधारमा क्यानडाको संविधानको धारा ३५ मा नै आदिवासीको विशेष अधिकार रहनेछ भन्ने व्यवस्था छ । नेपालमा सन् १७७४ को लिम्बुहरू र राज्य बीच भएको तसल्ली मुलुकी (मुलुक सम्बन्धी सन्धि) भएपछि लिम्बुवान नेपालमा मिल्न आएको हो । यस सन्धि अनुसार लिम्बुहरूले सार्वभौमसत्ताको साझेदारी गरेका तथा भूमि, स्रोत, उडन्त गडन्त (खनिजसमेत) मा सामुहिक अधिकार रहने र यी अधिकार परम्परादेखि नै अविछिन्न अभ्यास गरी आएको उल्लेख छ । कतिपय देशका सर्वोच्च अदालतहरूले आदिवासीहरूसंग भएको सन्धिमा उल्लिखित अधिकारको उल्लंघनमा आदिवासीको पक्षमा फैसलाहरू गरेका छन् । खासगरी भूमि तथा स्रोतहरू राज्यले खोसेका बखत अदालतले सन्धिको आधारमा राज्यहरूलाई त्यसको भूमि र स्रोतबाट बञ्चित गर्न रोकेका छन् । त्यसैले आदिवासीहरूलाई राज्यभित्रको अर्को राज्य भनिन्छ ।

कानूनमा राज्य हुनलाई सामन्यतः निश्चित सीमाना भएको भू-भाग, शासन व्यवस्था, जनता, कानून र सार्वभौमसत्ता जस्ता तत्व हुनुपर्छ भन्ने मान्यता छ । ठीक त्यसरी नै आदिवासीहरूको आफ्नो पुर्ख्यौली भूमि, भू-भाग र भू-क्षेत्र हुन्छ, आफ्नै समुदाय (जनता), राजनीतिक व्यवस्था, कानून (प्रथाजनित कानून) हुन्छ । उनीहरूको आत्मनिर्णयको अधिकारलाई राज्यहरूले मानेको छ । एउटा राज्यमा हुनुपर्ने सम्पूर्ण तत्वहरू आदिवासीकोमा भएकै कारण राज्यहरूले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भूमि तथा स्रोत आदिको विषयमा अदिवासीहरूसंग सन्धि गर्ने गरेका छन् । कतिपय अवस्थामा आदिवासीहरूसंग सन्धि गरेर वर्तमान राज्यहरूका भूमि निर्माण भएका छन् । जस्तो संयुक्त राज्य अमेरिकाको सरकारले विभिन्न अधिकारको विषयमा त्यहाँका विभिन्न आदिवासीहरूसंग सन्धि गरेका छन् । आदिवासीहरूलाई आफ्नै भू-भागमा स्वयत्तता र स्वशासनका अधिकार दिइएका छन् । आदिवासीहरूसंग अमेरिकी सरकारले गरेका ५२० सन्धिहरू वटा छन् भन्ने गरिन्छ । न्यूजीलैण्डका माउरी आदिवासीहरूसंग बेलायतको क्राउनले गरेको वाइटाङगी सन्धि गरेका छन् । यस सन्धिलाई न्यूजिलैण्डको संविधानले नै मान्यता दिएको छ । नेपालकै सन्दर्भमा लिम्बूहरूसंग १८३१ मा गरेको लालमोहर (तसल्ली मुलुकी) सन्धि गरी लिम्बूहरूलाई उच्चतम् राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भूमि तथा स्रोतको अधिकार दिइएको थियो । यसरी सन्धिबाट दिएको अधिकारलाई सामन्य कानूनहरूले दिएको अधिकारभन्दा उच्च स्तरको अधिकार मान्ने गरिन्छ ।

## छ. परम्परादेखि निरन्तर अस्तित्वमा रहेको भूमिमाथिको अधिकार (Pre-existing Rights) भनेको के हो ?

आदिवासीहरूको भूमिमाथि मौलिक प्रकारको अधिकार (sui generis rights) रहन्छ । हालको राज्य बन्नभन्दा अगाडिदेखि नै त्यस भूमि वा भू-भागसंग आदिवासीहरू आफ्नै तरिकाले भोगी, चर्चि र प्रयोग गरी आएको हुनाले उनीहरूको परम्परागत निरन्तर अस्तित्व तथा सम्बन्धको अधिकार (pre-existing rights) हुन्छ । यो प्रथाजनित कानूनबाट प्राप्त हुने अधिकार हो । राज्य

बन्नु अगाडी देखि नै आदिवासीहरूले यो अभ्यास गरिआएकोले र उक्त भू-भागका बासिन्दा भएकोले यो अधिकार आदिवासीहरूमा रहन्छ । यो अधिकारलाई पछि आएको राज्य वा राज्य संयन्त्र तथा कानूनले खोस्न वा हरण गर्न मिल्दैन । यसलाई प्रथाजनित कानूनकोरूपमा पनि मान्न सकिन्छ । आदिवासीहरूसंग राज्यले सन्धि गरेको अवस्थामा, आदिवासीहरूको परापूर्वकालदेखि हालसम्म पहिचान, साँस्कृतिक र अस्तित्वको हिसाबले त्यस भूमिसंग सम्बन्ध राखेका रहेछ भने यस्तो अधिकार रहन्छ । आदिवासीहरूको खोसिएको भूमि बारेमा अष्ट्रेलियाको सर्वोच्च अदालतबाट परम्परागत स्वामित्व (Traditional Ownership) को आधारमा अष्ट्रेलियाका आदिवासीहरूको भूमिमा अधिकार रहन्छ । यो अधिकार राज्यलेमात्र होइन विश्वले मान्नु पर्दछ । राज्यले आदिवासीको ईच्छा (Interest) मा मात्र यस्तो जमिन लिन सक्दछ । भन्ने फैसला भएको पाइन्छ । त्यस्तै, संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले सन्धिको आधारमा आदिवासीहरूको भूमि प्रयोग गर्न पाउने अधिकार हुन्छ । त्यस्तो अधिकार पछि अस्तित्वमा आएको राज्यले खोस्न मिल्दैन भन्ने फैसला गरेको छ ।

## ज. आदिवासीका भूमि, भू-क्षेत्र तथा श्रोतहरूमा राज्य तथा कुनै पनि एजेन्सीले काम गर्नु पर्दा के के कुरामा ध्यान पुर्याउनु पर्दछ ?

अन्तर्राष्ट्रिय कानून अनुसार आदिवासीहरूको क्षेत्रमा काम गर्दा मुख्यरूपमा ५ वटा कुरामा ध्यान पुर्याउनु पर्दछ । **पहिलो कुरा,** काम गर्न पूर्व सम्बन्धित पक्षले आदिवासीहरूसंग अर्थपूर्ण परामर्श गर्नु पर्दछ । परामर्श लिने भनेको कोही आदिवासी व्यक्ति तथा नेताहरूसंग लिने भनेको होईन । परामर्श लिने भनेको आदिवासीहरूको प्रतिनिधीमुलक प्रथाजनित संस्था मार्फत आदिवासीहरूसंग परामर्श लिने भनेको हो । **दोस्रो कुरा,** उक्त काम गर्नको लागि आदिवासीहरूको प्रतिनिधीमुलक संस्था अर्थात प्रथाजनित संस्था मार्फत आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारी सहितको मन्जुरी (Free Prior and Informed Consent – FPIC) लिनु पर्दछ । यसको लागि प्रथाजनित संस्थाले आफ्नै प्रक्रिया अनुसार मन्जुरी दिने या नदिने कुरालाई आदिवासी समुदायमा बढाउछ ।

**तेस्रो कुरा,** उक्त काम अगाडी बढ्ने भएमा सो कामको पुर्व तयारी योजना, निर्णय गर्ने प्रक्रिया देखि कार्यान्वयन, अनुगमन मुल्याङ्कन लगायतका कार्यहरूमा सम्बन्धित आदिवासी समुदायको सहभागीता र प्रतिनिधीत्व अनिवार्य हुनु पर्नेछ । आदिवासीहरूको यस अधिकारलाई संविधानको धारा ४२ मा पनि आदिवासी जनजाति समेतलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागीताको हक हुनेछ भनि सुनिश्चित गरिएको छ ।

**चौथो कुरा,** आदिवासीको क्षेत्रमा हुने कामले आदिवासीहरूको भौतिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षति हुने भए त्यसको आदिवासीहरूको निर्णय सहमतिमा क्षतिपूर्ती दिईनु पर्ने हुन्छ । आदिवासीहरूको यस अधिकारलाई संविधानको धारा ५१(ञ)(८) ले पनि सुनिश्चित गरेको छ । संविधानको यस धाराले 'आदिवासी जनजाति पहिचान सहित सम्मानपुर्वक बाँच्न पाउने अधिकार

सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसंग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्धन गर्ने' भन्ने व्यवस्था गरेको छ ।

**पाँचौ कुरा,** उक्त कामबाट हुने लाभको पनि आदिवासीहरूलाई बाँडफाँड हुनु पर्ने हुन्छ । आदिवासी लगायत स्थानीय समुदायको यो अधिकारलाई संविधानको धारा ५१(छ)(१) मा पनि प्राकृतिक स्रोतसाधनको उपयोग गर्दा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने राज्यको नीति हुनेछ भन्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाले आदिवासी तथा स्थानिय समुदायलाई लाभको बाडफाड स्पष्ट गर्दछ ।

## झ. भूमि अधिकार श्रोतहरू के के हुन् ?

यहाँ जति पनि व्याख्या र विश्लेषण गरिएका भूमि अधिकारका श्रोतहरू के हुन अर्थात के को आधारमा यि अधिकारहरू दावी भईरहेको छ भन्ने प्रश्न उठ्छ । आदिवासीहरूको भूमि अधिकारको सन्दर्भमा अधिकारका श्रोत तथा दावी गर्ने आधारहरू मुख्यरूपमा ३ वटा रहेका छन् ।

१. प्रथाजनित/परम्परागत कानून
२. अन्तर्राष्ट्रिय कानून, र
३. देशको राष्ट्रिय कानून

आदिवासीका भूमि अधिकारको पहिलो श्रोत भनेको उनीहरूको प्रथाजनित/परम्परागत कानून हो । यो कानून आदिवासीहरूले वर्तमान देश तथा राज्य बन्नु अघिदेखि अभ्यास गरिआएका थिए र राज्यको प्रतिकुल नीतिको बाबजुद अहिले पनि अभ्यास गरिरहेका छन् । यो आदिवासीहरूको पूर्ववर्ति अधिकार (Pre-existing Rights) हो । आदिवासीहरूले आफ्नो ठूलो भू-क्षेत्र (Territory) मा सामुहिक रूपमा शिकार गर्ने, कन्दमुल, खाद्यान्न तथा सागपात बटुल्ने, सो भू-क्षेत्र (Territory) भित्र सर्दै गरिने खेती (Shifting cultivation) गर्ने जस्ता क्रियाकलापहरू गर्ने गर्द थिए । आदिवासीहरूको अहिले उक्त भू-क्षेत्र राज्यको कानून तथा नीतिका कारण कानुनी (De jure) रूपमा नभई व्यवहारमा (De facto) रूपमा अपनत्व अझै रहिरहेको छ । उदाहरणको लागि थकालीहरूले थासाङ क्षेत्रलाई राज्यको राष्ट्रिय कानूनको हिसावले नभएर प्रथाजनित कानूनका हिसाले आफ्नो क्षेत्र (आफ्नो पुर्ख्यौली भूमि) भएको दावी रहिरहेको छ र उनीहरूको सो क्षेत्र प्रति भावनात्मक सम्बन्ध रहिरहेको छ । यसरी नै लिम्बुको लिम्बुवान, राईहरूको किरात-खम्बुवान, नेवारको काठमाडौं उपत्यका र आसपासको क्षेत्र, मगरहरूको मगरात क्षेत्र आफ्नो भू-क्षेत्र (Territory) हो र सो क्षेत्रसंग उनीहरूको भावात्मक सम्बन्ध रहिरहेको छ । यसरी नै नेपालका प्रत्येक आदिवासीहरूको आ-आफ्नो पुर्ख्यौली/प्रथाजनित क्षेत्र र सो क्षेत्रसंग भावनात्मक सम्बन्ध रहेको छ । यो नै आदिवासीहरूको भूमि अधिकारको मुख्य श्रोत हो ।

आदिवासीहरूको भूमि अधिकारको दोस्रो श्रोत भनेको अन्तर्राष्ट्रिय कानून हो । विभिन्न देश तथा राज्यहरूले हामी मान्छौ र अनिवार्यरूपमा कार्यान्वयन गर्छौ भनि पक्ष राज्य भएर गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू नै अन्तर्राष्ट्रिय कानूनकोरूपमा रहेका हुन्छन् । नेपालका आदिवासीहरूको हकमा नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ संसदबाट नै अनुमोदन गरेर पक्ष राज्य भएको छ भने आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्रसंघिय घोषणापत्र २००७ लाई नेपालले कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । यस लगायत नेपालले सबै प्रकारका जातिय विभेद उन्मुलन गर्ने अन्तर्राष्ट्रिय सन्धिको पक्ष राज्य भएको छ । यि अन्तर्राष्ट्रिय कानूनले आदिवासीहरूको सामुहिक अधिकार, भूमि, भू-क्षेत्र तथा श्रोतहरूमा अधिकार अर्थात पुर्ख्यौली/प्रथाजनित/परम्परागत भूमिको अधिकारलाई सुनिश्चित गरेको छ । फेरी राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय कानून बाझिएको अवस्थामा अन्तर्राष्ट्रिय कानून लागू हुन्छ भनेर नेपालकै राष्ट्रिय कानूनले भन्दछ । यसैले, आदिवासीहरूको भूमि अधिकारको दोस्रो श्रोत भनेको अन्तर्राष्ट्रिय कानून रहेको छ ।

आदिवासीहरूको भूमि अधिकारको तेस्रो श्रोत भनेको देशको राष्ट्रिय कानूनहरू हुन । आदिवासीहरूको सामुहिक भूमि अधिकारको सन्दर्भमा हाम्रो देशको राष्ट्रिय कानून सहयोगी बन्न सकेको छैन । राष्ट्रिय कानूनहरूले व्यक्तिगत भूमि अधिकारलाई सुनिश्चित गर्नमा धेरै केन्द्रित छ । केही प्रावधानहरूलाई छोडेर अधिकांश राष्ट्रिय कानूनका प्रावधानहरू आदिवासीहरूको भूमि र भूमि अधिकारलाई प्रतिकुल हुनेगरि व्यवस्था गरिएका छन् ।

# दोस्रो दिन

# भूमि अधिकारका सवाल, समस्या र समाधानको उपाय

## दोस्रो दिनको पहिलो सत्रः भूमि समस्या र सवालको पहिचान

### ञ. समस्या र सवालमा फरक के छ ?

समस्या र सवाल दुईटैको अर्थ लगभग एउटै हो तर समस्याले बढी नकारात्मक अर्थ दिन्छ भने सवालले समाधानको लागि बाटो पहिल्याउछ । सवाल भनेको हिन्दी भाषामा प्रश्न हो । प्रश्न किन गरिन्छ भने समाधानको लागि गरिन्छ । प्रश्नसंग समाधान आउनुलाई पैरवीमा सवाल भन्ने गरिन्छ । यस अर्थमा समस्या र सवाल एउटा सिक्काको दुई पाटा हुन । उदाहरणको लागि आदिवासीहरूले भूमि अधिकार उपभोग गर्न पाएका छैनन भन्ने भनाई समस्या हो भने आदिवासीहरूले अधिकार किन उपभोग गर्न पाएका छैनन्, कस्ले उपभोग गर्न दिएको छैन, के कारणले उपभोग गर्न पाएका छैनन भन्ने सवाल/प्रश्नहरूले समाधानको लागि उत्तर खोज्दछ । समस्या र सवाल संग संगै आउने गर्दछ । यसैले, हामी समस्या समाधानको लागि सवालमा काम गर्दछौ । आदिवासीहरूले अधिकार उपभोग गर्न पाएका छैनन् भन्ने समस्यालाई आदिवासीहरूले अधिकार उपभोग गर्न पाउनु पर्दछ र उपभोग गर्न नपाउनुका सबै कारणहरूलाई सम्बोधन गरिनु पर्दछ भन्ने सवालहरूमा काम गर्न पर्ने हुन्छ । यसर्थ, सवाललाई सकारात्मक र समस्यालाई नकारात्मक भनाईकोरूपमा लिनु पर्ने हुन्छ ।

### ट. भूमि र आदिवासीका भूमि समस्या र सवाल कसरी पहिचान गर्ने ?

कहि पनि कुनै पनि विषयमा धेरै समस्याहरू हुन्छन् र धेरै सवालहरू हुने गर्दछन् । उदाहरणकोरूपमा भूमि विषयमा गएको खण्डमा धेरै समस्याहरू आउछन् । ति समस्याहरूले धेरै सवालहरू खडा गर्दछ । यसरी नै आदिवासीहरूको भूमि विषयमा प्रबेश गरेको खण्डमा धेरै समस्याहरू आउछन् भने धेरै सवालहरू बन्दछन् । के ति सबै समस्या तथा सवालहरू साँच्चैका (Genuine) समस्या तथा सवालहरू हुन त भनेर हेर्नु पर्ने हुन्छ । सबै समस्या तथा सवाल साँच्चैका अर्थात वास्तविक हुन पनि सक्छन र नहुन पनि सक्छन् । यसैले, आएका समस्या र त्यसमा बन्ने सवालहरू साँच्चैका समस्या तथा सवाल हुन भनेर कसरी पहिचान गर्ने ? यस्तो पहिचान गर्न निश्चित विधी तथा तरिका प्रयोग गर्नु पर्ने हुन्छ ।

त्यस्को लागि वैध, स्वीकार र समेट्ने (VAC = Valid, Accepted and Coverage) सुत्रको आधारमा पहिचान गरिनु पर्दछ । पहिलो त, खास क्षेत्र या समुदायका मानिसहरूबाट आएका समस्याहरू वैध छ कि छैन भनेर हेर्नु पर्दछ । खोला नभएको ठाउमा माछा मार्ने कुरा वैध हुदैन । त्यसरी नै रूख नभएको नांगो डाडामा रूख काटेको या रूख काट्ने कुरा वैध हुदैन । आदिवासी नै नभएको ठाउमा आदिवासीको भूमिको कुरा बैध हुदैन ।

दोस्रो, यदि आएको समस्या तथा सवाल वैध भए पनि त्यो त्यहाँको सामाजिक-साँस्कृतिक हिसावले स्विकार हुन्छ  कि हुदैन छ कि छैन भनेर हेरिनु पर्दछ । जाँड रक्सी खाने सामाजिक-साँस्कृतिक समुदाय तथा समाज भएको ठाउमा जाँड रक्सी हटाउ अभियान गरौं भन्ने कुरा त्यहाँ स्वीकार हुदैन ।

तेस्रो कुरा, आएको समस्या तथा सवाल वैध छ र सामाजिक-साँस्कृतिकरूपमा स्वीकार गरेको अवस्था पनि छ तर त्यसले समेट्ने संख्या/ जनसंख्या ५-७ जना या धेरै न्युन छ भने त्यो धेरैको समस्या तथा सवाल नभएर थोरैको समस्या तथा सवाल हुन जान्छ । त्यस्तो सवाल सामुहिक नभएर व्यक्तिगत सवाल जस्तो बन्न जान्छ । यस्तो अवस्थामा उठान गरिने समस्या तथा सवालले सफलता प्राप्त गर्न कठिन हुन्छ । पहिचान भएका समस्या तथा सवालहरू धेरै आए/भए ति सबैमा काम गर्न एकै चोटि सम्भव हुदैन । यसर्थ तिनीहरूलाई प्राथमिकीकरण गर्नु पर्ने हुन्छ । अर्को सत्रमा सो प्राथमिकीकरणबारे छलफल हुनेछ ।

## दोस्रो दिनको दोस्रो सत्रः आदिवासीका भूमि सवाल र समस्याहरूको प्राथमिकीकरण

### ठ. आदिवासीका भूमि समस्या तथा सवाललाई कसरी प्राथमिकीकरण गर्ने ?

भूमि समस्या तथा सवालहरू पहिचान भईसके पछि ति सबै समस्या तथा सवालहरू वास्तविक भए कुन चाहीँ सवालमा काम गर्ने भन्ने कठिनाई आउन सक्छ । सबै सवालमा एकै चोटी काम गर्न सकिन्न । यस्तो अवस्थामा समस्या तथा सवालहरूको प्राथमिकीकरण गर्नु पर्ने हुन्छ । यस्तो पनि हुन सक्छ आएका कतिपय समस्या तथा सवालहरू मुल समस्या तथा सवालको कारण पनि हुन सक्छ । सबै समस्या तथा सवाल मुल समस्या तथा सवाल नहुन सक्छ । त्यो पनि थाहा पाउन जरूरी हुन्छ । यसको लागि समस्या तथा सवालको विश्लेषण (Problem and Objective Analysis) गरिनु पर्दछ । समस्या र सवालको बृक्ष बनाएर हेर्दा कतिपय समस्या तथा सवाल मुल समस्या तथा सवालको कारणकोरूपमा आउन सक्छन् । उदाहरणको लागि आदिवासीहरूको भूमि सम्बन्धका ५ वटा समस्याहरू आए ।

१. आदिवासीहरूको भूमिमा हाईड्रो पावर निर्माण ।

२. आदिवासीको जग्गा तथा घरबारबाट उठीवास ।

३. आदिवासीको प्रथाजनित भूमिलाई मान्यता दिएको छैन ।

४. हाइड्रोले आदिवासीहरूले जग्गा तथा घरमाथी अतिक्रमण । र

५. राजमार्ग बनाउदा आदिवासीहरूसंग परामर्श तथा पूर्व सुसुचित स्वतन्त्र मन्जुरी लिएन ।

यी प्रत्येक समस्याहरूको समस्या विश्लेषण गर्दा किन भयो भन्ने प्रश्न गर्दै जानु पर्ने हुन्छ अर्थात कारण र असर (Cause and Effect) को बृक्ष बनाउनु पर्ने हुन्छ । त्यस पछि त्यसैको आधारमा सवाल अर्थात उद्देश्य विश्लेषण गरिनु पर्दछ ।

माथी उल्लेख गरिएको समस्याको विश्लेषण यस्तो हुन सक्छः (तल हेर्नुस)

यी ५ समस्या मध्ये ३ वटा हाईड्रो पावरसंग सोझै जोडिएको र हाईड्रो बन्ने कारणले उब्जीएका असरहरू हुन् । अन्य २ वटा समस्याः  आदिवासीको प्रथाजनित भूमिलाई मान्यता दिएको छैन, र राजमार्ग बनाउदा आदिवासीहरूसंग परामर्श तथा पुर्व सुसुचित स्वतन्त्र मन्जुरी लिएन भन्ने समस्या फरक समस्या भए ।

## समस्या विश्लेषण

| |
|---|
| आदिवासीको जग्गा तथा घरबारबाट उठीवास |
| ↑ |
| हाइड्रोले आदिवासीहरूले जग्गा तथा घरमाथी अतिक्रमण |
| ↑ |
| आदिवासीहरूको भूमिमा हाईड्रो पावर निर्माण |

यसैलाई सवाल या उद्देश्य विश्लेषण गरेर सवाल बनाउन सकिन्छ । आदिवासीहरूको जग्गा तथा घर बासबाट उठिवास नहुन या त हाईड्रो पावर बन्न रोक्नु पर्ने या आदिवासीहरूको सहमतिमा जग्गा र घरहरूको मुआव्जा पाउनु पर्ने मुख्य सवाल या उद्देश्य हुन जान्छ ।

माथीका समस्याहरूमा ३ वटा अलग समस्याहरू भए । ति मध्ये कुनमा जाने भन्ने सन्दर्भमा तिनीहरूको प्राथमिकीकरण गर्नु पर्ने हुन्छ । प्राथमिकीकरण कसरी गर्ने भन्ने प्रश्न महत्वपुर्ण छ । यसको लागि सम्बन्धित समुदायका मानिसहरूको प्राथमिकीकरण गर्न सहभागीता आवश्यक हुन्छ । यस्तो प्राथमिकीकरण गर्दा सो समुदाय भित्रको पनि विभिन्न समूह जस्तै महिला, पुरूष, बालबालिका, बृद्ध, युवा आदिबाट छुट्टा छुट्टै प्राथमिकीकरण गराउनु पर्दछ । यसले उनीहरूको आफ्नो दृष्ट्रिकोण आउछ र प्राथमिकता पनि फरक पर्न सक्छ । अन्तमा आपसी छलफलबाट ३ मध्ये कुनै एकलाई प्राथमिकता दिएर त्यस सवालमा काम गर्न पर्ने हुन्छ ।

# तेस्रो सत्रः आदिवासीहरूको भूमि सवाल र समस्याहरूको समाधानको उपाय

## ङ. आदिवासीका भूमि अधिकारलाई कसरी बुझ्ने ?

### संस्कृति र आध्यात्मिकतासंग जोडिएको भूमिको अधिकार

आदिवासीहरूको लागि संस्कृति तथा आध्यात्मिक कुराहरू जिवनपद्धतिको अभिन्न कुराहरू हुन् र यससंग पुर्ख्यौली थातथलो र स्रोत जोडिएका हुन्छन् । संस्कृति तथा अध्यात्मिक संस्कार गर्दा पुर्ख्यौली थातथलो र त्यसमा रहेका स्रोतहरूको प्रयोग गर्न पाउँछन् । नागरिक तथा राजनीतिक मामिला हेर्ने संयुक्त राष्ट्रसंघको समितिले साँस्कृतिक अधिकार उपभोग गर्न पाउने अधिकारको व्याख्या गरेको निम्न तरिकाले गरेको छः

कुनै विशेष संस्कृति उपभोग गर्न भू-भाग तथा यसको स्रोतहरू प्रयोग गर्ने विषय जिवन पद्धति भित्रै पर्दछ । यो आदिवासी समुदायका सदस्यहरूसंग जोडिएको सत्य कुरा हो । संस्कृतिको विभिन्न रूपहरू छन् । खासगरी आदिवासीहरूको सवालमा भूमि तथा स्रोतहरूसंग जोडिएको जीवनशैली पर्दछ । यी अधिकार भित्र परम्परागत क्रियाकलापहरू माछा मार्ने र शिकार गर्ने कुराहरू जस्ता विभिन्न कुराहरू पर्दछन् ।

आदिवासीहरूले भूमिमा पूजाआजा गर्ने आध्यात्मिक स्थान, चिन्ह, निशानी र प्रतिकहरू हुन्छन् । भूमिमा जन्मदेखि मृत्यु संस्कारसम्म गर्ने ठाउँ चाहिने चिजविज र सामग्री आदि रहेका हुन्छन् । त्यस्तै समाधिस्थल, पुर्खाहरूको निशानी, आ–आफ्ना सामुहिक मूल्य मान्यतासंग जोडिएका ठाउँहरू, उत्पत्तिका मिथकहरूसंग जोडिएका ठाउँहरू आदि हुन सक्छन् । ती विषयवस्तुहरू आदिवासीका पहिचान, अस्तित्व, भावना र मानवीय संवेदनासंगै जोडिएका हुन्छन् ।

### आदिवासीका भूमिसंगको सार्वभौमिक (खोस्न नास्न नमिल्ने) अधिकारको अवधारणा

आफना अस्तित्व र जिवन निर्वाहको लागि नभई नहुने भूमि, भू-क्षेत्र र स्रोतमा आदिवासीहरूको अटुट अधिकार रहन्छ । यसलाई कानून र कानूनविदहरूको अवधारणा अनुसार भूमि, भू-क्षेत्र र स्रोतमा आदिवासीहरूको सार्वभौमिक अधिकार भएकोले कसैले खोस्न र नास्न, अधिग्रहण तथा कब्जा गर्न मिल्दैन ।

प्राध्यापक इरिका इरिन डायसले अन्तर्राष्ट्रिय कानूनले जिवन निर्वाहको भूमि, स्रोत र साधनमा "जनता"को सार्वभौम अधिकार हुन्छ । र जनता भनेको अन्तर्राष्ट्रिय कानूनको व्याख्या अनुसार आदिवासी हो भन्नु भएको छ ।

> **आत्म निर्णयको अधिकारको एक पाटो**
>
> जनतालाई जिवन निर्वाहको साधनबाट बन्चित गर्न मिल्दैन (धारा १ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र सामाजिक साँस्कृतिक सम्बन्धी प्रतिज्ञापत्र १९६६)

## भूमिको अधिकार नै बाँच्न पाउने अधिकार

आदिवासीहरूको निम्ति बाँच्न पाउने अधिकार भूमि तथा स्रोतमाथिको अधिकार छ या छैन भन्ने कुरामा अडेको हुन्छ । अर्को शब्दमा, प्राय सम्पुर्ण मानव अधिकारको उपभोग गर्नबाट बञ्चित हुन्छन् यदि भूमिको अधिकार नदिइने हो भने । आदिवासी समुदायलाई पुर्ख्यौली थातथलो तथा स्रोतबाट विस्थापित गरिएमा जीविकोपार्जनका क्रियाकलापबाट बन्चित हुन्छन् । त्यसबाट पर्याप्त खान पाउने अवस्था रहँदैन । बालबालिका कुपोषणका शिकार हुने । अनेकौं स्वास्थ्य समस्या हुने । शिक्षादिक्षा प्राप्त गर्ने र आर्थिक विकासका कुराहरूमा अवरोध सृजना हुन्छ ।

## पहिचान र अस्तित्वको अधिकार

आदिवासी थातथलोको सम्बन्धले नै कुन आदिवासी हो भन्ने पहिचान दिन्छ । काठमाडौं उपत्यकासंग जोडिने नेवाः, मुस्ताङसंग थकाली, थरूहटसंग थारू आदि । साँस्कृतिक क्रियाकलाप, सम्पदा पनि पहिचानकै अर्को रूप हो । चाडपर्व, जात्रा आदि पनि भूमिसंग नै जोडिन्छन् । पहिचान जोगिए अस्तित्व जोगिन्छ नत्र पहिचान हराउँदै जाने क्रममा जातिहरूपनि हराउँदै गएको देखिन्छ ।

## समुदायको सुरक्षाको अधिकारकोलागि भूमि

भूमि गुम्नसाथै सबै प्रकारका व्यक्तिगत तथा सामूहिक अधिकार गुम्दै जाने अवस्था सृजना भई अन्ततः असुरक्षाको अवस्थामा पुगिन्छ । त्यसैले अन्तर्राष्ट्रिय कानूनहरूले भूमिको अधिकार आदिवासीको सन्दर्भमा महत्वपूर्ण अधिकारको रूपमा मान्यता दिएको छ । आदिवासीहरूलाई भूमिबाट विस्थापन गर्नु भनेको साँस्कृतिक र जातीय संहार हो भनी युनेस्को तथा विभिन्न विद्वानहरूले उल्लेख गरेका छन् ।

## समुदायलाई जोड्ने कडी भूमि

गुठी, परम्परा, आध्यात्मिक स्थल, घाट, चिहान, समुदायको स्रोत आदि पर्व, संस्कृति मान्ने, मनोरञ्जन गर्ने स्थानमात्र होइन । यी कुराले व्यक्ति-व्यक्ति तथा परिवार परिवार अनि समाज-समाजलाई सामुहिक रूपले एक बनाउने सुत्रधारहरू हुन् । यसले समाजलाई सहकार्य र सहअस्तित्वमा बाँच्ने आधार प्रदान गर्दछ । भूमिबाट विस्थापन हुनसाथै यी महत्वपूर्ण विषय लोपभएर जान्छ । एकअर्काको सम्बन्ध टुटाउने, आत्मियता, मानवीयता, सहिष्णुता हराउँदै अन्तत्व व्यक्तिबादिता हावी भई समाज स्वार्थी र द्वन्द्वको गुँड बन्दछ ।

## भूमि र आवासको हक

आदिवासीको आवासको हकको भित्र भूमि, वनजंगल, स्रोत र वातावरण समेत आदिवासीहरूको आवाससंग जोडिएका विषय हुन् । यि विषयहरू बाँच्नका लागि अपरिहार्य विषय हुन । राउटेको लागि वनजंगल नै उसको घर हो । आदिवासीको बसाई र जीवन पद्धति आवाससंगै जोडिएर आउने विषय हुन् ।

## ढ. आदिवासीको भूमि अधिकार दावी तथा प्राप्त गर्ने आधार के के छन् ?

आदिवासीहरूको भूमि अधिकार ३ वटा आधारमा दावी गर्न मिल्छ भने २ वटा आधारमा प्राप्त गर्न सकिन्छ । दावी गर्न सकिने ३ वटा आधारमा,

१. अन्तर्राष्ट्रिय कानून
२. राष्ट्रिय कानून, र
३. प्रथाजनित कानून

हरेक देशको शासन व्यवस्था कानून अनुसार चल्छ । त्यसैले, वर्तमानको शासनलाई कानूनको राज भन्दछन् । कानून पनि मुलभूतरूपमा अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रथाजनित कानून हुन्छन् । अन्तर्राष्ट्रिय कानूनको श्रोत भनेको अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू हुन । अन्तर्राष्ट्रिय कानून भनेको विभिन्न राज्यहरूले आफुलाई लागू हुने गरि बनाईएको सन्धि तथा सम्झौता हो । उक्त सन्धि तथा सम्झौता सम्बन्धित देशको संसदले अनुमोदन गरे पछि सो देशको लागि त्यो अन्तर्राष्ट्रिय कानून बन्दछ । उक्त अन्तर्राष्ट्रिय कानून सम्बन्धित देशले आफ्नो राष्ट्रिय कानूनमा समावेश गर्दै लैजानु पर्दछ । अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बाझिएको अवस्थामा अन्तर्राष्ट्रिय कानून लागु हुने प्रावधन नेपालमा पनि छ ।

कुनै बाध्यात्मक (Enforciable Law) र कुनै नैतिक दायित्वको कानून (Soft Law) को रूपमा रहेका छन् । बाध्यात्मक कानून उलंघन भएकोमा उजुरी लाग्ने हुन्छ भने नैतिक कानून उलंघन भए उजुरी गर्न सकिन्छ र कारवाही नैतिक दायित्व सिर्जना गर्ने हुन्छ । आदिवासीहरूको भूमि अधिकारलाई सुनिश्चित गर्ने यस्ता अन्तर्राष्ट्रिय कानून र औजारहरू निम्न रहेका छन्:

क. ईण्डीजिनस र ट्राईबल पिपल्स कन्भेन्सन, १९८७ । यसलाई अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ पनि भनिन्छ ।
ख. आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्र, २००७,
ग. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR),
घ. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR),
ङ. संयुक्त राष्ट्र संघको चार्टर
च. जैविक विविधता सम्बन्धि महासन्धि (CBD),

### हरिसिद्धि ईट्टा टायल कारखानाको अनुभव

**नेवा:** आदिवासीको ७०० रोपनी भन्दा बढि चीन सरकारको सहयोगमा ईटा टायल कारखाना बनाउने भनी अधिग्रहण गरियो । कारखाना चलाउन सकिएन भनी ०४९ सालमा २२ करोड मा नीजिकरण गर्ने नाममा ब्यक्तिलाई सरकारले वेच्यो । अर्बौ मुल्य पर्ने जग्गा कौडीको मोलमा जनताबाट लिएर कौडि कै मोलमा सरकारले बेच्यो । प्रचलित कानून अनुसार जग्गा धनीले फिर्ता पाउनुपर्ने हो । आजसम्म पनि जग्गा गुमाउने नेवाहरू अदालतमा मुद्दा गरिरहेछन् । कपिया जग्गा गुमाउनेहरू गरिबीमा बाँची रहेछन् । त्यसले यो इमिनेन्ट डोमेन को सिद्धान्त आदिवासीको भूमि खोस्ने र शक्ति र सत्तामा भएकालाई पोस्ने देखिन्छ । यसबात अधिकांश बाहिरियाहरूलाई फाइदा पुग्दछ ।

छ. आदिवासीहरूको सम्बन्धमा विश्व सम्मलेन (WCIP)

ज. व्यापार तथा मानव अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय निर्देशक सिद्धान्त (UNGP-BHR)

यद्यपी आदिवासीहरूको सामुहिक भूमि अधिकारलाई वर्तमान नेपालका कानूनहरूले सुनिश्चित गर्दैन तर व्यक्तिगत भूमि अधिकारको रूपमा भने केही अधिकारहरू राष्ट्रिय कानूनहरूले प्रदान गर्दछ । हाम्रो देशको प्राय जसो राष्ट्रिय कानूनहरू उपनिवेशवादी सिद्धान्तको आधारमा बनेका छन् जो हिजोदेखि आजसम्म कायम नै रहेको छ ।

## उपनिवेशवादी सिद्धान्तमा बनेका भूमि सम्बन्धी कानूनहरू

उपनिवेशवादी/वाहिरीयाहरूले आदिवासीको भूमिमाथी कब्जा गर्ने आफ्नै सिद्धान्तमा बनाएका थिए । त्यसलाई टेरा नलिययसको सिद्धान्त Principle of Terra Nullius भनिन्छ । जसको अर्थ खाली जमिनमा कसैको हक हुन्न भन्ने हो । जतिबेला आदिवासीहरूको भूमिमा उपनिवेशवादीहरू आए यहि सिद्धान्त लगाउँदै उनीहरूको भू-भागमा भएको जमिन खोसे । यस सिद्धान्तलाई वास्तवमा जमिन हडप्नको लागि आधार बनाइएको थियो । त्यसको विरोध भए पश्चात् नयाँ सिद्धान्त रेगालियन सिद्धान्त (Regalian Doctrine) जस्ले सवै भूमि र स्रोत राजाको हुन्छ भन्दछ र प्रिन्सिपल अफ इमिनेन्ट डोमेन (Principle of Eminent Domain) मा भूमि राज्यको हुन्छ भन्ने मान्यता अनुसार सरकारले व्यक्तिको सम्पत्ति सार्वजानिक हितको निम्ति लिन सक्छ । तर क्षतिपूर्ति दिनु पर्छ । अहिले नेपालको संविधान र कानून पनि यहि पछिल्लो सिद्धान्तको आधारमा बनिएको छ । जुन टेरा नलियस सिद्धान्तको परिवर्तित रूप हो । यी दुवै सिद्धान्तले आदिवासिको भूमि र स्रोतमाथिको अधिकार इन्कार गर्दै खोस्ने काम गर्छ । त्यसको फाइदा आदिवासी समेतले पाउँछ भने पनि परिणाममा त्यसतो देखिएको छैन । यसबाट सरकारमा बस्ने र सरकारका नजिककाले फाइदा पाएको थुप्रै उदाहरण देखिन्छ ।

सार्वजनिक हितको लागि व्यक्तिको घर जग्गा राज्यले लिंदा कानूनमा लेखिएको बाहेक तरिकाले लिन मिल्दैन । मुआब्जा र क्षतिपूर्ति दिएर मात्र लिन मिल्छ । घर बसोवासको स्थानबाट बिस्थापन गर्न मिल्दैन । घर जग्गा नलिई नहुने (विकल्पै नरहेको अवस्था) परेमा अपवादको रूपमा मात्र लिन मिल्छ । त्यसो गर्दा बसोवासको व्यवस्था पहिला नै गरिदिनुपर्छ । सार्वजनिक हितको लागि एक व्यक्तिको जग्गा लिएर अर्को व्यक्तिलाई फाइदा हुने गरी Eminent Domain गर्नु हुँदैन । अर्थात यसलाई बद्नियतपूर्ण तरिकाले प्रयोग गर्न मिल्दैन ।

## प्रचलित कानूनमा भूमि तथा स्रोतमाथिको अधिकार

विगतमा आदिवासीहरूको भूमि तथा स्रोतमा कानूनी अधिकार थियो । जग्गा (नाप जाँच) ऐन, २०१९ तथा भूमि सम्बन्धी ऐन २०२१ को दोस्रो संशोधन (वि. सं. २०२५) हुनभन्दा अगाडि सम्म पनि यो अधिकार थियो । त्यस पश्चात् नीजि वनलाई राष्ट्रियकरण गर्ने ऐन नीजि वन जंगल राष्ट्रियकरण ऐन २०१३, गुठी संस्थान ऐन २०२९, गुठी संस्थान ऐन २०३३, जलस्रोत ऐन २०४९ लगायतका भूमि तथा स्रोत सम्बन्धी कानूनहरूले आदिवासीहरूको भूमिलाई मान्यता दिनुभन्दा पनि खोस्दै लगेको

अवस्था देखिन्छ । तर पनि भूमि सम्बन्धी ऐन २०२१ मा अहिले पनि किपट सम्बन्धी व्यवस्था छ । अघिल्लो मुलुकी ऐनमा पनि किपट सम्बन्धी व्यवस्था उल्लेख थियो । नयाँ आएको मुलुकी देवानी संहिता २०७४ मा यो व्यवस्था राखिएको छैन । भूमि र स्रोतमाथिको अधिकारको लागि आदिवासीहरूले निरन्तर आन्दोलन गरिआएका छन् । त्यसको बावजुद पनि विकास, निर्माण लगायतका नाममा अझै पनि आदिवासीहरूको भूमि र स्रोत निरन्तर खोस्ने कार्य जारी छ ।

आदिवासीहरूको सामुहिक नभए पनि व्यक्तिगत भूमि अधिकारकोरूपमा अधिकार प्रदान गर्ने ति राष्ट्रिय कानूनहरू निम्न रहेका छनः

क. नेपालको संविधान २०७२

ख. भूमि सम्बन्धी ऐन २०२१,

ग. भूउपयोग सम्बन्धी ऐन, २०७६

घ. वन ऐन २०४९,

ङ. मुलुकी देवानी संहिता २०७४,

च. जग्गा (नाप जाँच) ऐन, २०१९

छ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

आदिवासीका भूमि अधिकारलाई दावी गर्न मिल्ने माथीका राष्ट्रिय कानून देखि बाहेकका आदिवासीहरूको सामुहिक भूमि अधिकार २ वटा आधारमा प्राप्त गर्न सकिन्छ । ति २ वटा आधारहरू हुन्

१. कानून र

२. जनबल या सामुदायिक बल

पहिलो आधारबारे माथी नै चर्चा भईसकेको छ । आदिवासीहरूको सामुहिक/सामुदायिक भूमि अधिकारको सुनिश्चितता अन्तर्राष्ट्रिय कानूनले मात्र गर्दछ ।

आदिवासीहरूको सामुहिक भूमि अधिकार प्राप्त गर्न जन बल या सामुदायिक बल नै अर्को विकल्प हो । नेपालका राष्ट्रिय कानूनहरू संसोधन गर्न पनि जन बल/सामुदायिक बल नै आवश्यक हुन्छ भने अन्तर्राष्ट्रिय कानूनलाई कार्यान्वयन गर्न पनि सामुदायिक बल नै आवश्यक हुन्छ ।

विषयः आदिवासीका भूमि अधिकार सम्बन्धमा मुख्य अधिकारहरू र तिनलाई सुनिश्चित गर्न बल पुर्याउने अन्य कानूनी प्रावधानहरू

## ण. आदिवासीका भूमि अधिकार सम्बन्धमा मुख्य अधिकारहरू के के रहेका छन् ?

भूमि सम्बन्धमा आदिवासीहरूको ३ वटा प्रमुख अधिकार रहेका छन् । ति अधिकार हुन्

१. प्रथाजनित भूमि (भूमि, भू-क्षेत्र र श्रोतहरू) र प्रथाजनित भूमिमा सामुहिक अधिकार,
२. प्रथाजनित/परम्परागत भूमि प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार र
३. स्वतन्त्र अग्रीम जानकारी सहितको मन्जुरीका अधिकार

भूमि सम्बन्धका आदिवासीका अन्य धेरै अधिकारहरू यी ३ वटा अधिकार भित्र आउछन् । यसर्थमा यी ३ वटा अधिकारलाई प्रमुख अधिकार मानिएको हो ।

## त. यी ३ प्रमुख अधिकार स्थापित गर्न बल पुर्याउने कानूनहरू के के छन् ?

नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय कानूनहरूले आदिवासीका भूमि र स्रोतको अधिकारको प्रत्याभूत गर्दछ । यी कानूनहरू नेपाल कानून सो सरहका हुन् । नेपाल कानूनमा भएका व्यवस्था र अन्तर्राष्ट्रिय कानूनका व्यवस्था बाझिएको खण्डमा अन्तर्राष्ट्रिय कानून नै लागू हुन्छ । त्यस्तो अवस्थामा नेपाल कानून लागू हुँदैन । यस्ता कानूनहरूमा के के प्रावधानहरू रहेका छन त भनेर हेर्न आवश्यक हुन्छ ।

### आदिवासी तथा ट्राईबल सम्बन्धि महासन्धि नं. १६९ (ILO C No. 169)

यस महासन्धिको धारा १३ (२) ले सम्बन्धित आदिवासीले ओगटेको तथा कुनै हिसावले प्रयोग गरे को त्यस क्षेत्रको वातावरण समेत समेटिएको र निश्चित भू-क्षेत्रको अवधारणालाई समावेश गर्दछ सो भूमिलाई आदिवासीहरूको परम्परागत भूमिकोरूपमा अर्थ्याएको छ ।

यसलाई स्पष्टरूपले बुझ्न नेपालको सन्दर्भमा धनकुटाको आदिवासी आठपहरियाको भौगोलिक भूमिलाई लिए पुग्छ । आठपहरियाको ऐतिहासिक समयदेखि ओगटेको तथा अन्य कुनै हिसाबले प्रयोग गरेको भूमि भनेको उत्तरमा गुराँसेडाँडा–भिरगाँउदेखि दक्षिण, तमोर नदीदेखि उत्तर, रावा खोलादेखि पश्चिम र मार्गा खोलादेखि पूर्व बीचको भौगोलिक भूमि या भू-क्षेत्र हो । यसमा अन्य जाति तथा समुदायको बसोबास भएता पनि र उनीहरूको व्यक्तिगत जमिन भएता पनि उक्त भौगोलिक सिमा भित्रको भूमि आठपहरिया आदिवासीको परम्परागत भूमि हो । यसरी नै, राउटे आदिवासीले ऐतिहासिक समयदेखि बिचरण गर्ने कैलाली, बर्दिया, बाके, दाङ, सुर्खेत, दैलेख, अछाम, डडेलधुरा, बैतडी र डोटीको वन क्षेत्र जहाँ उनीहरू वर्षौ वर्षसम्म एक वनदेखि अर्को वनमा सर्दै घुमेर बस्दै जीवन यापन गर्दछन् त्यो नै उनीहरूको परम्परागत भूमि हो । यसैगरि, चितवनको पहाडी भाग शुरूदेखि उत्तर, त्रिशुली नदी र नदीसंग जोडिएको आसपासको गोर्खातिरको क्षेत्रदेखि दक्षिण, नारायणी नदी पूर्व, मकवानपुर र चितवनको सिमासंग सटिएको मकवानपुरको पहाडी क्षेत्रदेखि पश्चिमको भू-क्षेत्र नै चेपाङ आदिवासीहरूको परम्परागत भूमि हो । यसरी नै, माथिल्लो अरूण उपत्यकादेखि उत्तर, हिमालदेखि दक्षिण, भोट

खोलादेखि पूर्व र वालुङदेखि पश्चिम बीचको भौगोलिक भूमि नै याम्फु आदिवासीहरूको परम्परागत भूमि हो । यस्तो परम्परागत या पुर्ख्यौली भूमि तथा थातथलो नेपालका सबै आदिवासीहरूको रहेको छ । लिम्बु आदिवासीको परम्परागत भूमि भनेको बिं.सं. १८३१ को लिम्बु र कान्तिपुरका शाह राजा बीच भएको लालमोहर जारी हुनु अघि र पछि किटान गरिएको बिकृत नाम किपट भूमि हो । स्वामित्व, नियन्त्रण र राजश्व उठाउने र बुझाउने सवालका आधारमा किपट भनिएको भूमि र परम्परागत भूमि अलिक फरक हो । यस किपट भूमि भित्र हरेक थरगत लिम्बुको आ–आफ्नै किपट अर्थात परम्परागत भूमि रहेको थियो जो व्यावहारिकरूपमा राज्य शासकले सिध्याए पनि कानूनीरूपमा अझै ज्युदै छ भन्न सकिने अवस्था छ । ति प्रत्येक थरगत लिम्बुहरूले बि.सं. १८३१ पछी विभिन्न समयमा तत्कालिन केन्द्रिय शासकहरूबाट चार किल्ला खोलिएका परम्परागत भूमि कानूनी हिसावले प्राप्त गरेका कागजहरू अझै रहेका छन् ।

आदिवासी तथा ट्राईबल सम्बन्धि अन्तर्राट्रिय महासन्धि (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) को धारा १५ को उपधारा (१) ले आदिवासीहरूको भूमिजन्य प्राकृतिक श्रोतहरूमाथीको अधिकार र हन्छ र आदिवासीहरूको ति श्रोतहरू प्रयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुन पाउने अधिकार र हन्छ भन्ने व्यवस्था गरेको छ । यसको अर्थ ति भूमिजन्य प्राकृतिक श्रोतहरूमाथीको स्वामित्व सम्बन्धित आदिवासीमा रहन्छ । भूमिजन्य प्राकृतिक श्रोतहरू भन्नाले जमीन मुनि र जमिनमाथी रहेका श्रोतहरू जस्तै खनिज, वन, वन काष्ठ पैदावर, ढुंगा, माटो, पानी, नदी, नाला, बालुवा, औषधी आदि सबै बुझ्न पर्ने हुन्छ ।

यस महासन्धि नं. १६९ को धारा १५ को उपधारा (२) ले आदिवासीहरूको भूमिजन्य खनिज या उपरीसतहको श्रोत या भूमिजन्य अन्य श्रोतहरूको अधिकारको स्वामित्व राज्यले लिन चाहेको अवस्थामा सरकारले आदिवासीहरूसंग परामर्श तथा धारा १६ को उपाधारा (२) अनुसार स्वतन्त्र अग्रिम जानकारी सहित मन्जुरी लिनु पर्दछ र आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्रसंघिय घोषणापत्र २००७ को धारा १० र २९ अनुसार सम्बन्धित आदिवासीसंग स्वतन्त्र अग्रिम जानकारी सहित मन्जुरी लिनु पर्दछ । यस्तो परामर्श र अग्रिम जानकारी सहित स्वतन्त्र मन्जुरी लिने तथा गरिने प्रक्रियालाई कायम राख्ने या परामर्श गरिने प्रक्रिया स्थापित गर्नु राज्यको दायित्व हुने भनि व्यवस्था गरिएको छ । परामर्श र अग्रिम जानकारी सहित स्वतन्त्र मन्जुरी भनेको सरकारले सो विषयमा शुरूमै आदिवासीहरूलाई सुचना तथा जानकारी दिनु पर्दछ । त्यसपछि सरकारले आदिवासीहरूसंग परामर्श लिनु पर्ने र आदिवासीहरूको बिना दबाब स्वतन्त्रपुर्वक निर्णय गरि सो कार्य गर्न तथा स्वामित्व राज्यलाई दिन मन्जुरी दिने भन्ने बुझ्नु पर्दछ ।

यसैगरि, यस महासन्धि नं. १६९ को धारा १६ का अन्य उपधाराहरूले आदिवासी समुदायलाई उनीहरूले ओगट्दै आएको भूमिबाट हटाउन नमिल्ने, हटाउन या स्थानान्तर अपवादको उपायकोरूपमा अनिवार्य हुन आएको अवस्थामा तिनीहरूको स्वतन्त्र एवं अग्रिम जानकारी सहित सहमति लिएर मात्र स्थानान्तर गरिनु पर्ने व्यवस्था गरेको छ । आदिवासीहरू आफ्नो परम्परागत भूमिबाट कारणबस अग्रिम जानकारी सहित स्वतन्त्र मन्जुरी नदिई सो स्थान छोडी अन्यत्र स्थानान्तर भए पनि यस महासन्धिको धारा १६ को

उपधारा (३) ले स्थानान्तर गरिनु पर्ने अनिवार्य कारणको औचित्य समाप्त हुनासाथ ति आदिवासी समुदायलाई यथासम्भव आफ्नो परम्परागत भूमिमा फर्कने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

यसरी नै यस महासन्धिको उपधारा (४) ले सम्बन्धित आदिवासी आफ्नो परम्परागत भूमिमा फर्कने सम्भावना नभएमा पूर्व सम्झौता अनुरूप वा सम्झौता नभएको अवस्थामा पनि उचित प्रक्रियाहरू मार्फत कमसे कम पनि तिनीहरूको वतर्मान आवश्यकता र भावी विकासका लागि अनुकुल हुने गरी उनीहरूले पहिले ओगटेका भूमि समान गुण र कानूनीरूपमा स्तरयुक्त भूमि सम्भव भए सम्म प्रदान गरिनु पर्ने जुन सम्वन्धित जनताले अभिव्यक्त गरेको प्राथमिकता पैसा वा जिन्सी लगायतको अन्य कुनै रूपको क्षतिपूर्ति दिइनु पर्ने व्यवस्था गरेको छ । यसैगरि सोहि धाराको उपधारा (५) ले यसरी पूनर्स्थापित भएको व्यक्तिलाई त्यसबापत भएको हानी वा चोटका लागि पूरा क्षतिपूर्ति दिइनु पर्ने व्यवस्था गरेको छ । यि उपधारा (४) र (५) मा भएका व्यवस्थाहरू पनि आदिवासीहरूको अधिकारको रूपमा लिन मिल्दछ ।

यस महासन्धिको धारा १७ को उपधारा (१) ले आदिवासी समुदायले आफ्ना अन्य सदस्यहरूमा भूमि सम्वन्धि अधिकार हस्तान्तरण गर्न स्थापना गरेका प्रक्रियाहरू सम्मान गरिनु पर्ने व्यवस्था गरे को छ । उपधारा (२) ले ति आदिवासीको क्षमतालाई बिचार गरेर तिनीहरूको आफ्नो भूमि यताउति गर्न या तिनीहरूको समुदाय भन्दा बाहिरको व्यक्तिलाई अधिकार सार्नु पर्दा ति आदिवासीहरूलाई सम्पर्क तथा परामर्श गरिनु पर्ने व्यवस्था गरेको छ । उपधारा (३) ले आदिवासीहरूको प्रथा तथा रिती थितीको वा तिनीहरूको कानुनी अज्ञानताको फाईदा उठाएर ति आदिवासी समुदायसंग असम्बन्धित व्यक्तिहरूलाई तिनीहरूको भूमि स्वामित्व हासिल गर्ने वा भूमि उपयोग गर्ने कार्य गर्नबाट रक्षा गरिनु पर्ने व्यवस्था गरेको छ ।

यसरी नै यस महासन्धिको धारा १८ ले आदिवासीको भूमिमा अनाधिकृत अतिक्रमण वा प्रयोगलाई कानूनद्वारा पर्याप्त मात्रमा दण्डित गरिने र सरकारले यस्ता अपराधहरू रोक्न आवश्यक कदमहरू चाल्नु पर्ने व्यवस्था गरेको छ ।

## सबै प्रकारको नश्लीय विभेद उन्मूलन गर्ने महासन्धि १९६९

यस महासन्धिको धारा २ ले राज्यले कुनै पनि समूहलाई जातिय विभेद गर्न नपाईने व्यवस्था गरेको छ । हाम्रो राज्यले ईण्डीजिनस एण्ड ट्राईबल पिपल्स कन्भेन्सन १९८९ लाई अनुमोदन गर्ने तर कार्यान्वयन नगर्नुले आदिवासीहरू प्रति विभेद गरेको ठहर्छ ।

## नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)

यस प्रतिज्ञापत्रको धारा १ को उपधारा (१), (२) र (३) ले समुदाय अर्थात जातीय समूह अर्थात राष्ट्रको आत्मनिर्णयको अधिकार हुने कुरालाई सुनिश्चित गरेको छ र सो आत्मनिर्णयको अधिकार अनुसार उनीहरूले आफ्नो आर्थिक, साँस्कृतिक तथा सामाजिक विकास स्वतन्त्र पूर्वक गर्न सक्ने

अधिकार सुनिश्चित गरिदिएको छ । यसको अर्थ ति समुदायको स्वायत्तता र स्वशासन हुन्छ भन्ने हो । स्वायत्तता र स्वशासनको अर्थ उनीहरूले ऐतिहासिक तथा परम्परागतरूपमा ओगटिआएको भू-क्षेत्रमा परम्परागत कानूनको आधारमा राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विकास तथा व्यवस्थालाई स्वतन्त्र ढंगले सञ्चालन गर्दै भूमिमा सामुहिक व्यवस्थापन, सामुहिक निर्णय र सामुहिक स्वामित्व तथा नियन्त्रणको अधिकार अभ्यास गर्न सक्छन् । यस धाराले खास समुदाय, जातिय समूह तथा राष्ट्र (जाति)को भूमि सहितको सामुहिक अधिकार सुनिश्चित गरेको छ जस्लाई पक्ष राज्यले सम्मान र कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ ।

उक्त प्रतिज्ञापत्रको धारा २ को उपधारा (१), धारा १४, १६ र २३(४) ले खास भू-क्षेत्र भित्र व्यक्तिको व्यक्तिगत अधिकारालाई सुनिश्चित गरेको छ ।

## आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ९क्ष्ऋऋएच० ले धारा १ र २ मा व्यवस्था गरे जस्तै यस आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) को धारा १ र २ ले उहि व्यवस्था गरेको छ । यसरी नै यसको धारा २(२), ३ र ११(१) ले भूमिमा व्यक्तिको व्यक्तिगत अधिकार हुने व्यवस्था गरेको छ ।

## संयुक्त राष्ट्र संघको चार्टर (United Nations Charter)

संयुक्त राष्ट्र संघको बडापत्रले सम्बन्धित बासिन्दाको भौगोलिक भूमि (Territory) लाई शान्ति र सुरक्षासंग जोडेर कुरा उठाएको छ । बडापत्रको धारा ७३ मा कुनै पनि सदस्य राज्यको शासन प्रशासन क्षेत्र भित्र रहेको भौगोलिक भूमि (भू-क्षेत्र) का बासिन्दाहरूले स्वसरकार (Self-government) प्राप्त गरेका छैनन् भने उनीहरूको त्यस्तो महत्वपूर्ण विषयलाई मान्यता दिनु पर्ने सदस्य राज्यको जिम्मेवारी हो भन्ने व्यवस्था गरेको छ ।

## नश्लीय विभेद उन्मूलन महासन्धि अनुगमन समितिको सिफारिस २३,

सबै प्रकारको जातीय विभेद उन्मुलन सम्बन्धी महासन्धी अनुगमन समिति (ICERD) को ५१ औं सेसनसमेतले आदिवासीको भूमि अधिकार संरक्षण गर्न सरकारले निम्न काम गर्न सिफारिस गरेको छः

- आदिवासीहरूको आफ्नो पुर्ख्यौली तथा सामुहिक भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतसाधनको उपयोग गर्ने, नियन्त्रण गर्ने, विकास र संरक्षण गर्ने अधिकारलाई राज्यले संरक्षण र सम्मान गर्नुपर्छ ।
- आदिवासीहरूको अग्रिम जानकारी सहितको मञ्जुरी बिना खोसिएका आदिवासीहरूको पैतृक तथा सामूहिक भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतसाधन आदिवासीलाई फिर्ता गर्ने काम गर्नुपर्दछ । यदि फिर्ता गर्न नसकिने तथ्यगत आधार भए उचित न्यायिक र तत्काल क्षतिपूर्ती दिनुपर्दछ । त्यसरी दिईने क्षतिपूर्ती सम्भव भए सम्म भूमि र भू-क्षेत्र नै दिनुपर्दछ ।

## आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७

यस घोषणा पत्रको धारा २६ उपधारा (१) ले आदिवासीलाई उनीहरूले परम्परादेखी नै आफ्नो स्वामित्वमा रहेका, बसोबास गरेका वा अन्य किसिमबाट प्रयोग गर्दै आएका वा हासिल गरेका जमीन, भू-भाग तथा संसाधानहरूमाथिको अधिकार हुने व्यवस्था गरेको छ । यस अनुसार परम्परादेखी नै स्वामित्वमा रहेका, बसोवास गरेका वा अन्य किसिमले प्रयोग गर्दै आएका या हासिल गरेका जमीन, भू-भाग तथा संसाधनहरू नै परम्परागत भूमि अर्थात पुर्ख्यौली भूमि हो ।

यस घोषणा पत्रको धारा २६ को उपधारा (२) ले आदिवासीहरूलाई परम्परागत स्वामित्व वा अन्य परम्परागत व्यावसाय वा प्रयोगका कारण आफुसंग भएका तथा आफुले अन्य किसिमले प्राप्त गरेको जमीन, भू-भाग तथा संसाधानमाथिको स्वामित्व प्राप्त गर्ने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार व्यवस्था गरेको छ भने धारा २५ ले परम्परादेखि नै आफ्नो स्वामित्वमा रहेका वा उनीहरूले अन्य किसिमले बसोवास गरी प्रयोग गर्दै आएका जमीन, भू-भाग, पानी र तटवर्ती समुन्द्र तथा अन्य संसाधनसंग उनीहरूको पृथक आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने र यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने अधिकार व्यवस्था गरेको छ ।

यसको अर्थ आदिवासीको नाममा दर्ता भएको जमीन, दर्ता नभए पनि आफ्नै जस्तो अपनत्व (De-facto स्वामित्व) भएको काठको सामान बनाउने, बाँसको विभिन्न सामान बनाउने जस्ता अन्य परम्परागत व्यवसाय वा प्रयोग गरिने काठपात तथा वनजन्य वस्तु भएको भूमि, प्रयोग गरेको जमीन, प्रयोग गरिरहेको खानी, ढुंगा, वन, खोला, तटवर्ति समुन्द्र तथा पानी भएको भूमि तथा समग्र क्षेत्रको स्वामित्व प्राप्त गर्ने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार हो भनेर बुझ्नु पर्दछ ।

यस अधिकारले परम्परागत भूमिमा भूमि शासन (Land rule) को हिसावले आदिवासीहरूको स्वशासन (Self-rule) तथा स्वसरकार (Self-government) हुने कुरालाई स्पष्ट गर्दछ । त्यसैले, यस घोषणा पत्रको धारा ३ र ४ मा आदिवासीहरूको आत्मनिर्णयको अधिकार, स्वायत्तता, स्वशासन र आत्मनिर्णीत विकासको अधिकार हुन्छ भनिएको हो ।

यस घोषणा पत्रको धारा २७ ले परम्परागतरूपमा स्वामित्वमा रहेका वा अन्य किसिमबाट बसोबास वा प्रयोग गरिदै आएका समेत आदिवासीका जमिन, भू-भाग र संसाधनहरूमा उनीहरूको अधिकारलाई मान्यता प्रदान गर्न र न्याय निरूपण गर्न राज्यहरूले सम्बन्धित आदिवासीसंग मिलेर उनीहरूको कानुन, परम्परा, प्रचलन र भू-स्वामित्व प्रणालीलाई उचित मान्यता दिदैँ एउटा न्यायपुर्ण, स्वतन्त्र, निश्पक्ष, खुला र पारदर्शी प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्ने, र आदिवासीलाई यस प्रक्रियामा सहभागी बन्ने अधिकार हुने व्यवस्था गरेको छ । यसको अर्थ राज्यले यि कामहरूलाई आफ्नो निर्णयको आधारमा नभई सम्बन्धित आदिवासीको परम्परागत कानून, प्रचलन र भू-स्वामित्व प्रणालीको आधारमा व्यवस्थित गर्न र न्याय निरूपण गर्न सम्बन्धित आदिवासीसंग मिलेर काम गर्नु पर्ने हुन्छ ।

यहाँ राज्य भनेको शासन प्रणाली सहित नेपालको सरहद भित्रका विभिन्न तहका सरकार, न्यायपालिका, व्यवस्थापिका (संघ, प्रदेश तथा स्थानीय) र तिनका अवयवहरू सहित समग्र जनता भनेर बुझ्नु पर्दछ । राज्य सत्तामा जनता गणना गरिन्दैन भने राज्यमा जनता पनि गणना गरिन्छ । राज्य र राज्य सत्तामा फरक यहि हो ।

यस घोषणा पत्रको धारा २८ को उपधारा (१) ले आदिवासीलाई परम्परागतरूपमा आफ्नो स्वामित्वमा रहेका वा अन्य किसिमले उनीहरूले बसोबास वा प्रयोग गरेका जमिन, भू-भाग तथा संसाधानहरू उनीहरूको अग्रिम जानकारी सहितको स्वतन्त्र मन्जुरीविना जफत गरिए, लिईए, बसोबास वा प्रयोग गरिए वा त्यसमा क्षति पुर्याएमा पूनर्प्राप्ती लगायतका माध्यमबाट क्षतिपूर्ती प्राप्त गर्ने वा त्यो सम्भव नभएमा उचित, न्यायपूर्ण र न्यायोचित क्षतिपूर्ती प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ । यसको अर्थ जग्गा जफत गरिए या लिईएमा पुनरप्राप्ती (फिर्ता पाउने) अधिकार हुन्छ । बसोवास या प्रयोग गरिए पनि पुनः प्राप्ती वा फिर्ता पाउने अधिकार हुन्छ भने पुनः प्राप्ती हुन नसक्ने गरि क्षति तथा हानी नोक्सानी गए क्षतिपूर्ती प्राप्त गर्ने अधिकार हुन्छ । सोही धारा २८ को उपधारा (२) ले सम्बन्धित मानिसहरूले स्वतन्त्रतापूर्वक सहमति जनाएको अवस्थामा बाहेक गुणस्तर, आकार र कानूनी हैसियतमा समान हुने गरी जमीन, भू-भाग र संसाधनका रूपमा वा मौद्रिकरूपमा वा अन्य उपयुक्त क्षतिपूर्तीका रूपमा त्यस्तो क्षतिपूर्ती प्राप्त हुने व्यवस्था गरेको छ ।

यस घोषणा पत्रको धारा २९ को उपधारा (१) ले आदिवासीलाई आफ्नो वातावरण तथा जमीन वा भू-भाग र संसाधनको उत्पादनशील क्षमतालाई बचाएर राख्ने वा त्यसको संरक्षण गर्ने अधिकारको व्यवस्था गरेको छ । यस्तो बचाउ तथा संरक्षणका लागि राज्यले कुनै भेदभावविना आदिवासीका लागि सहायता कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ ।

यस घोषणा पत्रको धारा २९ को उपधारा (२) ले आदिवासीको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरीविना उनीहरूको भूमि वा भू-भागमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन नगरिने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरि, यसको धारा ३० को उपधारा (१) ले सम्वद्ध सार्वजनिक हितका लागि उचित नठहर्याएसम्म वा सम्बन्धित आदिवासीद्वारा स्वतन्त्रतापूर्वक सहमति दिईएको वा अनुरोध गरिएको अवस्थामा बाहेक आदिवासीको भूमि वा भू-भागमा सैनिक गतिविधी हुनु नहुने व्यवस्था गरेको छ । उपधारा (२) ले सैनिक गतिविधीका लागि आदिवासीका जमीन वा भू-भाग प्रयोग गर्नु पूर्व राज्यले उपयुक्त कार्यविधी मार्फत र विशेषरूपमा आदिवासीका प्रतिनिधीमुलक संस्थाहरू मार्फत सम्बन्धित आदिवासीसंग प्रभावकारी परामर्श गरिनु पर्ने व्यवस्था गरेको छ ।

यसै गरि, यस घोषणा पत्रको धारा १० ले आदिवासीहरूलाई उनीहरूको भूमि तथा भू–क्षेत्रबाट बलपुर्वक हटाउन नमिल्ने व्यवस्था गरेको छ । सम्बन्धित आदिवासीहरूको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी विना उनीहरूलाई सो भूमिबाट स्थानान्तर गर्न नमिल्ने व्यवस्था गरेको छ । यस्तो

स्थानान्तर उनीहरूलाई न्यायीक र उचित क्षतिपूर्ती दिने र सम्भव भएसम्म उनीहरू आफ्नो भूमिमा फर्कन पाउने विकल्प सहितको सहमति तथा सम्झौता हुनु पर्ने व्यवस्था गरेको छ ।

यस घोषणा पत्रको धारा ३२ को उपधारा (१) ले आदिवासीलाई आफ्नो जमीन वा भू-भाग वा अन्य संसाधनहरूको विकास वा प्रयोगका लागि प्राथमिकता र रणनीतिहरू निर्धारण तथा तयार गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

## आदिवासीहरूको सम्बन्धमा संयूक्त राष्ट्र संघीय विश्व सम्मेलनको सिफारिस (WCIP)

आदिवासीहरूको सन्दर्भमा विश्व सम्मेलनको प्रस्ताव नं. २० ले आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको सम्बन्धमा आदिवासीहरूको भूमि, भू-भाग र संसाधनलाई प्रभाव पार्ने कुनै पनि परियोजनाको स्वीकृति दिनु अघि आदिवासीहरूको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी लिन विश्वासका साथ आदिवासीहरूको प्रतिनिधीमुलक संस्था मार्फत परामर्श र सहयोग लिने भन्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिईएको छ । यसैगरी, प्रस्ताव नं. २१ ले आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणा पत्रको सम्बन्धमा आदिवासीहरूको भूमि, भू-भाग र संसाधनमाथीको अधिकारलाई मान्यता, बढोत्तरी र आधिकारीकरूपमा निर्णय गर्न सम्बन्धित आदिवासीहरूलाई संयोजन गरेर राष्ट्रिय तहमा न्यायिक, स्वतन्त्र, निश्पक्ष, खुला र पारदर्शी प्रक्रियाहरू स्थापना गर्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिईएको छ ।

## राष्ट्रिय कानूनमा व्यवस्था

अन्तर्राष्ट्रिय कानूनका यि व्यवस्था बाहेक हाम्रो देशको राष्ट्रिय कानूनमा व्यक्तिगत भूमि अधिकारका लागि भएका कतिपय व्यवस्थाहरूले पनि आदिवासीहरूको प्रथाजनित भूमि र सो भूमिमा सामुहिक अधिकार, प्रथाजनित भूमि प्रयोग, विकास र नियन्त्रण तथा पूर्व सुसुचित स्वतन्त्र मन्जुरीको अधिकारलाई स्थापित गर्न टेक्न सकिने अवस्था रहेको छ । ति राष्ट्रिय कानूनका व्यवस्थाहरूलाई पनि हेर्न र बुझ्न आवश्यक हुन्छ ।

## नेपालको संविधान, २०७२

संविधानको धारा २६(२) ले धार्मीक स्थल तथा गुठी सञ्चालन र संरक्षण गर्ने हक मौलिक हककोरूपमा राखेको छ । यस व्यवस्था अनुसार आदिवासीहरूले आफ्नो परम्परागत भूमि भित्रका आध्यात्मीक धार्मीक क्षेत्रहरूलाई आफ्नो धार्मीक स्थलको घोषणा गरि ति स्थलहरूको संरक्षण गर्न सकिन्छ । त्यति मात्र होईन आफ्नो परम्परागत भूमि भन्दा टाढाको क्षेत्रमा रहेको स्थललाई धार्मीक स्थलकोरूपमा मानि पुजिआएको भए त्यसलाई पनि संरक्षण गर्ने हक राख्न सकिन्छ ।

यसैगरि, संविधानको धारा ३२(३) ले भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्धन र संरक्षण गर्ने मौलिक हकको व्यवस्था गरेको छ । संस्कृति, साँस्कृतिक सभ्याता तथा सम्पदासंग भूमि

जोडिएको हुन्छ । आदिवासी जनजातिको हकमा ति संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदालाई उनीहरूको भूमि भन्दा बाहीर राखेर त्यसको सम्वर्धन र संरक्षण गर्न सकिन्दैन । यसैले, ती संस्कृति, साँस्कृतिक सभ्यता तथा सम्पदालाई सम्वर्धन र संरक्षण गर्न आदिवासीहरूले आफ्नो परम्परागत भूमि र आफ्नो भूमि अधिकारलाई दावी गर्न सक्छन् ।

यसरी नै, संविधानको धारा ३७(२) ले कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरेको छ । स्वामित्व भन्ने बित्तिकै कानूनी र सामाजिक–साँस्कृतिक या परम्परागत स्वमित्व अर्थात पूर्ववर्ति अधिकारसंग जोडिएर आउने स्वामित्व पनि हुन्छ । यस धारामा व्यवस्था भएको स्वमित्व व्यक्तिगत अधिकारसंग जोडिएता पनि व्यक्तिहरूको समूहगतरूपमा यस्तो स्वमित्वको कुरा गर्न र दावी गर्न मिल्छ ।

संविधानको धारा ५१(ख)(३) ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ । यसैगरि, संविधानको सोही धारा ५१(ञ)(८) ले आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसंग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्धन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ । आदिवासी जनजातिको पहिचान भनेकै सामुहिक अधिकारसंग सम्बन्धित भाषा हो, संस्कृति हो, परम्परागत रीति थिती, प्रचलन, परम्परागत कानून, परम्परागत कानूनको आधारमा भूमि प्रणालीको अभ्यास, आफ्नै सामाजिक विश्वास, मुल्य मान्यता र आध्यात्मीक स्थल, धरोहर तथा विश्वासहरू हुन । यस नीतिले आदिवासीहरूको सामुहिक भूमि अधिकार अभ्यास गर्न रोक्दैन ।

यसको साथै संविधानको धारा ५६(५) ले संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ । राज्यले यो कानून स्थानीय तहको पुनरसंरचना गर्नु भन्दा अघि नै बनाउनु पर्दथियो । सो कानून अनुसार आदिवासीहरूका विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रहरू घोषणा गरेपछि मात्र स्थानीय तहको पुनरसंरचना गरिनु पर्दथियो । यसमा छल भएको छ । राज्यले यो कानून बनाएर राज्यको विभिनन तहको पुनरसंरचना गर्नै पर्दछ । यसको लागि आदिवासीहरूले संविधानमा व्यवस्था भएकोलाई कानून निर्माण गरि कार्यान्वयनमा लैजान न्यायलय मार्फत कानूनी उपचार खोज्न सकिने छ ।

## भूउपयोग सम्बन्धी ऐन, २०७६

यस ऐनको दफा ४ को (झ) ले ९ वटा भूउपयोगको क्षेत्र मध्ये एक साँस्कृतिक तथा पुरातात्वीक महत्वको क्षेत्रको व्यवस्था गरेको छ । सोही ऐनको दफा १९ को (ट) ले स्थानीय भूउपयोग परिषदको काम कर्तव्य र अधिकारमा 'धार्मिक, ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक, सार्वजनिक, सामुदायिक स्थलहरूको संरक्षण गर्ने' व्यवस्था गरेको छ ।

## वन ऐन २०४९

वन ऐन २०४९ को दफा ३८ ले आफ्नो हक लाग्ने जमिनमा व्यक्तिगतरूपमा निजी वन दर्ताको कार्य गर्न सकिने व्यवस्था गरेको छ । यसै ऐनको दफा ३५ ले कुनै धार्मिक स्थल वा त्यसको वरिपरीको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलाई जिल्ला वन अधिकृत समक्ष निवेदन दिई धार्मीक वनकोरूपमा दर्ता गर्न सकिने व्यवस्था गरेको छ । यसको अर्थ आदिवासी समुदायले आफ्नो आध्यात्मीक तथा साँस्कृतिक र धार्मीक स्थलकोरूपमा रहेको वन क्षेत्रलाई आफ्नो समुदायको धार्मीक वनकोरूपमा दर्ता गर्न सकछ ।

## मुलुकी देवानी संहिता २०७४,

मुलुकी देवानी संहिता २०७४ को दफा ३०१ ले कुनै समुदायले आफनो प्रयोगको लागि राखेको जग्गा, त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्व रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिनेछ भन्ने व्यवस्था गरेको छ । स्वामित्व भन्ने बित्तिकै कानूनी र सामाजिक–साँस्कृतिक या परम्परागत सामुदायिक स्वमित्व अर्थात पूर्ववर्ति अधिकारसंग जोडिएर आउने स्वामित्व पनि हुन्छ । आदिवासी जनजातिहरूले यस व्यवस्थाको आधारमा परम्परागत भूमिका धेरै भागहरूलाई सामुदायिक गाई वस्तुचरन, पूर्ववर्ति अधिकार रहेको वन जंगल, खर्क, डाँडा पाखा, खोला खाल्सी आदि सम्बन्धित आदिवासीहरूको सामुदायिक सम्पत्तिकोरूपमा दावी गरि सामुदायिक स्वामित्वमा ल्याउन सकिन्छ ।

## जग्गा (नाप जाँच) ऐन, २०१९

जग्गा (नाप जाँच) ऐन २०१९ आठौ संसोधन २०५६ ले  दर्ता तिरो केही नभई परापूर्वदेखि वेनिस्सा हकभोग भई आवाद गरी खाईआएको सामुदायिक जग्गालाई समेत जग्गावालाले सो जग्गा दर्ता गराउनुपर्नेछ भनि व्यक्तिगत जग्गा दर्तामा ल्याएको देखिएता पनि सोहि ऐनको दफा छ (ख)(१) ले छुट जग्गा दर्ता सम्बन्धि व्यवस्था गरेको छ । 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नाप जाँच हुँदा कुनै जग्गा नाप जाँच हुन छुट भएको वा नाप जाँच भए पनि दर्ता हुन छुट भएमा सम्बन्धित व्यक्तिले त्यस्तो जग्गा नाप जाँच गर्नको लागि आवश्यक कागजात सहित तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ' भन्ने व्यवस्थाले प्रक्रिया पुर्याएर ति सामुदायिक जग्गाहरू समुदायका व्यक्तिहरू मिली छुट जग्गा दर्ता भनेर दर्ता गर्न सकिन्छ । तर यो अवधारणा भनेको व्यक्तिगत जग्गा दर्ताको अवधारणा अनुसार हुन्छ । त्यसबाट सामुदायिक भूमि अधिकारको दावी गर्न सहयोग पुग्छ ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को (ङ) स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत (४) ले सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, .......को अध्यावधिक अभिलेख राख्ने व्यवस्था गरेको छ । यस्तो अभिलेख राख्दा स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) बाट सामुदायिक सम्पत्तिकोरूपमा आदिवासी जनजातिहरूको सामुदायिक भूमि तथा जग्गाहरूलाई अभिलेखमा पारेर

आदिवासीहरूको सामुहिक भूमि अधिकारतिर लैजान सकिने ढोका खोल्न सकिन्छ । यसै ऐनको दफा ११ को (ण) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी अन्तर्गतको (८) ले स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन गर्ने व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार स्थानीय तहले सार्वजनिक तथा सरकारी जमिनहरूलाई आदिवासी जनजातिको सामुदायिक चरन तथा खर्क विकास तथा व्यवस्थापनमा लैजान सक्ने बाटो खोलाउन सकिन्छ ।

यसै ऐनको दफा ११ को (प) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण अन्तर्गतको (१) ले जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धि स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन गर्ने व्यवस्था गरेको छ । स्थानीय तहले सो सम्बन्धी नीति तथा कानून बनाउँदा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने जिम्मेवारी स्थानीय आदिवासीहरूलाई दिन सकिने बनाएर आदिवासीहरूको सामुहिक भूमि अधिकारमा छिर्न सकिन्छ ।

यसैगरि, समुदायले बनाएको तथा राखेको घरजग्गा सामुदायिक सम्पत्तिको रूपमा रहने भन्ने मुलुकी देवानी संहिता, २०७४ को दफा ३०१ नयाँ व्यवस्था गरिएको छ ।

## प्राचिन स्मारक संरक्षण ऐन, २०१३

यस ऐन को दफा २ तथा ३ ले प्राचिन स्मारक तथा पुरातात्विक वस्तुहरूको परिभाषा गरी संरक्षणको मुख्य दायित्व नेपाल सरकारलाई तोकि दिएको छ । यसमा ईतिहास, कला, आदिको दृष्टिबाट महत्वपूर्ण रहेका १०० वर्ष नाघेका चिजवस्तुहरूलाई प्राचिन स्मारक र ईतिहास, अवस्था, सभ्यता आदि दर्शाउने मठमन्दिर, विभिन्न पत्र, घर, आदिलाई परिभाषा गरिएको छ ।

## सक्षम अदालत (Competent court) बाट स्थापना भएका नजिर तथा सिद्धान्तहरू

भूमि सवाल सम्बन्धमा अदालतबाट केही नजिर तथा सिद्धान्तहरू प्रतिपादन भएका छन् । आदिवासीका भूमि अधिकारको हकमा पनि लागू हुने ति नजिर तथा सिद्धान्तहरू मध्ये तलका उदाहरणीय नजिर तथा सिद्धान्तहरू रहेका छन् ।

## नजिर १

सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा पनि जग्गा सम्बन्धलाई लिएर केहि फैसलाहरू भएको पाईन्छ जस्तोः सानु श्रेष्ठ समेत निवेदक भएको परमादेश समेतको सडक विस्तार सम्बन्धी रीट निवेदनमा मिति २०७४ असोज २ गते फुलबेञ्चबाट भूमिसंग सम्बन्ध रहेका व्यक्तिगत तथा सामुहिक सम्बन्ध तथा सवालहरूलाई संरक्षण गर्ने गरी फैसला भएको पाईन्छ । जस्तो

- मुआब्जा र क्षतिपूर्ति नदिई सडकको सिमा समेत नतोक्नु ।
- विकल्प भए सम्म व्यक्तिको आवसलाई प्रतिकुल असर पर्ने गरी कुनै कार्य नगर्नु ।

- वातावरण संरक्षण र पुरातात्विक महत्व राख्ने स्थलहरूको संरक्षणलाई केन्द्र विन्दुमा राखेर विकास आयोजना सञ्चालन र निर्माण गर्नु ।

## नजिर २

आदिवासीलाई प्रभाव पार्ने कानून तथा नीतिहरूमा प्रतिनिधित्व र सहभागिताको विषयमा लाहुर्निप समेत निवेदक रहेको परमादेश समेतको रीटमा सरकारलाई निम्न निर्देशनात्मक आदेश दिदै नजिर प्रतिपादन गरेको पाईन्छ ।

- अन्तर्राष्टिय श्रम संगठन महासन्धी नं. १६९ लगायतको अन्तर्राष्ट्रिय कानून संविधानको मर्म र भावना समेतलाई अध्ययन गरी, प्रभावित पक्षहरूसंग छलफल, विचार विमर्ष गर्नु ।
- अब आउने संविधान सभामा आदिवासी जनजाति लगायतको सार्थक एवं प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ हेर्ने र
- सम्बन्धित कानूनहरूमा आवश्यक परिमार्जन तथा संसोधन गर्न पहल गर्नु ।

# तेस्रो दिन

# आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध

## पहिलो सत्रः अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा तालमेलको अभाव (Gaps)

### थ. अन्तर्राष्ट्रिुय कानूनले सुनिश्चित गरेका आदिवासीका भूमि अधिकार किन कार्यान्वयन भईरहेको छैन ?

आदिवासीका भूमि अधिकार प्राप्तीमा पहिलो समस्या तथा अवरोध भनेको अन्तर्राष्ट्रिय कानूनले सुनश्चित गरेका आदिवासीका भूमि अधिकारहरू राष्ट्रिय कानूनमा समावेश नहुनु हो । यसले अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेका आदिवासीका भूमि अधिकारलाई कार्यान्वयन गर्नमा अफ्ठ्यारो बनाएको छ ।

माथीदेखि तलसम्म कुनै पनि कानून कार्यान्वयन गर्ने दायिन्व सरकारी संरचनाको हो । सरकारी संरचना भनेको त्यसलाई डेलिभरी गर्ने कर्मचारी संरचना हो । आदिवासीका भूमि अधिकारलाई कार्यान्वयन गर्न सरकारी संरचना नै मिलेको छैन भने कुनै पनि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कर्मचारी संरचनाले नेपालको राष्ट्रिय कानूनलाई आधार बनाउदछ । नेपालको राष्ट्रिय कानून उनीहरूको लागि कार्यान्वयन निर्देशिका (Operating Guideline) हो । अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन प्रति उनीहरूले अन्तर्राष्ट्रिय तहमा जवाफ दिनु पर्ने भएता पनि देश भित्र कार्यान्वयनमा धेरै चाँसो रहेको देखिन्दैन । अन्तर्राष्ट्रिय कानूनलाई राष्ट्रिय कानूनमा समावेश गरि कार्यान्वयनमा लैजानु पर्ने दायित्व सरकार र संसदको हो । सरकार र संसद आदिवासीका भूमि अधिकारमा संवेदनशिल नभएको कारणबाट अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन भईरहेको छैन । यसर्थ, हामीले अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा कहाँ कहाँ तालमेल मिलेको छैन र खाडल (Gaps) रहेको छ त्यो जान्न आवश्यक छ । अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा नमिलेका कुराहरू के कति गम्भीर प्रकारका छन् र तिनीहरूको लागि के कति र कसरी प्रयत्न गर्न आवश्यक छ भन्ने कुरा नमिलेका कुराहरू थाहा पाए पछि मात्र उपाय खोज्न सकिने हुन्छ । (अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानूनमा नमिलेका कुराहरू तल टेवलमा हेर्नुस)

दोस्रो सत्रः राज्य तथा गैर-राज्य पक्षका क्रियाकलापहरू (भूमि अधिकार खोस्ने कूननहरूको निर्माण, औपनिवेशिक तथा अतिक्रमणकारी विकास, साँस्कृतिक अतिक्रमण र अस्तित्व नामेट गर्ने कदमहरू)

आदिवासीका भूमि अधिकार प्राप्तीमा दोस्रो समस्या तथा अवरोध भनेको सरकार तथा संसदको आदिवासी विरोधी रवैया हो । अन्तर्राष्ट्रिय कानून तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्फौताहरूको राष्ट्रिय कानूनमा समावेश गरेर कार्यान्वयनको प्रक्रियामा लैजाने दायित्व सरकार र

संसदको हो । तर सरकार र संसद भने आदिवासीका भूमि अधिकार खोस्ने कानूनहरू निर्माण गरिरहेको छ । पछिल्लो समयमा बनेका भूउपयोग सम्बन्धी ऐन २०७६, भूमि ऐन (संसोधन सहित) २०७६ लगायका ऐन कानूनहरू उदाहरणहरू हुन । भूउपयोग ऐन २०७६ ले समग्र भूमिलाई ९ प्रकार भूमिमा वर्गीकरण गरेको छ जस्मा आदिवासीहरूको परम्परागत/प्रथाजनित सामुदायिक/पुर्ख्यौली भूमि भनेर वर्गीकरण गरिएको छैन । यसले आदिवासीहरूको पुर्ख्यौली भूमिलाई भूमिको विभिन्न वर्गीकरण गरेर खोस्ने र हडप्ने काम गरेको छ । त्यसरी नै सरकार तथा संसदले विकासको नाममा आदिवासीका भूमि राज्यले प्राप्त गर्न सक्ने र विभिन्न कम्पनीहरूलाई अतिक्रमणकारी विकास गर्न दिन सक्ने, आदिवासीहरूका संस्कृति तथा साँस्कृतिक सम्पदाहरूमा कथित विकास र सार्वजनिक हितको लागि भनेर अतिक्रमण गर्न सक्ने प्रकारका कानूनहरू बनाएको छ ।

सबै ऐन तथा कानूनहरूले कुलमा आदिवासीहरूको ईतिहास समाप्त पार्ने, त्यसको ठाँउमा गलत ईतिहास निर्माण गर्ने र पहिचान नामेट गर्ने हिसावबाट बनेका देखिएका छन् । यसमा भूमण्डलीकरणको भूमिका पनि उत्तिकै देखिएको छ ।

## तेस्रो सत्रः कानून कार्यान्वयनमा व्यावधान (राज्यको संरचना, कर्मचारी संरचना, प्रवृत्ति आदि)

### द. आदिवासीका भूमि अधिकार प्राप्तीमा मुख्य समस्या र अवरोध के के हुन् ?

आदिवासीका भूमि अधिकार प्राप्तीमा धेरै समस्या र अवरोधहरू रहेका छन् । यि समस्या र अवरोधहरू आदिवासीहरूको लागि ज्यादै चुनौतिपूर्ण छन् ।

अन्तर्राष्ट्रिय कानून कार्यान्वयनमा व्यावधान, आदिवासीका भूमि अधिकार प्राप्तीमा समस्या र अवरोध गर्ने मुल तत्वहरू निम्न रहेका छन् ।

क. राष्ट्रिय कानून

ख. शासन व्यवस्था सञ्चालन बिचार

ग. राज्यको संरचना

घ. सरकारी कर्मचारी संरचना

ङ. कर्मचारी प्रवृत्ति

अन्तर्राष्टिय कानूनको आधारमा राष्ट्रिय कानून नबनेको कारणले आदिवासीका भूमि अधिकारको लागि राष्ट्रिय कानून नै अवरोधककोरूपमा रहेको छ ।

अहिलेको शासन व्यवस्था अभिजातिय सोचबाट चलेको छ । यसले आदिवासीहरूको अधिकारलाई मान्यता दिन मान्दैन । यसर्थमा, यो शासन व्यवस्था सञ्चालन सोच अवरोधकोरूपमा रहेको छ ।

अहिलेको राज्य संरचना पनि आदिवासीका भूमि अधिकारको लागि अवरोधकोरूपमा रहेको छ । अादिवासीहरूको पुर्ख्यौली/प्रथाजनित सामुहिक भूमि भनेको अहिले स्थानीय संरचनामा सामान्यतया २ या २ भन्दा बढी संरचनामा पर्दछ । अादिवासीहरूको पुर्ख्यौली/प्रथाजनित भूमिलाई सुनिश्चित गर्दा स्थानीय संरचनामा असर पर्न जान्छ । यसकारण यसले अवरोध सिर्जना गरेको छ ।

आदिवासीहरूको पुर्ख्यौली/प्रथाजनित सामुहिक भूमिको लागि सरकारको संरचना र सरकारी कर्मचारी संरचना पनि अवरोधकोरूपमा रहेको छ । यस सामुहिक अधिकारलाई हेर्ने र डिल गर्ने सरकारी तहमा कुनै फरक संरचना नै छैन । अर्कै विषयको मन्त्रालय तथा कर्मचारी संरचनामा खादखुद गरी राखिएको संरचनाले काम गर्न सक्दैन ।

सरकारी कर्मचारी प्रवृत्ति र मानसिकता आदिवासीहरूको भूमि अधिकारलाई पचाउने (Friendly) खालको छैन । यो प्रवृत्ति तथा सोच एक अवरोधकोरूपमा रहेको छ ।

आदिवासी जनसमुदायमा सचेतना र संगठित प्रयासको अभाव (पैरवी, जनपैरवी, परिचालन, भूमि संस्कृति र थातथलो प्रति उदासीनता)

यि माथीका सबै विषयहरूमा आदिवासी समुदाय धेरै सचेत छैन, कमजोर सचेतना छ । यि सबै विषयहरूमा समुदायसम्म सचेतना पुग्न सकेको छैन । मानिस सचेत नभएसम्म संगठित हुन सक्दैन । संगठित भए पछि मात्र समुदायले संगठित प्रयास गर्दछ । थोरै थोरै प्रयास भए पनि समुदाय तहको प्रयास भने अभाव रहेको देखिएको छ । यसर्थ, जनपैरवी र जनपरिचालन गर्न र हुन संगठित प्रयासको आवश्यकता पर्दछ ।

अहिलेको पुँजीवादी भूमण्डलीकरणका कारण आदिवासीहरू पनि पैसा र सुविधाको लागि विश्वभर छरिएका छन् । त्यसले आफ्नो पुर्ख्यौली भूमि र संस्कृति प्रति वेवास्ताको सोच विकास गरेको छ । पुर्ख्यौली भूमि र संस्कृति प्रतिको यस खाले उदासिनताले पनि आदिवासीका भूमि अधिकार प्राप्तीमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा अवरोधको काम गरेको छ ।

आदिवासीहरूका समाज पनि पुँजीवादी संस्कृतिले गाजिसकेको छ । यसको कारण आदिवासीहरू आफ्नो थातथलो छोडेर शहर र सुविधायुक्त ठाँउहरूमा बसोबास र बसाईँ सराइ गर्ने काम तित्र गतिमा चलेको छ । यसले थातथलोमा आदिवासीहरूको सामुहिक भूमि अधिकार सुनिश्चित गर्न कठिनाई तथा अवरोधको काम गरेको छ ।

## चौथो सत्रः भूमि अधिकार उलंघनमा कानूनी उपचार र विधी तथा प्रक्रियाहरू न्यायिक निकाय (श्री सर्वोच्च अदालत र श्री उच्च अदालत)

आदिवासीका भूमि अधिकार हनन् विषयमा न्यायिक सर्वोच्च अदालतमा सम्पत्तिको अधिकार, पहिचानको अधिकार, संस्कृति तथा गुथी अधिकार जस्ता विषयलाई मौलिक हक तथा अन्य अधिकारकोरूपमा संविधानमा उल्लेख गरिएका छन् । नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय कानूनमा प्रत्याभूत भूमि अधिकारहरू कानूनी अधिकार भित्र  पर्दछन् । यस्ता विषयलाई नेपालको संविधान, २०७२ को धारा १३३ (१) र (२) अनुसार सर्वोच्च अदालतमा र धारा १४७ अनुसार उच्च अदालतमा रिट निवेदन राख्न सकिन्छ । अदालतबाट उत्प्रेषण, परमादेश, अधिकार पृच्छा, निषेधाज्ञालगायतको आवश्यक आदेश जारी गर्न सक्दछ । यसको लागि वकिलको सहयोग जरूरी हुन्छ ।

आदिवासीहरूको सामुहिक अधिकार उल्लंघनको विषयमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धि वकिल समूह (लाहुर्निप) ले कतिपय मुद्दाहरूमा कानूनी पैरवी गरिआएको छ ।

### मानव अधिकार आयोगमा उजुरी

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ तथा आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणपत्र २००७ लगायत नेपाल पक्ष रहेको अन्य मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत मानव अधिकारका उल्लंघनमा राष्ट्रिय मानव अधिकार  आयोगमा लिखित वा मौखिकरूपमा उजुरी गर्न सकिन्छ । आयोगको उजुरी ढाँचा मानव अधिकार आयोगको वेव साईटमा दिइएको छ ।

आयोगमा उजूरी परे पश्चात् आयोगले स्थलगत अध्ययन अनुसन्धान गरी सरकार वा सरकारका निकाय तथा मानव अधिकार उल्लंघनकर्तालाई सिफारिस दिने काम गर्छ । सरकार वाहेकका उल्लंघनकर्ता रहेछन् भने पनि आयोगले सिफारिस, मध्यस्तता लगायतका माध्यमबाट समस्या समधानका पहल गर्दछ ।

### अन्तर्राष्ट्रिय मानव अधिकार उजूरी हेर्ने संयन्त्रमा उजुरी

संयुक्त राष्ट्रसंघले जारी गरेका मानव अधिकारका सन्धिमा उल्लिखित भूमि तथा स्रोतको अधिकार उल्लंघन भएमा सम्बन्धित समितिमा (समितिको नामावली परिशिष्टमा छ) मा उजुरी गर्न सकिन्छ । संयुक्त राष्ट्रसंघको बडापत्रमा आधारित संयन्त्र जस्तै आदिवासीहरूको मानव अधिकार हेर्ने विशेष समाधीक्षक, मानव अधिकार प्रतिरक्षकको विषय हेर्ने समाधीक्षक जस्ता निकायमा उजूरी गर्न सकिन्छ । (उजूरीको ढाँचा परिशिष्टमा दिइएको छ )

आदिवासीहरूको विषयमा विज्ञ समिति (Expert Mechanism on the Rights of Indigneous Peoples/ EMRIP) मा कुनै पनि आदिवासी अधिकार हनन् विषय र विवादबारे सहजीकरण र मध्यस्तताको लागि अनुरोध गर्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय श्रम संगठनको विज्ञ समिति

अन्तर्राष्ट्रिय श्रमसंगठन महासन्धि नं १६९ मा उल्लिखित भूमि तथा स्रोतको अधिकारको उल्लंघन भएको अवस्थामा आई एल ओ को विधानको धारा २४र २५ अनुसार मुद्दा लैजान सकिन्छ । यस विषयमा नेपाल तथा एशियाबाट पहिलो मुद्दा काठमाडौमा नेवा समुदायको भूमि तथा संस्कृति उल्लंघन तथा विस्थापनबारे लाहुर्निपको सहयोगमा नेपाल टेलिकम कर्मचारी युनियनले नेवा समुदायको तर्फबाट मुद्दा दायर भई विचाराधिन छ ।

# आदिवासीका भूमि अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बीच खाडल

| सि.नं. | अन्तर्राष्ट्रिय कानून तथा औजारको व्यवस्था | राष्ट्रिय कानूनको व्यवस्था | नमिलेको कुरा (Gap) |
|---|---|---|---|
| १. | आदिवासीहरूको परम्परागत / प्रथाजनित भूमि हुन्छ र सो भूमिमा उनीहरूकै स्वामित्व र अधिनताको अधिकार रहन्छ<br><br>(अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १३(२) अनुसार) | १. धार्मीक स्थल तथा गुठी सञ्चालन र संरक्षण गर्ने हक मौलिक हककोरूपमा राखेको छ ।<br><br>(नेपालको संविधानको धारा २६ (२) अनुसार)<br><br>२. भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्धन र संरक्षण गर्ने मौलिक हकको व्यवस्था गरेको छ ।<br><br>(नेपालको संविधानको धारा ३२ (३) अनुसार)<br><br>३. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ ।<br><br>(नेपालको संविधानको धारा ५१ (ख) को (३) अनुसार)<br><br>४. संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ ।<br><br>(नेपालको संविधानको धारा ५६ (को(५) अनुसार) | अन्तर्राष्ट्रिय कानून र औजारहरूले व्यवस्था गरेको आदिवासीहरूको भूमि अधिकारसंग राष्ट्रिय कानूनको तालमेल देखिन्दैन । |

| | | | |
|---|---|---|---|
| २. | आदिवासीहरूको परम्परागत भूमि (सामुहिक भूमि, भू-क्षेत्र र श्रोतहरू) अर्थात Lands, territories and resources) मा आदिवासीहरूको अधिकार हुन्छ ।<br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्रको धारा २६ (१) अनुसार) | सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, ......को अध्यावधिक अभिलेख राख्ने व्यवस्था गरेको छ ।<br><br>(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को (ङ) स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत (४) अनुसार) | राष्ट्रिय कानूनले सामुदायिक सम्पत्तिकोरूपमा व्यवस्था गरेको कुरा र भूमि, भू-क्षेत्र र श्रोतहरू (प्रथाजनित भूमि) माथीको अधिकार आकास जमीन नमिल्ने कुरा हो । |
| ३. | सरकारले आदिवासीहरूको भूमिहरूको पहिचान गर्न आवश्यक कदम चाल्नु पर्ने व्यवस्था गरेको छ भने सम्बन्धित आदिवासीको सो भूमिमाथीको स्वामित्व र अधिनताको अधिकारलाई प्रभावकारीरूपमा रक्षा गर्ने ग्यारेण्टी गर्ने व्यवस्था गरेको छ । यस्तो भूमिमाथी सम्बन्धित आदिवासीले गरेको दावीलाई समाधान गर्न राज्य तथा सरकारले राष्ट्रिय कानुनी व्यवस्थामा पर्याप्त प्रक्रियाहरूको व्यवस्था गरिनु पर्ने व्यवस्था गरेको छ ।<br><br>(अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १४ (२) र (३) अनुसार) | | |
| ४. | आदिवासीहरूको भू-क्षेत्र अर्थात परम्परागत भूमिका भूमिजन्य प्राकृतिक श्रोतहरूमाथीको सम्बन्धित आदिवासीको अधिकार हुन्छ ।<br>ती श्रोतहरू प्रयोग, व्यवस्थापन र संरक्षणमा सम्बन्धित आदिवासीले सहभागी हुन पाउने अधिकार रहन्छ ।<br><br>(अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १५ (१) अनुसार) | | |

| | | | |
|---|---|---|---|
| ५. | आदिवासीहरूलाई आफ्नो परम्परागत भूमि प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा २६ (२) अनुसार) | | |
| ६. | आदिवासीहरूको परामर्श तथा स्वतन्त्र अग्रिम जानकारी सहित मन्जुरीको अधिकार छ ।<br><br>(अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १५ (२) अनुसार) | | |
| ७. | परम्परागत भूमिमा सम्बन्धित आदिवासीको कानून, परम्परा, प्रचलन तथा भू-स्वामित्वको मान्यताको आधारमा भूमि प्रणालीलाई न्यायिक, निश्पक्ष, स्वतन्त्र, खुला र पारदर्शी बनाउने प्रक्रिया र कार्यान्वयन गर्ने प्रक्रियामा सम्बन्धित आदिवासीहरूले सहभागी हुन पाउने अधिकार हुन्छ (आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा २७ अनुसार) | | |
| ८. | आदिवासीहरूको आफ्नो परम्परागत भूमिमा फर्कन पाउने अधिकार छ । (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १६, १६ (३), (४) र (५) अनुसार) | | |
| ९. | आदिवासीहरूको भूमिमा उनीहरूको अग्रिम जानकारी सहितको स्वतन्त्र मन्जुरी विना भूमिमा हानी, नोक्सानी तथा क्षति गरिए आदिवासीहरूलाई ति पुनर्प्राप्ती, क्षतिपूर्ति तथा उचित, न्यायपुर्ण र न्यायोचित क्षतिपूर्ती प्राप्त गर्ने अधिकार हुन्छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा २८ (१) अनुसार) | | |

| | | | |
|---|---|---|---|
| १०. | परम्परागत भूमिमा आदिवासीहरूको भूमि सम्बन्धी स्वनिर्णयको अधिकार छ जसलाई राज्य तथा अन्यले सम्मान गर्नु पर्दछ<br><br>(अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को धारा १७ (२), (२) र (३) अनुसार) | | |
| ११. | आदिवासीहरूलाई आफ्नो परम्परागत भूमिको उत्पादनशिल क्षमतालाई बचाएर राख्ने तथा संरक्षण गर्ने अधिकार छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा २९ (१) अनुसार) | | |
| १२. | आदिवासीहरूको भूमिमा केही गर्न आदिवासीहरूसंग स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी (Free Prior Inforned Consent – FPIC) को प्रक्रिया पालना गराउने आदिवासीहरूको अधिकार छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा २९ (२), ३० (१) र (२) र ३२ (२) अनुसार) | आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसंग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्धन गर्ने राज्यको नीति रहने व्यवस्था गरेको छ ।<br><br>(नेपालको संविधानको धारा ५१(ञ) को (८) अनुसार) | निर्णयहरूमा सहभागी गराउने कुरा र स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी (Free Prior Inforned Consent – FPIC) को अधिकार आकास जमिन नमिल्ने कुरा हो । |
| १३. | आदिवासीहरूलाई उनीहरूको भूमि तथा भू–क्षेत्रबाट बलपुर्वक हटाउन नमिल्ने व्यवस्था गरेको छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा १० अनुसार) | कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरेको छ ।<br><br>(नेपालको संविधानको धारा ३७ (२) अनुसार) | बलपुर्वक हटाउन नमिल्ने कुरासंग कानून बनाएर हटाउने कुरा कहि पनि मिल्दैन । |

| | | | |
|---|---|---|---|
| १४. | आदिवासीहरूको परम्परागत भूमिमा भूमि र संसाधनको विकास, प्राथमिकता र रणनीतिहरू निर्धारण गर्ने र तयार गर्ने सम्बन्धित आदिवासीको अधिकार हुन्छ ।<br><br>(आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणापत्रको धारा ३२ (१) अनुसार) | | |
| १५. | आदिवासीहरूको भूमि, भू-भाग र संसाधनलाई प्रभाव पार्ने कुनै पनि परियोजनाको स्वीकृति दिनु अघि आदिवासीहरूको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी लिन विश्वासका साथ आदिवासीहरूको प्रतिनिधीमुलक संस्था मार्फत परामर्श र सहयोग लिने भन्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिईएको छ ।<br><br>(आदिवासीहरूको सन्दर्भमा विश्व सम्मेलनको प्रस्ताव नं. २० अनुसार) | | |
| १६. | आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्रको सम्बन्धमा आदिवासीहरूको भूमि, भू-भाग र संसाधनमाथीको अधिकारलाई मान्यता, बढोत्तरी र आधिकारीकरूपमा निर्णय गर्न सम्बन्धित आदिवासीहरूलाई संयोजन गरेर राष्ट्रिय तहमा न्यायिक, स्वतन्त्र, निश्पक्ष, खुला र पारदर्शी प्रक्रियाहरू स्थापना गर्ने राज्यहरूबाट गरिएको संकल्पलाई मान्यता दिने कुरालाई जोड दिईएको छ ।<br><br>(wcip को प्रस्ताव नं. २१ अनुसार) | | |

# आदिवासीका भूमि अधिकार सम्बन्धमा पैरवी र जनपैरवी, रणनीति र कार्यनीति

## सत्र चौथोः पैरवी र जनपैरवी

### ध. आदिवासीहरूको भूमि अधिकारको लागि पैरवी र जनपैरवी किन महत्वपूर्ण छ ?

कुनै पनि देशमा ऐन कानूनहरूको खात हुन्छ । हाम्रो देशमा पनि सयौ संख्यामा फरक फरक ऐन कानूनहरू रहेका छन् । पहिलो त, ति सबै ऐन कानूनहरू सबै लागू नभएका हुन सक्छन् । दोस्रो, ति लागू नै भए पनि प्रभावकारीरूपमा कार्यान्वयन नभएको हुन सक्छ । तेस्रो, ति ऐन कानूनहरूमा जनताको आवश्यकताका आधारमा धेरै कमि कमजोरी (Lapses) रहेको हुन सक्छ, र चौथो, कतिपय सवालहरूमा ऐन कानूनहरू निर्माण नभएको हुन सक्छ ।

ऐन कानूनमा रहेका यि सबै समस्यालाई ठिक ठाउँमा ल्याउने उपाय भनेकै पैरवी र जनपैरवी हो । ति कमि कमजोरीहरूलाई नऔंल्याए र नदेखाएसम्म राज्य (सरकार र संसद) ले ति कमी कमजोरी (Lapses) हरूलाई हटाउन, सुधार गर्न र नयाँ बनाउन काम नगर्न सक्छ । यस अर्थमा, पैरवी र जनपैरवीको ठूलो महत्व छ । आदिवासीका भूमि अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बीच खाडल परेको तथा नमिलेको अवस्थामा यस्तो पैरवी र जनपैरवीको झनै ठूलो महत्व छ ।

### न. पैरवी के हो र जनपैरवी के हो ? यसले ऐन कानून, निर्णय तथा नीतिहरू कार्यान्वयन, परिवर्तन, सुधार गर्न र नयाँ निर्माण गर्न कस्तो प्रक्रिया तथा तरिकाहरू अपनाउछ ?

पैरवीः संस्था, सन्दर्भ र विषय अनुसार पैरवीलाई भिन्न भिन्न ढंगले परिभाषित गर्ने गरिन्छ तर सारमा धेरै फरक पर्दैन । पैरवी सामान्य शव्द हो । *सामाजिक क्षेत्रमा यस्को अर्थ आवाजलाई ठूलो बनाउने (Amplyfying the voices of unheard) भन्ने अर्थमा बुझिन्छ ।* यसलाई अधिकारमुखि पद्धतिको कार्य तरिका तथा शैली मध्ये एक कार्य शैली हो भन्ने मानिन्छ ।

काम गर्ने तौर तारिका र पैरवीमा संलग्नताको आधारमा पैरवी २ प्रकारको हुन्छ । पहिलो हो, सामान्य पैरवी, र दोस्रो हो, जनपैरवी । सामान्य पैरवी अदालतमा वकिलले न्यायधीश समक्ष आफ्नो क्लाईण्टको पक्षमा गर्ने पैरवी देखि लिएर व्यक्ति या संस्थाले सवालसंग सम्बन्धित समुदायको संलग्नताविना उनीहरूको पक्षमा ऐन कानून, निर्णय तथा नीति परिवर्तन या नीति कार्यान्वयनको लागि गरिने पैरवीसम्म पर्दछ । जनपैरवीको बारे तल चर्चा गरिने भएकोले यहाँ सामान्य पैरवीको चर्चा गरिन्छ । कुनै

पनि सवालमा पैरवी गर्ने संस्थाले पैरवी गर्न निम्न चरण तथा औजारहरू प्रयोग गर्दै पैरवीको योजना गर्नु पर्दछ । पैरवीलाई व्यवस्थित गर्न पैरवीका यी चरण तथा औजारहरू प्रयोग गर्न आवश्यक हुन्छ ।

पैरवी गर्न पहिलो त सवाल हुनु पर्दछ । समस्यााहरूबाट सवाल आउछ । समस्या भनेको नकारात्मक पाटो (Negative side) हो । समुदायले विभिन्न क्षेत्र (सामाजिक, साँस्कृतिक, आध्यात्मीक, आर्थिक, शैक्षिक, स्वास्थ्य आदि) मा अफ्ठ्याराहरू भोगीरहेका हुन्छन् । ति अफ्ठ्याराहरूको समाधान गर्न पैरवीको आवश्यक्ता पर्दछ । समस्या पहिचान पैरवीको पहिलो चरणमा गरिसके पछि दोस्रो चरणमा ति समस्याहरूबाट सवाल निक्यौंल गरिनु पर्दछ । सवाल भनेको सकारात्मक पाटो (Positive side) हो । समस्या र सवाल भनेको एउटा सिक्काको दुई पाटो हुन । उदाहरणकोरूपमा आदिवासीहरूको भूमि अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बीच खाडल परेको तथा नमिलेको अवस्था छ भने त्यस ग्यापलाई पुर्ने सवाल हुन सक्छ । सवाल अधिकारलाई मान्यता दिलाउने हुन सक्छ । सवाल अधिकारको अभ्यास गर्ने हुन सक्छ । सवाल कसरी पहिचान गर्ने भन्ने अलग प्रक्रिया छ जुन माथी अगाडी नै चर्चा भईसकेको छ ।

दोस्रो सवाल मात्र भएर पुग्दैन । उक्त सवालमा पैरवी गर्न सो सवालसंग या सवालको आधारमा ऐन कानून, नीति तथा निर्णयहरूको स्थिति के छ भनी विश्लेषण गरेर हेरिनु पर्दछ । उदाहरणको लागि आदिवासीहरूको भूमि अधिकारको सन्दर्भमा अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून बीच खाडल परेको तथा नमिलेको अवस्था छ भने कहाँ कहाँ र कुन कुन कानून, नीति तथा निर्णयमा मिलेको छैन र के मिलेको छैन भनेर थाहा पाउनु पर्दछ ।

तेस्रो, ति नमिलेका विषय या ऐन कानून, नीति तथा निर्णयहरू कुन कुन निकाय (मन्त्रालय, विभाग, सरकारी निकाय आदि) संग सम्बन्धित छ भनेर विश्लेषण या टुंगो लगाउनु पर्ने हुन्छ । तव मात्र उक्त निकायसंग ति विषयहरूमा परिवर्तन ल्याउन के कसरी काम गर्ने भन्ने योजना गर्न सकिन्छ ।

चौथो, नमिलेका विषयहरूमा परिवर्तन ल्याउन काम गर्दा कसैले अवरोध गर्ने र कसैले सहयोग गर्ने हुन सक्छ । यस्ता अवरोध गर्ने, सहयोग गर्ने र केही नबोल्ने पक्षहरूको विश्लेषण गरिनु पर्दछ र सोही अनुसारको रणनीति तयार गरिनु पर्दछ । पाँचौ, यि सबैलाई हेरेर पैरवीको एक रणनीतिक योजना बनाउनु पर्ने हुन्छ र सो योजना कार्यान्वयन गरिनु पर्दछ । कार्यान्वयनको सिल सिलामा समिक्षाहरू भईरहनु पर्दछ ।

जनपैरवीः जनपैरवीले गर्ने/ल्याउने भनेको पनि सकारात्मक परिवर्तन नै हो । वास्तवमा परिवर्तन एक वाक्यमा पहिलेको स्थिति भन्दा पछिल्लोमा फरक हो । परिवर्तन पनि वैधानिक बाटो र गैर–वैधानिक बाटोबाट गरिने परिवर्तन हुन्छ । यसैले, परिवर्तनलाई विभिन्न शव्दावलीले परिभाषित गर्ने गरिन्छ । परिवर्तनलाई बुझाउन सुधारात्मक परिवर्तन, क्रान्तिकारी परिवर्तन, आमुल परिवर्तन, सामाजिक परिवर्तन, आर्थिक परिवर्तन, राजनीतिक परिवर्तन आदि जस्ता शव्दावलीहरू प्रयोग हुने

गरेको छ । *जनपैरवी भनेको सवालसंग सम्बन्धित समुदाय या समूहको संलग्नतामा सार्वजनिक नीति परिवर्तन, संरचना परिवर्तन र नीति कार्यान्वयनको लागि गरिने पैरवी हो ।* यसको आफ्नै परिधी छ । यसले सुधारात्मक परिवर्तन गर्ने भए पनि यो सामाजिक आन्दोलनको जग हो भने आमुल या क्रान्तिकारी परिवर्तनको प्रारम्भिक कार्य हो । यसले सामाजिक आन्दोलन, क्रान्तिकारी तथा आमुल परिवर्तन लगायत आर्थिक तथा राजनीतिक परिवर्तनलाई भरथेग गर्दछ । यसले खास क्षेत्र बिशेषमा सानो देखि ठूलो परिवर्तन ल्याउने भएकोले यसलाई आमुल या क्रान्तिकारी परिवर्तनको प्रारम्भिक कार्य तथा भरथेग गर्ने परिवर्तनको लडाईको अर्थमा बुझ्ने गरिन्छ ।

जनपैरवीको लागि ४ वटा कुरा आवश्यक पर्दछ । पहिलो हो, सवाल जस्मा काम गरिन्छ । सवाल विना जनपैरवी हुदैन । सवालको आधारमा उत्पीडित समुदाय या अधिकारवालाहरूको पहिचान हुन्छ अर्थात उत्पीडित समुदाय / अधिकारवालाहरूसंग बसेर सवालको पहिचान गरिन्छ । विश्व तह र देश भित्र विद्यमान सवालहरूकै आधारमा त्यसमा काम गर्ने संस्था तथा निकायको भिजन, मिसन र लक्ष्य बन्दछ । त्यसैको आधारमा बृहत्तर तहको रणनीतिक कार्यक्रम बन्दछ । त्यहि रणनीतिक कार्यक्रमको आधारमा काम गर्ने क्षेत्र या विषयहरू निर्धारण हुन्छ । यसैले सवाल पहिलो हो र त्यहि सवालको आधारमा काम गर्ने योजनाहरू बन्दछ । समाधानको हिसावले सवालहरू स्थानीय तह देखि राष्ट्रिय तह हुदै अन्तर्राष्ट्रिय तहसम्मको हुन्छ । सवालको अस्तित्व जुन जुन तहसम्म हुन्छ योजना पनि सोही अनुसार बन्दछ ।

दोस्रो हो, सवालसंग सम्बन्धित समुदाय या उत्पीडित समुदाय जो यस जनपैरवीमा सोझै संलग्न हुदै अगुवाई गर्दछ । आदिवासीहरूको भूमि अधिकार सुनिश्चित गर्ने भन्ने सवालमा काम गर्ने हो भने सो सवालसंग सोझै सम्बन्ध हुने आदिवासी समुदाय या अधिकारवाला समुदाय हुन्छ अरू हुदैनन् । तर सो सवालसंग गासिएका समुदाय, निकाय, संघ संस्था आदि सरोकारवाला हुन्छन् । जनपैरवीको लागि सवालसंग सम्बन्धित उत्पीडित समुदाय या अधिकारवालासंग संलग्न नभई सो सवाललाई ठिक ढंगले बढाउन र टुंगोमा पुर्याउन सकिन्न ।

तेस्रो हो, नागरिक समाज जस्ले सो सवालमा उत्पीडित समुदायको पक्षमा काम गर्दछ र सहयोग गर्दछ । नागरिक समाजबारे बुझाईहरू फरक फरक छन् । सारमा नागरिक समाजले गरिने परिवर्तनको लागि जनमत सिर्जना गर्ने काम गर्दछन् । यहि जनमतले सरकार तथा नीति निर्माता, नागरिक र आम मानिसहरूलाई प्रभाव पार्ने परिवर्तनको वातावरण बनाउने काम गर्दछ । यहि जनमत कहिले कहि दलहरूको निर्वाचन मतकोरूपमा पनि प्रकट हुन पुग्दछ । नीति निर्माताहरू भन्नाले सरकार (विभिन्न तहका सरकारहरू), संसद र संसद सदस्यहहरू, न्यायपालिकामा कार्यरत उच्च पदस्त अधिकारीहरू, सरकारी मन्त्रालय, विभाग तगा कार्यालयहरूमा कार्यरत उच्च पदस्त अधिकारीहरू, गैरसरकारी क्षेत्रमा कार्यरत उच्च पदस्त अधिकारीहरू हुन् भन्ने बुझ्नु पर्दछ । यिनीहरू नीति निर्माण, संरचना निर्माण र नीति कार्यान्वयन तीनवटै कामको लागि जिम्मेवार हुन्छन् । वैधानिकरूपको परिवर्तन र कुनै पनि परिवर्तनलाई संस्थागत गर्ने काम यिनीहरूबाट नै हुन्छ ।

परिवर्तन जनपैरवी या कुनै तरिकाबाट ल्याउन सकिन्छ । तर ती परिवर्तनहरू कति दिगो र सर्व स्वीकार्य हुन्छ भन्ने कुरा नागरिक समाजको स्वीकार्यता या अस्वीकार्यतामा भर गर्दछ । उत्पीडित समुदाय र नीति निर्माताहरू बीच सम्झौता भएर पनि सानो तिनो परिवर्तन हुन सक्छ तर सो परि वर्तनलाई नागरिक समाजले स्वीकार गरेन भने त्यो दिगो नहुन सक्छ ।

चौथो हो, नीति निर्माता/कार्यान्वयनकर्ता जस्को विरूद्धमा जनपैरवीलाई केन्द्रित गरिनु पर्ने हुन्छ । यस्तो जनपैरवी गर्न समग्र रणनीतिक योजना बनाई सो योजना अनुसार काम गरिनु पर्दछ ।

# पाँचौ सत्रः पैरवी र जनपैरवीको मार्ग चित्र

## प. पैरवी र जनपैरवीको समग्र मार्ग चित्र कस्तो हुन्छ ?

पैरवी तथा जनपैरवी र त्यसको मार्ग चित्र भनेको ३ वटा पक्षः १. ऐन कानून, नीति निर्माता तथा निर्णयकर्ता/कार्यान्वयनकर्ता, २. समुदाय (अधिकारवाला) र ३. नागरिक समाज बीचको क्रिया अन्तरक्रिया हो । यो उद्देश्य प्राप्त नहुँदासम्म निरन्तर चलिरहन्छ । यसमा अधिकारवालाको योजना तथा योजना कार्यान्वयन जति प्रभावकारी हुन्छ र नागरिक समाजसंगको सम्पर्क सम्बन्धबाट जति नागरिक जनमत बलियो बनाउन सकिन्छ त्यति नै चाँडो र रणनीतिक उद्देश्य पुरा गर्न नीति निर्माता तथा कार्यान्वयनकर्ता बाध्य हुन्छन् । यस पैरवी तथा जनपैरवीको मार्ग चित्रमा विभिन्न चरणहरूमा विभिन्न क्रियाकलापहरू गरिन्छ । उदाहरणकोरूपमा पहिलो चरण (Step) मा समस्या र सवालहरूको पहिचान गर्न समस्या विश्लेषण र सवाल विश्लेषणको औजार प्रयोग गरी समस्या र सवाल पहिचान गरिन्छ । (पैरवी तथा जनपैरवीको मार्ग चित्र अर्को पेजमा)

# छैटौ सत्रः आदिवासीका भूमि अधिकार सम्बन्धमा रणनीति र कार्यनीति तथा रणनीतिक योजना

## फ. आदिवासीका भूमि अधिकारको लागि कस्तो रणनीति तथा कार्यनीति र रणनीतिक योजना बनाउनु पर्दछ ?

रणनीति भनेको रणनीतिक उद्देश्य प्राप्त गर्ने समग्र योजना हो भने कार्यनीति भनेको रणनीतिक योजना अन्तर्गत रणनीतिलाई सहयोग गर्ने तत्कालिन कार्य गर्ने नीति हो । यो समय र परिस्थिती अनुसार बद्लीन सक्छ । आदिवासीहरूको सन्दर्भमा रणनीतिक उद्देश्य आदिवासीहरूको सामुहिक भूमि अधिकार अर्थात प्रथाजनित भूमि/पुर्ख्यौली भूमि/परम्परागत भूमिमाथीको अधिकार प्राप्त गर्ने भन्ने राखिएमा सोही अनुसारको रणनीतिक योजना बनाउनु पर्दछ । यो रणनीतिक उद्देश्य प्राप्त गर्न ने

पालको राष्ट्रिय कानूनमा परिवर्तन ल्याउनु पर्ने हुन्छ । जनसमुदायको बलमा यस्तो नीतिमा परिवर्तन ल्याउने काम जनराजनीति हो । यसको लागि मुख्य रणनीति संसद र संसदमा प्रतिनिधीत्व गर्ने राजनीतिक दलहरूलाई ट्र्यापमा पार्ने र जनस्तरबाट संसद सदस्यहरूलाई पर्याप्त दवावका साथै सरकारलाई अफ्ठयारोमा पार्ने रणनीति लिनु पर्ने हुन्छ । यस्तो स्थिति कसरी सम्भव छ त ? यस्तो स्थिति सम्भव गराउन पैरवी र जनपैरवीको मार्ग चित्रका साथै सरकार, संसद र राजनीतिक दलहरूलाई घेर्ने र अफ्ठ्यारो स्थिति बनाउने केही थप कार्यनीतिक योजनाहरू गरिनु पर्दछ ।


पहिलो त, यसको लागि पैरवी र जनपैरवीको मार्ग चित्रका आधारमा रणनीतिक योजना गरिनु पर्दछ । यस मार्ग चित्रमा सहयोगी र अवरोधकहरूको विश्लेषण गर्दा राजनीतिक दल बिशेषको अलि विस्तृतरूपमा विश्लेषण गर्न आवश्यक हुन्छ । यस संग संगै अधिकारवालाहरूले राजनीतिक दलहरूलाई आफ्नो सवाल तथा एजेण्डा बुझाउन दलहरूसंग सम्पर्क सम्बन्धलाई व्यवस्थित बनाउनु पर्दछ । यसरी नै सरकारलाई दवाव सिर्जना हुने र सांसदहरूलाई आफ्नो सवाल बुझाएर संसदमा अनुकुल वातावरण बनाउनु पर्दछ ।

दोस्रो, नेतृत्व र नेतृत्व संरचना ठिक हुनु पर्दछ । समुदाय प्रति जवाफदेही रहने, समुदायले योग्य ठानेका व्यक्तिहरू, प्रत्यक्ष रूपमा समुदायले चयन गरेका नेतृत्व रहने संरचना तयार गरिनु पर्दछ । संरचना अस्थाई र स्थायी प्रकृतिको हुनसक्छ । नयाँ संरचना निर्माण गर्दा पुराना संरचनासंगको अन्तर्सम्बन्ध कस्तो रहने प्रष्ट हुनुपर्दछ । एकअर्कामा वादविवाद र द्वन्द्व सृजना नहुनेतर्फ ध्यान दिईनु पर्दछ । नेतृत्व सामुहिक भावनामा चल्ने, गुटबन्दी, पूर्वाग्रहबाट मुक्त रहने । आन्दोलन सञ्चालन गर्ने नेतृत्व आवश्यकता अनुसार सामुहिक वा एक व्यक्तिलाई जिम्मेवारी दिने र चेन अफ कमाण्ड राम्ररी सञ्चालन हुनेतर्फ ध्यान दिईनु पर्दछ । नेतृत्वले कमाण्ड प्रष्टसंग दिने जसले गर्दा जिम्मेवारहरूले कार्यान्वयन गर्न सकोस् । प्रष्ट निर्देशन वा कमाण्डको पालना नगर्नेलाई सामुहिक रूपमा विष्लेषण गरी जिम्मेवारी मुक्त गर्न सकिने व्यवस्था गरिनु पर्दछ ।

तेस्रो, पैरवी र जनपैरवीका योजनाहरू एउटा निश्चित समय सिमामा गरिने गरि बनाउनु पर्दछ । एउटा सकिएपछि अर्को शुरू हुन सक्छ । लामो समयको लडाईँ समुदायको लागि प्रत्युत्पादक हुन सक्छ । त्यसैले वकालतका क्रियाकलापहरूको समयावधी तोक्न आवश्यक हुन्छ । समय सीमा भित्र नै क्रियाकलाप सक्नुपर्छ ।

चौथो, योजना, योजना कार्यान्वयन, आएका समस्या, चुनौति, उपलब्धि आदिको समिक्षा, अनुगमन र मुल्याङ्कन समय समयमा गरिरहनु पर्दछ । त्यसले उद्देश्य हासिल गर्नमा थप सहयोग गर्दछ र कमि कमजोरीहरूलाई हटाउन मद्दत गर्दछ ।

# पैरवी र जनपैरवीको मार्ग चित्र



# पैरवी जनपैरवीको मार्ग चित्रका विभिन्न चरणहरूमा गरिने क्रियाकलापहरू

## चरण (Step) १: समस्याहरूको पहिचान

यो क्रियाकलाप अधिकारवालाहरू (समुदाय) को संलग्नतामा गरिन्छ । अधिकारवालाहरूसंगको छलफलमा समस्याहरू धेरै आउन सक्छन् । ति धेरै समस्याहरू कुन कुन चाँही समस्याहरू मुल समस्याहरू हुन र कुन कुन चाँही मुल समस्याका कारणहरू हुन भनेर हेर्न समस्याको विश्लेषण गर्ने औजार प्रयोग गरि छुट्याउन सकिन्छ । आएका वास्तविक समस्याहरू मध्ये कुन चाँही प्राथमिक समस्या हो भन्ने कुरा अधिकारवालाहरूको छलफल तथा प्राथमिकीकरण गर्ने तरिकाबाट कुनै एक समस्या छनौट गरिन्छ ।

## चरण (Step) २: सवालहरूको पहिचान

सवाल भनेको समस्याको सकारात्मक पाटो हो । आएको उक्त समस्यालाई समाधानको पाटो बनाए त्यो सवाल बन्न जान्छ । उदाहरणको लागि हाईड्रोपावर परियोजनाले बस्ती विस्थापन गर्दैछ भने बस्ती विस्थापन हुने कुरा समस्या हो । यसको सकारात्मक या समाधानको पाटो भनेको बस्ती विस्थापन हुनबाट रोकिनु पर्दछ भन्ने हुन सक्छ । यस्तै समाधानको पाटोमा विस्थापनमा पर्नेहरूको सहमतिमा क्षतिपूर्ति दिईनु पर्दछ या विस्थापनमा पर्ने बस्तीलाई अर्को ठाउँमा सारिनु पर्दछ भन्ने जस्ता सवालहरू हुन सक्छन् ।

## चरण (Step) ३: सवालहरूको प्राथमिकीकरण

यस चरणमा कुन सवालमा जाने भन्ने कुरा अधिकारवालाहरू आपसी छलफल र प्राथमिकताको आधार पहिचान गरिन्छ । माथीका सवालका समाधानको लागि काम गर्ने पाटाहरू सवाल अनुसार फरक पर्दछ । प्राथमिकीकरण गर्दा जेष्ठ नागरिकहरू, युवाहरू, महिलाहरू, विकल्प भएकाहरू र विकल्प नभएकाहरू, बालबालिकाहरूलाई पालै पालो प्राथमिकीकरण गर्न लगाउनु पर्ने हुन्छ । यिनीहरूका उक्त सवालमा आ–आफ्नै दृष्ट्रिकोणहरू हुन्छन् । तिनीहरूले आफैलाई केन्द्रमा राखेर या आफुलाई पर्ने कठिनाई आदिलाई हेरेर सवालको प्राथमिकीकरण गर्दछन् । अन्त्यमा सबैको प्राथमिकतालाई ध्यान दिएर सवाललाई परिमार्जन गरिनु पर्ने हुन्छ या बहुसंख्यकले टुंगो लगाएको सवालमा काम गरिनु पर्ने हुन्छ । उदाहरणको लागि सबै समूहबाट माथीको सवालमा हाईड्रोका कारण बस्ती विस्थापन हुनबाट रोकिनु पर्दछ भन्ने सवाल प्राथमिकता आयो भने सोही अनुसार कामलाई अगाडी बढाईनु पर्दछ ।

## चरण (Step) ४: पहिचानीत सवाललाई केन्द्रमा राखेर ऐन कानून, नीति, निर्णय तथा कार्यान्वयनको विश्लेषण

यस चरणमा पहिचान भएको या प्राथमिकतामा परेको सवाल कस्तो सवाल हो भन्ने विश्लेषण गर्ने काम हुन्छ । उक्त सवाल कानून निर्माण या परिमार्जनसंग सम्बन्धित सवाल हो या कानून कार्यान्वयनको

सवाल हो भन्ने निक्यौंल गर्ने काम हुन्छ । यसको अर्थ सवालसंग सम्बन्धित ऐन कानून तथा कार्यान्वयनको विश्लेषण गर्ने काम हुन्छ । उदाहरणको लागि माथी चरण ३ मा हाईड्रोका कारण बस्ती विस्थापन हुनबाट रोकिनु पर्दछ भन्ने सवाललाई केन्द्रमा राखेर ऐन कानूनहरूले के भन्छन् या भएका ऐन कानूनहरूले सो सवाललाई साथ दिन्छन् या दिदैनन् भनेर विश्लेषण गरिनु पर्दछ । यदि साथ दिने भएमा कति हदसम्म साथ दिन्छन् अर्थात कानून कति उपयोग गर्न सकिन्छ कतिसम्म सकिन्न भनेर विस्तृत विश्लेषण गरिनु पर्दछ । यदि कानून नै छैन भने लडाईको योजना पनि अर्कै भएर जान्छ । उदाहरणको लागि हाईड्रोले बस्ती विस्थापन गर्न नमिल्ने कानून छैन भने चरण ६ र त्यसपछि त्यहि अनुसार विश्लेषण र योजनाहरू गरेर जानु पर्ने हुन्छ ।

## चरण (Step) ६: सवालसंग सरोकारित सरोकारवालाको विश्लेषण

यस चरणमा सवाल के छ र त्यसलाई टुंगोमा पुर्याउन या सहयोग गर्ने कानून पनि छैन भने त्यहि अनुसार सरोकारवालाहरूको विश्लेषण गरिनु पर्दछ । उदाहरणको लागि बस्ती विस्थापन गर्नबाट रोकिनु पर्दछ भन्ने सवालमा कुनै पनि कानूनलाई प्रयोग गरेर बस्ती विस्थापन गर्ने कार्यलाई रोक्न सकिने स्थिति छैन भने यसरी मानव बस्ती नै विस्थापन गर्न मिल्दैन भन्ने कानून बनाउने लडाईका साथै हाईड्रो परियोजनालाई जनताको बलमा राख्ने लडाईमा जानु पर्ने हुन्छ । यस्तो सवालमा जोडिने निकाय, संघसंस्था, यस्तो सवाललाई साथ सहयोग गर्न सक्ने शक्ति तथा समुदायहरू को को हुन र छन् भनेर ति सरोकारवालाहरूको विश्लेषण गरिनु पर्दछ र तिनीहरूको सूची तयार गरिनु पर्दछ ।

## चरण (Step) ७: सहयोगी, अवरोधक र न्युट्रल पक्षको विश्लेषण

यस चरणमा माथि सूचीकरण गरिएका सरोकारवालाहरू को को चाँहि बस्ती विस्थापन गर्नबाट रोकिनु पर्दछ भन्नेमा सकारात्मक र सहयोगी बन्न सक्छ त्यसको विस्तृत विश्लेषण गरेर सूची तयार गरिनु पर्दछ । आदिवासी र गैर-आदिवासी मिश्रित भएको क्षेत्र तथा बस्तीमा भने आदिवासीहरू मन्जुरीवाला समूह र गैरआदिवासी चाँहि सहमतिवाला समूह भनेर सोही अनुसारको कार्य विभाजन, निर्णय प्रक्रियामा सहभागिता आदि स्पष्ट बनाउन सकिन्छ । सूचीकरण गरिएका सरोकारवालाहरू को को चाँही बस्ती उठाएर भए पनि हाईड्रो परियोजना चलाईनु पर्दछ भनेर बस्ती विस्थापन गर्नबाट रोकिनु पर्दछ भन्ने सवालको खिलाप या अवरोधकको‍रूपमा रहन्छन् भन्ने विस्तृत विश्लेषण गरेर तिनीहरूको पनि सूची बनाईनु पर्दछ । यसैगरि यो सवालमा नबोल्ने या न्युट्रल रहनेहरूको विस्तृत विश्लेषण गरेर सूची तयार गरिनु पर्दछ । रणनीतिक योजना बनाउदा अवरोधकहरूलाई हिर्काउने, न्युट्रलहरूलाई आफ्नो पक्षमा ल्याउने, सहयोगीहरूसंग गठबन्धन गर्वे या सञ्जालमा काम गर्ने र अधिकारवालालाई मजवुत र सुदृढ गर्ने योजना गतिविधीहरू बनाउनु पर्ने हुन्छ ।

## चरण (Step) ८: आन्तरिक र बाह्य पक्षको विश्लेषण

यस चरणमा सवाल र गरिनु पर्ने कार्यहरूलाई केन्द्रमा राखेर अधिकारवाला/संस्थाको आन्तरिक स्थितिको र तत्कालिन बाहिरीय स्थिति अनुकुल या प्रतिकुल के छ भनेर विश्लेषण गरिनु पर्दछ ।

आन्तरिक स्थितिको विश्लेषण गर्दा सवल पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunities) र चुनौतिहरू (Threats) के के छन् भनेर विश्लेषण गरिनु पर्दछ जसलाई SWOT Anlysis) भनिन्छ । यो किन गरिनु पर्छ भने जे सवालमा काम गरिन्दै छ र जे परिवर्तन गर्ने भनेर योजना बनाईन्दैछ त्यसको लागि आन्तरिक पक्षले धान्न सक्छ कि सक्दैन या कुन कुन आन्तरिक पक्षमा सुधार गर्न आवश्यक छ भनेर हेर्नको लागि गरिन्छ । यसलाई बाहिरीय वातावरणको अनुकुल र प्रतिकुल स्थितिमा सम्बन्धित गरेर पनि विश्लेषण गरिने गरिएको छ ।

## चरण (Step) ९: रणनीतिक उद्देश्यको निर्धारण

यस चरणमा सवाल, गरिने कार्य, सरोकारवालाको विश्लेषण, सहयोगी तथा अवरोधक पक्षको विश्लेषण, आन्तरिक र बाह्य स्थितिको विश्लेषणबाट आएको समग्र स्थितिको आधारमा सवाल र गरिने कार्यको रणनीतिक उद्देश्य निर्धारण गरिन्छ । उक्त उद्देश्य प्राप्त गर्न रणनीतिक कार्य योजना बनाईन्छ ।

## चरण (Step) १०: रणनीतिक योजनाको निर्माण

यस रणनीतिक कार्य योजनाको निर्माणमा माथीका विभिन्न चरणहरूबाट आएका र प्राप्त भएका कुराहरूलार्य ध्यानमा राखेर के के र कसरी गर्ने भन्ने रणनीतिक रूपका गतिविधीहरूको योजना गरिन्छ । यसको मुख्य कुरा रणनीतिक उद्देश्यलाई प्राप्त गर्न यो योजना गरिन्छ । यस्ता रणनीतिक रूपका गतिविधीहरूमा सामान्यतया पैरवी, सचेतिकरण, भेला बैठक, संगठन निर्माण, प्रचार प्रसार, मेडिया सहकार्य, अभियान, आन्दोलन, छलफल, सम्वाद, कानूनी लडाई, मानव अधिकारको उठान र उजुरी, नागरिक समाजसंग सहकार्य, नेटवर्किङ (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय), गठबन्धन, लविङ, समिक्षा तथा मुल्याङ्कन आदि हुने गर्दछन् । यिनीहरू कुन समयमा के के गर्ने भन्ने विस्तृत योजना पनि बनाईन्छ ।


## चरण (Step) ११: रणनीतिक योजनाको कार्यान्वयन

यस चरणमा रणनीतिक कार्य योजनालाई कार्यान्वयन गरिन्छ । कार्यान्वयनको समयमा आएका समस्या तथा चुनौतीहरूलाई हेर्ने र विश्लेषण गर्ने काम बीच बीचमा गरिने समिक्षामा छलफल गरि उपयुक्त समाधानको योजना मुल रणनीतिक योजनामा समावेश गरिन्छ ।


## चरण (Step) १२: समिक्षा र मुल्याङ्कन

यस चरणमा खास गरि रणनीतिक उद्देश्य प्राप्त के कति भयो भनेर मुल्याङ्कन गर्ने काम गरिन्छ ।

# पैरवी र जनपैरवीको रणनीतिक मार्ग चित्र (समग्र चित्र)



## लाहुर्निपले प्रयोग गरि आएको पैरवीका चार पांग्रा निम्न बमोजिम रहेको छः




### फ. हाम्रो देशका आदिवासीहरूको लडाई के हो र के को लागि हो ?

आदिवासीहरूको मुल मुद्दा भनेको सामुहिक अधिकारको राष्ट्रियरूपमा मान्यता र कार्यान्वयन हो । यो भनेको *आदिवासीहरूको भाषा, संस्कृति, सामाजिक-साँस्कृतिक विश्वास प्रणाली, प्रथाजनित कानून, जन्मनु अघि देखि र जन्मे पछि अनि मृत्यु र मृत्यु पछिसम्मको जीवन पद्धतिलाई बचाउने, सवलीकरण गर्ने र निरन्तरता दिने प्रथाजनित भूमिमा आदिवासीहरूको सामुदायिक नियन्त्रण, स्वमित्व र व्यवस्थापन, स्वशासन, स्वायत्तता, आत्मनिर्णयको अधिकार र स्वनिर्णीत विकास हो* । भूमि सम्बन्धमा पनि आदिवासीहरूको सामुदायिक / सामुहिक भूमि अधिकार (Collective rights to lands) को कुरा नै हो । त्यो भनेको आदिवासीहरूको प्रथाजनित / पुर्ख्यौली / परम्परागत भूमि (Customary / Ancestral / Traditional lands) माथि सम्बन्धित आदिवासीको नियन्त्रण, स्वामित्व र व्यवस्थापनको कुरा हो । यसैको लागि आदिवासीहरूको राज्यसंग लडाई भईरहेको छ ।

आदिवासीहरूको यस अधिकारलाई अन्तर्राष्ट्रिय कानूनले मान्यता दिएको छ । हाम्रो देशको सन्दर्भमा त्यसलाई कार्यान्वयनमा लैजान अन्तर्राष्ट्रिय कानूनको भावना अनुसार राष्ट्रिय कानूनमा समावेश गरिएको छैन । यसैले, नेपालमा आदिवासीहरूको मुल मुद्दा र लडाई भनेको आदिवासीहरूको भूमि सहितका अन्य अधिकारहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयनको कुरा हो । यो भनेको अन्तर्राष्ट्रिय कानूनमा भएका अधिकारहरूलाई व्यवहारमा उपभोग भएको अवस्थामा ल्याउनु हो । हाम्रो लडाईका सम्पुर्ण रणनीतिहरू - पैरवी, जनपैरवी, सामुदायिक पैरवी, सचेतिकरण, संगठन निर्माण र सवलीकरण, समुदायदेखि स्थानीय, क्षेत्रीय र संघीय तहसम्मको लडाईका विभिन्न योजना तथा गतिविधीहरू आदि यहि मुद्दाको लागि केन्द्रित गरिनु पर्दछ ।

# अनुसुचिहरू

## अनुसुचि १: संघ, प्रदेश र स्थानीय तहमा भूमि सम्बन्धको अधिकार बाँडफाँड

हाम्रो देशको ऐन कानूनहरूले भूमि र जग्गा जमिनलाई फरक फरक ढंगले बुझ्ने र परिभाषित गर्ने काम गरेको छ । जग्गा (नाप जाँच) ऐन २०१९ को दफा २ ले *"जग्गा" भन्नाले घर, वाग, बगैचा, रुख, कारखाना, ताल, पोखरी, इत्यादि भएको समेत सबै किसिमको जग्गा सम्झनु पर्छ* भन्दछ भने भूउपयोग सम्बन्धी ऐन २०७६, दफा २ (ठ) ले *भूमि भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सहतभन्दा माथि पृथ्वीको गुरूत्वाकर्षणले भेट्ने सिमासम्मको भाग सम्फनु पर्छ* भन्दछ । भूमि यस परिभाषा र बुझाईबाट हर कुरा चाहे त्यो सिँचाई होस् या शिक्षण भवन या हवाई मैदान होस् सबै भूमि भित्र नै पर्छ । यस बुझाईमा केही तल माथि गरी संघ, प्रदेश र स्थानीय तहमा भूमि सम्बन्धको अधिकार बाँडफाँड संविधानको अनुसूची ५, ६, ७, ८ र ९ अनुसार निम्न बमोजिम रहेको छ ।

### भूमि सम्बन्धको अधिकार बाँडफाँड

| सि.नं | संघको अधिकार | प्रदेशको अधिकार | संघ र प्रदेश साझा सुचि | स्थानीय तहको अधिकार | संघ, प्रदेश र स्थानीय तहको साझा सूची |
|---|---|---|---|---|---|
| १. | जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड | भूमि व्यवस्थापन, जग्गाको अभिलेख | प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| २. | अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रसारण लाइन | खानी अन्वेषण र व्यवस्थापन | भूमि नीति र सो सम्बन्धी कानून | घर जग्गा धनी पुर्जा वितरण | खानी तथा खनिज |
| ३. | केन्द्रीय स्तरका ठूला विद्युत, सिंचाइ र अन्य आयोजना तथा परियोजना | प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन | उद्योग तथा खनिज र भौतिक पूर्वाधार | जलाधार, वन्यजन्तु, | विद्युत, खानेपानी, सिंचाइ |
| ४. | खानी उत्खनन | प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन | पर्यटन, खानेपानी तथा सरसफाइ | खानी तथा खनिज पदार्थको संरक्षण | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्वन सेवा | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय | अन्तरप्रादेशिक रुपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ | |
| ६. | भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन | प्रदेश लोकमार्ग | | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | |
| ७. | राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन | कलकारखाना, | | | |
| ८. | अन्तर्राष्ट्रिय विमानस्थल या हवाई मैदान | | | | |
| ९. | पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक | | | | |

# अनुसुचि २: आदिवासीका सामुदायिक भूमि राज्यले हडप्दै गएको

## समय रेखा (Timeline)

सन् १८१७ को सुगौलीको सन्धिबाट देशको सिमा टुंगिएर बनेको र अंग्रेज विरूद्ध भएको अवध विद्रोहमा सैन्य सहयोग गरेको कारणबाट फिर्ता पाएको नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कन्चनपुर) पछि तय भएको वर्तमान नेपालको सरहद भित्र ईसाको पाँचौ छैठौं शताव्दीसम्मा प्राचिन नेपाल (काठमाडौं उपत्यका) र त्यसको आसपास क्षेत्र लगायत खास खास ठाँउहरूमा मात्र मानव बस्ती थिए भने अधिकांश भू-भाग मानव रहित जंगलात मुलुककोरूपमा रहेको थियो । ती जंगलात मुलुकमा क्रमश खास खास मानव समूहहरू बस्न थाले र भूमि आवाद गरेर खेतीपाती गर्न थाले । यसबाट क्रमश राज्यको स्वरूपमा विभिन्न प्रिन्सीपालीटिहरू विकास भए । ती प्रिन्सीपालीटिहरू प्रायस आदिवासी समूहका थिए । ति प्रिन्सीपालीटिहरू मध्ये कतिपय पछिल्लो समय खासगरि १२ औ /१३ औ शताव्दी पछि सो क्षेत्र भन्दा बाहिरबाट आएकाहरूले कव्जा गरे । लिगलिगकोट गोरखाका घले राजाको प्रिन्सीपालीटिलाई कव्जा गरेर गोरखाका राजा भएका शाह राजाको सन्तान पृथ्वीनारायाण शाहले गोरखा राज्य बिस्तार गरी विशाल नेपाल बनाउनु भन्दा अघि बर्तमान नेपालको

सरहद भित्र ८० प्रिन्सीपालीटिहरू थिए । प्रिन्सीपालीटि भनिएका अधिकांश राज्य आदिवासी समुदायको आदिवासीय शासन पद्धतिको मोडलबाट शासन सञ्चालन भएकोले उक्त प्रिन्सीपालीटिहरूमा सम्पूर्ण भूमिहरू सम्बन्धित आदिवासी समुदायको सामुदायिक नियन्त्रण तथा व्यवस्थापनमा थियो । त्यसबेला भूमि आदिवासीहरूको हो भन्ने अवधारणा मात्र थियो । यसैले, नेपालमा भूमि सम्बन्धको समय रेखा पहिल्याउन निकै गाह्रो छ ।

नेपालमा यो समय रेखा क्षेत्र तथा ठाँउ अनुसार फरक फरक रहेको छ । प्राचिन नेपाल अधिनस्त क्षेत्रहरूमा यो समय रेखा फरक छ भने प्राचिन नेपालको सरहद भन्दा बाहिर यो समय रेखा फरक फरक समयको छ । लिम्बुवान क्षेत्रमा यो सयम रेखा सन् १७७४ अघि अर्थात लिम्बुवान नेपाल राज्यमा सामेल हुनु अघि लिम्बुहरूको सामुदायिक भूमि रहेको र त्यसपछि केन्द्रिय राज्य सत्ताको मातहत हुदै गएको सन् १९६८ देखि लिम्बुवानको सबै भूमि नेपाल राज्यको बनाएको हुनाले आदिवासीहरूको सामुहिक भूमि राज्यले हडपेको समय रेखा पनि आदिवासी समुदाय अनुसार फरक पर्छ । मुलभुतरूपमा पृथ्वीनारायण शाहले निर्माण गरेको आधुनिक राज्यको केन्द्रिय राज्य सत्तालाई आधार मान्दा यो समय रेखा सन् १७६० को आसपासबाट शुरू हुन्छ । आदिवासीहरू रहेको क्षेत्रमा औपनिवेशिक प्रक्रिया शुरू नहुदासम्म र अर्को राज्यको राजाले अधिनस्त नबनाएसम्म आदिवासीहरू रहेको क्षेत्रका सम्पुर्ण भूमि आदिवासीहरूको सामुदायिक स्वामित्व, नियन्त्रण र व्यवस्थापनमा थियो । त्यसबेला भूमि आदिवासीहरूको हो भन्ने अवधारणाले काम गरेको थियो । सन् १७६० को आसपास र खासगरि सन् १७६८ पछि हिन्दुस्तान क्षेत्रको प्रभाव स्वरूप भूमि राजा तथा राज्यको हुन्छ भन्ने अवधारणाले काम गर्न थाल्यो र सोही अनुरूपमा कानूनहरू ल्याउन थालियो । आदिवासीहरूको भूमि कसरी र कुन कुन समयमा कस्ता कस्ता कानूनहरू बनाएर क्रमशः खोस्दै लगिएको रहेछ भन्ने कुरा तलको समय रेखाले बताउछ ।

| | |
|---|---|
| सन् १७६० अघिः | फरक फरक क्षेत्रमा भूमि आदिवासीहरूको थियो (बि.सं. १८१८ अघि) |
| सन् १७७४ पछिः | सबै भूमि राज्यको हो भन्ने अवधारणालाई अगाडी बढाउने काम भयो (बि.सं. १८३१ पछि) |
| सन् १७७० पछिः | आदिवासीबाट हडपेको भूमि मध्ये कतिपय जमिन राज दरवारका परिवार, राज दरवारका सहयोगी, बाहुन, सेनाका मानिस आदिलाई बिर्ता जमिनकोररूपमा दिईयो (बि.सं. १८२७ पछि) । |
| सन १९५७ मा | भूमि सम्बन्धी ऐन २०१४ (सन् १९५७) आएपछि केहि सामुहिक जग्गाहरू जस्तो किपट, तथा परमपरागत साँस्कृतिक र जिविकोपार्जनको रूपमा रहेका सामुहिक जग्गाहरू सरकारी तथा व्यक्तिको नाममा दर्ता गराउने काम भयो । (बि.सं. २०१४ पछि) |

सन् १९५८ देखि: जंगली जीवजन्तु संरक्षण ऐन २०१५ ल्याई आदिवासीहरूबाट हडपिएको भूमिमा प्राकृतिक, राष्ट्रिय पार्क, वन्य जन्तु आरक्षण तथा संरक्षणको नाममा राष्ट्रिय पार्क तथा वन्य जन्तु आरक्षण घोषणा गरि आदिवासीहरूलाई विस्थापन गरियो (बि.सं. २०१५ सालदेखि) ।

सन् १९५६ मा: आदिवासीहरूको नियन्त्रण र व्यवस्थापनमा रहेका सबै वनहरूलाई राष्ट्रियकरण गरियो (बि.सं. २०१३ सालमा) ।

सन् १९६० मा: जलचर संरक्षण ऐन ल्याएर त्यस्ता भूमिहरू जलचर संरक्षण, आरक्षण, निकुञ्ज तथा संरक्षित क्षेत्र घोषणा गर्ने काम भयो (बि.सं. २०१७ सालमा) ।

सन् १९६२ मा: जग्गा (नाप जाँच) ऐन ल्याएर जग्गाको नापजाँच, दर्ता र किसिम तोक्ने भनी राज्यको सम्पूर्ण जग्गा व्यक्ति, सरकार र सार्वजनिक गरी तीन प्रकारमा विभाजन गरी जग्गा नापजाँच गरियो (बि.सं. २०१९ सालमा। ।

सन १९६३ मा मुलुकी ऐन २०२० को जग्गा पजनी महलको १ र ७ तथा जग्गा मिच्ने महलको ४ र ६ नं.ले किपट जग्गाको क्षेत्राधिकार र सामुहिक मान्यतालाई कटौटी गर्दै संकुचित र व्यक्ति विशेषमा सिमित गर्ने काम भयो (बिं.सं. २०२० सालमा) ।

सन् १९६४ मा: भूमि ऐन ल्याएर सबै भूमि राज्यको दायरा भित्र ल्याउने काम भयो । सबै खाले खेती भूमिलाई रैकर बनाईयो र त्यहाँबाट राज्य जमिन्दारी (State landlordism) प्रणाली शुरू भयो (बिं.सं २०२१ सालमा) ।

सन् १९६७ मा: नहर तथा विद्युत र तत्सम्बन्धी जलस्रोत ऐन ल्याई नदी नालाहरूलाई राज्यको दायरा भित्र ल्याउने काम भयो (बि.सं. २०२४ सालमा) ।

सन् १९६७ मा: भूमि प्रशासन ऐन २०२४ र २०३४ ल्याएर जग्गा आवाद् र मालपोत असुली गर्ने उद्देश्य राखी मालपोत ऐन आयो यसले बाँकी रहेका जग्गाहरू दर्ता गर्ने[१] तथा लगत कट्टा गर्ने गरी जिल्लामा जग्गाको लगत राख्ने भनी बाँकी रहेका खर्क, चरन, सामुहिक जग्गाहरू सार्वजनिक तथा सरकारी जगगामा दर्ता गर्ने काम भयो । जसले गर्दा आदिवासीको सामुहिक जग्गाहरू दर्ता नहुने मात्र होईन भोग गर्न समेत नपाउने गरी सरकारी जग्गाको नाममा दर्ता गर्ने काम गरियो । यसरी दर्ता भएपछि सार्वजनिक तथा सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता वा आवद गर्न गराउन

१ मालपोत ऐन, २०३४ को दफा ६, ७ ।

हुदैन[२] र दर्ता नभएको जग्गा भोगचलन गर्न नपाईन[३] भन्ने कानूनी व्यवस्थाले नीतिगत रूपमा नै आदिवासी जनजातिहरू भूमिबाट निरन्तर बञ्चित गर्दै लगियो (बिं.सं. २०२४ र २०३४ सालमा) ।

सन् १९६८ माः भूमि ऐनमा संसोधन गरि जमिन्दारी प्रथाका साथै जमिन्दारी प्रथा उन्मुलनको नाममा लिम्बुको किपट भूमिलाई पनि राज्यको दायरा भित्र ल्याउने काम भयो र क्रमश उन्मुलन गर्ने काम भयो (बि.सं. २०२५ सालमा) ।

सन् १९७२ माः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ल्याएर आदिवासीहरूको क्षेत्रलाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण क्षेत्र बनाउने काम भयो (बि.सं. २०२९ सालमा) ।

सन् १९७४ माः सार्वजनिक सडक ऐन ल्याएर सार्वजनिक सडकको लागि कुनै पनि जग्गा प्राप्त गर्न सक्ने भनी कानूनी व्यवस्था बनाउने काम भयो (बि.सं. २०३१ सालमा) ।

सन् १९७७ माः मालपोत ऐन ल्याएर जमिनको हद्बन्दी, वर्गीकरण, उपयोग र मालपोत तोक्ने काम गर्यो । जग्गा आवाद् गर्ने, तथ्याङ्क राख्ने र मालपोत असुली गर्ने भन्ने यहि विषयगत मालपोत ऐनले बाँकी रहेको खर्क, चरन आदि प्रयोगमा रहेका सामुदायिक जग्गाहरू पुनः सरकारी र सार्वजनिक तथा व्यक्तिको नाममा दर्ता गरी स्वामित्व परिवर्तन गर्ने काम भयो र यस्तो सरकारी जग्गाहरूमा व्यक्ति तथा समुदायको प्रवेश तथा आवाद्मा रोक लगाउने काम भयो (बि.सं. २०३४ सालमा) ।

सन् १९७७ माः जग्गा प्राप्ती ऐन २०३४ ल्याएर सार्वजनिक हितका लागि सबै प्रकारको जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था बनाउने काम भयो (बि.सं. २०३४ सालमा) ।

सन् २०१५ माः सार्वजनिक हितको लागि सूचना प्रकाशित गरी कुनै पनि जग्गा अधिग्रहण गर्न सक्ने नेपालको संविधान २०७२ को धारा २५ मा संवैधानिक व्यवस्था गर्ने काम भएको छ (बि.सं. २०७२ सालमा) ।

[२] मालपोत ऐन, २०३४ को दफा २४ ।

[३] मालपोत ऐन २०३४ को दफा २५ ।

# अनुसुचि ३: आदिवासीका भूमि राज्यले हडपेको केही उदाहरणहरू

सन् १७६८ पछि केन्द्रिकृत र एकात्मक राज्यले सबै भूमि राज्य हुने अवधारणालाई पछ्याउदै सबै भूमि राज्यको दायरा भित्र ल्याउने काम गर्यो । यस अनुसार राज्यकै रैकर भूमिलाई राज्यलाई तिरो तिर्ने गरि व्यक्तिहरूले भोग चलन गर्न पाउने बनाईयो । सिद्धान्त त व्यक्तिगत भनिएको जग्गा पनि राज्यकै हो यसमा व्यक्तिहरूलाई स्वतन्त्रता दिएको छ । तर राज्यलाई आवश्यकता परेको अवस्थामा राज्यले मुआव्जा दिएर जग्गा प्राप्त गर्न सक्छ । जग्गा दिन्न भन्न पाउने ठाउ छैन तर मुआव्जा तथा क्षतिपूर्ति विना व्यक्तिले जग्गा दिन्न भन्न पाउछ । यो कानूनी अधिकारकोरूपमा राखिएको छ ।

आदिवासीहरूको भूमि हडप्न राज्यले विभिन्न कानुन ल्याएको कारण आदिवासीहरूको व्यक्तिगत तथा परम्परागत सामाजिक, आस्था, साँस्कृतिक, ऐतिहासिक, र जीविकोपार्जनका भूमिहरू सार्वजनिक हित तथा विकासको नाममा अधिग्रहरण गरेको पाईन्छ । यस्ता हडपेका भूमिका केही प्रतिनिधी उदाहरणहरू यहाँ दिईन्छ ।

## त्रि.वि.वि. किर्तिपुरको भूमि

यो भूमि किर्तीपुरका आदिवासी नेवारहरूको हो । राज्यले त्रिभुवन विश्व विद्यालय राख्न जग्गा प्राप्त गर्ने कानून अनुसार लिएको जमिन हो यो । यसमा आदिवासी ज्यापु नेवार र त्रि.वि.वि. तथा राज्य बीच अझै पनि क्षतिपूर्ति नपाएको विषयमा लफडा रहिरहेको छ ।

## नेपाली सेनाले कव्जा गरेको पान्थर, जोरपोखरीको भूमि

राज्यको अंगकोरूपमा रहेको सेनाले लिम्बुवान क्षेत्रको लिम्बु समुदायको सामुहिक भूमि कव्जा गरेर व्यारेक राखेको उदाहरण धेरै छन् । ति मध्ये ताप्लेजुङको तक्मा डाडा, तेह्रथुम मेयङलुङको सकलीटार, पान्थर जोरपोखरी आदि रहेका छन् । यि भूमिहरू मध्ये पान्थर जोरपोखरीमा सेनाले कव्जा गरेको भूमिको सवाल भने त्यहाँको लिम्बु समुदायले दावी गर्न र आवाज उठाउन छाडेको छैन ।

## भक्तपुरमा नेवार आदिवासीको भूमि सेनाले कव्जा गरेको

भक्तपुर जिल्लाको सल्लाधारी स्थित आदिवासी नेवार समुदायको सास्कृतिक भूमि 'च्वडा' (पाँचथुम्को) 'च्वङावजु' (पाँच थुम्का गणेश) आदिवासी नेवार समुदायलाई थाहा जानकारी नदिई २०४० सालमा सेनाले आफनो नाममा दर्ता गरी साँस्कृतिक तथा सामाजिक काम गर्न नियन्त्रण तथा रोक लगाई कब्जा गरेकोछ ।[४]

[४] सेतोपातटी, मंगलबार, भदौ, १२, २०७५, सेनासँग लडेर बनाएको त्यो पार्क, https://setopati.com/social/165875

## ललितपुर हरिसिद्धीमा नेवार आदिवासीको भूमि राज्यले कब्जा गरेको

चाईना सरकारको सहयोगमा नेपालमा सर्वसाधरण जनताहरूलाई सहुलियत दरमा घरबनाउन इटाटायल उपलब्ध गराउने सार्वजनिक हितका लागि २०२१ सालमा राजपत्रमा सूचना प्रकाशित गरी नेवार समुदायको ललितपुर जिल्ला हरिसिद्धि स्थित ७०० रोपनी जग्गा सरकारले अधिग्रहरण गरेको थियो । २०४९ सालमा सरकारको स्वामित्वमा रहेका कलकारखाना तथा उद्योगहरूमा निजी क्षेत्रको संलग्नता गराई विकास गर्न भनी निजिकरण गरियो । जनताले देशविकासमा उद्योग मार्फत सहयोग गर्न दिएको जग्गा निजिकरण पश्चात विभिन्न बैंक तथा वित्तिय संस्थाहरूमा धितो राखी लिलाम गराई विभिन्न कम्पनी तथा व्यक्तिको नाममा दर्ता कायम हुन गएको छ ।[५] यस प्रकार आदिवासीहरूको परम्परागत भूमिलाई मान्यता नदिने मात्र होईन कानून नै ल्याएर सामुहिक भूमि खोसिएको पाईन्छ ।

## ललितपुर खोकना (खोनाः) मा नेवार आदिवासीहरूको भूमि सेना र राज्यद्वारा जवर्जस्त कब्जा गरेको

राज्य तथा सरकारले राष्ट्रिय गौरवका आयोजना भनेर जनताको जग्गा जमिन तथा घर घडेरीलाई कुनै मुआव्जा नदिई सार्वजनिक प्रयोजनको लागि लिन सक्ने नीति तथा कानून बनाएको छ । यस्तै गरि जग्गा प्राप्ती ऐन २०३४ अनुसार मुआव्जा दिएर कुनै पनि व्यक्तिको जग्गा जमिन सार्वजनिक प्रयोजनको लागि लिन सक्ने कानून रहेको छ । यिनै विभिन्न कानूनहरू प्रयोग गरेर सरकारले खोनाः (खोकना) का नेवार आदिवासीहरूको सयौ रोपनी जमिन तथा ऐतिहासिक सम्पदाहरू फास्ट ट्रयाक, स्मार्ट सिटी, बाहिरी चक्रपथ लगायत कथित तथा अतिक्रमणकारी विकासको नाममा हडप्ने काम गरेको छ । आदिवासीको भूमि तथा सम्पदाहरू हडपेको विरूद्धमा नेवार आदिवासीहरूले सो सवाललाई दशौ वर्षदेखि उठाईरहेको र त्यस विषयलाई लिएर आन्दोलन पनि भईरहेको छ ।

५ बेखाराम महर्जन समेत वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यलय समेत रि.नं.०६८- ध्ङ - ०६९२ ।

# अनुसुचि ४ः भूमि सम्बन्धि सवालमा अदालतका केही नजिरहरू

## नजिर १

सर्वोच्च अदालतबाट भएका फैसलाहरूमा पनि जग्गा सम्बन्धलाई लिएर केहि फैसलाहरू भएको पाईन्छ जस्तोः सानु श्रेष्ठ समेत निवेदक भएको परमादेश समेतको सडक विस्तार सम्बन्धी रीट निवेदनमा मिति २०७४ असोज २ गते फुलबेञ्चबाट भूमिसंग सम्बन्ध रहेका व्यक्तिगत तथा सामुहिक सम्बन्ध तथा सवालहरूलाई संरक्षण गर्ने गरी फैसला भएको पाईन्छ । जस्तो

- मुआब्जा र क्षतिपूर्ति नदिई सडकको सिमा समेत नतोक्नु ।
- विकल्प भए सम्म व्यक्तिको आवासलाई प्रतिकुल असर पर्ने गरी कुनै कार्य नगर्नु ।
- वातावरण संरक्षण र पुरातात्विक महत्व राख्ने स्थलहरूको संरक्षणलाई केन्द्र विन्दुमा राखेर विकास आयोजना सञ्चालन र निर्माण गर्नु ।

## नजिर २

आदिवासीलाई प्रभाव पार्ने कानून तथा नीतिहरूमा प्रतिनिधित्व र सहभागिताको विषयमा लाहुर्निप समेत निवेदक रहेको परमादेश समेतको रीटमा सरकारलाई निम्न निर्देशनात्मक आदेश दिदै नजिर प्रतिपादन गरेको पाईन्छ ।

- अन्तर्राष्टिय श्रम संगठन महासन्धी नं. १६९ लगायतको अन्तर्राष्ट्रिय कानून संविधानको मर्म र भावना समेतलाई अध्ययन गरी, प्रभावित पक्षहरूसंग छलफल, विचार विमर्ष गर्नु ।
- अब आउने संविधान सभामा आदिवासी जनजाति लगायतको सार्थक एवं प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ हेर्ने र
- सम्बन्धित कानूनहरूमा आवश्यक परिमार्जन तथा संसोधन गर्न पहल गर्नु ।

# अनुसुचि ५: अवस्था विश्लेषणको ढाँचा

आफ्नो समुदाय कति संगठीत छ, (आत्माविश्वास) मनोवलको कस्तो स्थिति र कति प्रतिवद्ध छ भन्ने अवस्थाहरूको विश्लेषण गर्न आवश्यक हुन्छ । आफ्नो शक्ति, कमजोरी, चुनौति र अवसर के छ, विपक्षी शक्ति, मित्र शक्ति र अन्यको अवस्था के छ भनेर थाहा पाउन SWOT Analysis को प्रयोग गरी अवस्था विष्लेषण गर्न सकिन्छ ।

| | |
|---|---|
| सवल पक्ष<br>Strength<br><br>(आफुमा भएका बलिया वा सवल पक्षहरू) | अवसरहरू<br>Opportunities<br><br>(काम गर्नका लागि आउने अवसरहरू) |
| कमजोर पक्ष<br>Weaknesses<br><br>(आफुमा भएका कमजोरी पक्ष वा समस्याहरू) | चुनौतीहरू<br>Threats<br><br>(आउन सक्ने बाहिरी चुनौती वा समस्याहरू) |

# खण्ड: आठ
## सन्दर्भ सामग्रीहरू



# सन्दर्भ सामग्रीहरू


नेपाल सरकार ।२०७३ भाद्र। नेपालको संविधान, २०७२ । काठमाडौंः नेपाल सरकार कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार । असार २०६७। जग्गा प्राप्ती ऐन, २०३४ः नेपाल ऐन संग्रह खण्ड ४ । काठमाडौंः नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति । पृ.१००–११४ ।

नेपाल सरकार ।जेठ २०७१। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०ः नेपाल नियम संग्रह खण्ड१३ । काठमाडौंः नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानून किताव व्यवस्था समिति । पृ.१९–५० ।

राई शान्ति कुमारी, थामी टहल (सं.) ।सन्२०१६। आदिवासी जनजाति अधिकारको सन्दर्भमा नेपालको संविधानको अध्ययन तथा विश्लेषण । काठमाडौंः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

लाहुर्निप ।सन्२०१४। आदिवासी मानवअधिकार उल्लंघनका केही घटनाहरू । काठमाडौंः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

लाहुर्निप ।सन् २०१७। नेपालमा आदिवासी अधिकार हननका घटना । काठमाडौंः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

लोहोरूङ, डम्मर, भिम राई, शंकर लिम्बू, दिनेश घले र टहल थामी ।सन् २०१७। व्यापार र मानवअधिकार सम्बन्धी तालीम निर्देशिका (आदिवासी मानवअधिकार प्रतिरक्षकहरूका लागि) । काठमाडौंः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

संयुक्त राष्ट्रसंघ ।२३ मार्च १९७६। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र । नेपाल कानून आयोगको वेबसाइट www.lawcommission.gov.np मा उपलब्ध ।

Claire Charters and Rodolfo Stavenhagen (eds). 2009. Making the Declaration Work: The United Nations Declaration on the Rights of Indigenous Peoples. Copenhagen: International Work Group for Indigenous Affairs (IWGIA).

ILO .27 Jun 1989. Indigenous and Tribal Peoples Convention, 1989 (No. 169). Geneva: International Labour Organisaiton.

UN. 13 September 2007. United Nations Declaration on the Rights of Indigenous Peoples. UN doc. A/RES/61/295.

ILI, CPA and AIPP. October 2011. Leadership Training for Indigenous Peoples. Philippines: Indigenous Learning Institute for Community Empowerment (ILI), Cordillera Peoples Alliance (CPA) and Asia Indigenous Peoples Pact (AIPP).

## Court cases

1. Mabo decision- Australia
2. Yatama v. Nicaragua
3. African Court of Human Rights (Kenya)
4. Indonesia Court Decision- Customary Forest

